विधेयक संख्या :-

# सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार।

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

## उद्देश्य र कारण

नेपालको संविधानको भाग-४ मा राज्यका निर्देशक, सिद्धान्त, नीति तथा दायित्वसम्बन्धी व्यवस्था रहेका छन्। नेपालको संविधानको धारा ५० मा रहेको निर्देशक सिद्धान्त अन्तर्गत नागरिकको जीउ, धन, समानता र स्वन्त्रताको संरक्षण सम्बन्धी व्यवस्था गरिएको छ भने धारा ५१ मा रहेको राज्यका नीतिहरु अन्तर्गतको खण्ड (क) मा राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीतिमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, सर्वाङ्गी मानवीय सुरक्षाको प्रत्याभूत गर्ने, राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने सम्बन्धी नीति हुने गरी व्यवस्था गरिएको छ।

त्यसैगरी नेपालको संविधानको धारा २६८ मा संघमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग रहने, प्रत्येक प्रदेशमा प्रहरी संगठन रहने तथा नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरीवेक्षण र समन्वयसम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने तथा यस सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुने गरी व्यवस्था गरिएको छ। त्यस्तै संविधानको अनुसूची-५ को क्रम संख्या ४ मा सशस्त्र प्रहरी बल सहितका निकाय संघको अधिकारको सूचीमा समावेश गरिएको छ। प्रस्तुत संवैधानिक व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी सुरक्षा सम्बन्धी व्यवस्थालाई थप प्रभावकारी बनाउन प्रस्तुत विधेयक आवश्यक भएको छ।

प्रस्तुत विधेयकमा सशस्त्र प्रहरी बल, नेपालको गठन, प्रशासन र सञ्चालन, सशस्त्र प्रहरी महानिरीक्षकको नियुक्ति, काम, कर्तव्य र अधिकार, सशस्त्र प्रहरी सेवाको पदपूर्ति, सरुवा र काज, बढुवा, तलब, भत्ता तथा अन्य सुविधा, अवकाश, उपदान तथा निवृत्तिभरण, आचरण, विभागीय सजाय तथा पुनरावेदन, कसूर र सजाय, सशस्त्र प्रहरी विशेष अदालत तथा बिदा सहितको व्यवस्था समावेश गरिएको छ। यसबाट सशस्त्र प्रहरीका सम्बन्धमा विश्वका अन्य देशहरुले अपनाएका असल अभ्याससमेत अनुकरण गरी सशस्त्र प्रहरी बलको सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाई मुलुकमा शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम गर्न तथा विपद् व्यवस्थापन, नेपाल राज्यको सीमा सुरक्षा गर्न तथा सीमा अपराध नियन्त्रण लगायतका कार्य गर्नको लागि सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्नु परेको हो।

नेपाल सरकार
गृह मन्त्रालय

रमेश लेखक
मन्त्री
गृह मन्त्रालय

# आर्थिक टिप्पणी

विद्यमान सशस्त्र प्रहरी ऐन, २०५८ मा भएका व्यवस्थालाई नेपालको संविधान अनुकुल थप परिष्कृत गरी सशस्त्र प्रहरी सेवालाई नेपालको संविधान, प्रचलित कानून, विधिको शासन तथा मानव अधिकार प्रति प्रतिवद्ध गराई उत्तरदायी, जवाफदेही, प्रभावकारी तथा व्यावसायिक बनाउँदै मुलुकमा शान्ति, सुरक्षा तथा सुव्यवस्था, विपद् व्यवस्थापन, नेपाल राज्यको सीमा सुरक्षा, सीमा अपराध नियन्त्रण लगायतका काममा परिचालन गर्नका लागि सशस्त्र प्रहरी बल, नेपालको गठन, सञ्चालन तथा सेवाको शर्तसम्बन्धी व्यवस्थालाई समसामयीक बनाउन सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक प्रस्ताव गरिएको छ।

प्रस्तुत विधेयकमा सशस्त्र प्रहरी सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी व्यवस्था गरी सशस्त्र प्रहरी बल, नेपालको गठन, प्रशासन र सञ्चालन अन्तर्गत यसमा रहने समूह, पद, दरबन्दी, सशस्त्र प्रहरीलाई आवश्यक पर्ने पोसाक, हातहतियार, सशस्त्र प्रहरी सेवाको पदपूर्ति, सरुवा र काज, बढुवा, तलब, भत्ता तथा अन्य सुविधा, अवकाश, उपदान तथा निवृत्तिभरण, निवृत्तभरण कोषमा योगदान, आवास सुविधा, स्वास्थ्य वीमा योजना, सवारी सुविधा, नोकरीको गणना सहितका व्यवस्था प्रस्ताव गरिएको छ। यी व्यवस्थाबाट नेपाल सरकारलाई नियमित रुपमा आर्थिक दायित्व पर्न जाने हुन्छ। त्यस्तै योगदानमा आधारित निवृत्तिभरण कोष ऐन लागू भएपछि नियुक्त हुने सशस्त्र प्रहरी कर्मचारीको लागि योगदानमा आधारित निवृत्तभरण प्रणाली बमोजिम निवृत्तभरण कोषबाट निवृत्तभरण प्राप्त हुने गरी प्रस्ताव गरिएकोले यस्तो योगदानमा नेपाल सरकारको तर्फबाट थप हुने रकमको व्यवस्थाबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्न जाने भए तापनि दीर्घकालको हकमा सरकारी आर्थिक दायित्व कम हुन जान्छ।

यसरी मौजुदा व्यवस्था अनुकूल नै हुने गरी सालबसाली विनियोजित बजेटबाट नै सशस्त्र प्रहरीको सञ्चालन तथा व्यवस्थापन भई कार्यसम्पादन हुनेछ। प्रस्तुत विधेयकमा प्रस्ताव गरिएका विषयका सम्बन्धमा सशस्त्र प्रहरीको लागि हाल विनियोजन हुने नियमित बजेटकै परिधिभित्र रही कार्यसम्पादन हुने गरी सशस्त्र प्रहरीको सञ्चालनको लागि विधेयक प्रस्ताव गरिएको छ। योगदानमा आधारित निवृत्तभरण कोष सहितका थप दायित्वका विषयहरुमा सशस्त्र प्रहरी कर्मचारीको नियुक्त संख्याको आधारमा निर्धारण हुँदै जाने भएकोले प्रस्तुत विधेयकबाट नेपाल सरकारलाई आर्थिक दायित्व पर्न जाने भए तापनि त्यस्तो दायित्व सालबसाली विनियोजन हुने बजेटबाट नै निर्धारण हुनेछ।

नेपाल सरकार
गृह मन्त्रालय

रमेश लेखक
मन्त्री
गृह मन्त्रालय

<u>प्रत्यायोजित व्यवस्थापनसम्बन्धी टिप्पणी</u>

सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा रहेका प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहायबमोजिम रहेको छः-

| **क्र. स.** | **दफा** | **प्रत्यायोजित व्यवस्थापनको कारण** | **प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा** | **प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव** |
|---|---|---|---|---|
| १ | २(ज) | "कार्यालय प्रमुख" भन्नाले तोकिए बमोजिमको कार्यालयको प्रमुखको रुपमा काम गर्ने सशस्त्र प्रहरी अधिकृत सम्झनु पर्छ भनी सशस्त्र प्रहरी नियमावलीमा कार्यालय प्रमुखको व्यवस्था गरिने। | कार्यालय प्रमुखका सम्बन्धमा सशस्त्र प्रहरी नियमावलीमा आवश्यक व्यवस्था हुन जाने र सो व्यवस्था गर्दा संगठन संरचनालाई समेत ध्यान दिनु पर्ने। | नियमावलीमा कार्यालय प्रमुखका सम्बन्धमा स्पष्टता आउने। |
| २ | २(ट) | "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ भनी प्रत्यायोजित विधायनको परिभाषा गरिएको। | तोकिए वा तोकिए बमोजिमका विषयमा नेपाल सरकारबाट जारी हुने सशस्त्र प्रहरी नियमावलीमा व्यवस्था हुन जाने। | प्रत्यायोजित विधायनका सम्बन्धमा स्पष्टता आउने। |
| ३ | ५ को उपदफा (३) | सशस्त्र प्रहरी सेवामा रहने श्रेणी र पद अन्तर्गत आधारभूत श्रेणीमा प्रथम, द्वितीय, तृतीय, चतुर्थ र पञ्चम स्तर रहने गरी व्यवस्था गरिएको छ। यी आधारभुत श्रेणीमा रहने सशस्त्र प्रहरी कर्मचारीको स्तरवृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरी सेवाका आधारभूत श्रेणीका प्रथम, द्वितीय, तृतीय, चतुर्थ र पञ्चम स्तरको सशस्त्र प्रहरी कर्मचारीको स्तरवृद्धि सम्बन्धीमा नियमावलीमा व्यवस्था भई सोका आधार निर्धारण हुने। | आधारभूत श्रेणीको स्तरवृद्धि भई सेवा सुविधा कायम हुन जाने। |
| ४ | ६ को उपदफा (२) | सशस्त्र प्रहरीको सङ्गठन संरचना र दरबन्दी सिर्जनामा सशस्त्र प्रहरीको सङ्गठन संरचना र दरबन्दी निर्धारण गर्ने प्रयोजनको लागि सिफारिस गर्न विशेषज्ञसहित रहेको तोकिए बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहने गरी प्रस्तुत उपदफामा व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरीको संगठन संरचना र दरवन्दीकायम गर्ने सम्बन्धमा नियमावलीमा व्यवस्था भए बमोजिमको व्यवस्थापन सर्वेक्षण समिति रहने गरी व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरीको संगठन संरचना तथा दरवन्दी आवश्यकता र औचित्यताका आधारमा कायम हुन जाने। |

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ५ | ६ को उपदफा (३) को खण्ड (ज) | सशस्त्र प्रहरीको संगठन संरचना र दरबन्दी निर्धारण गर्दा लिइने आधारका सम्बन्धमा यस उपदफामा व्यवस्था गरिएको छ। जसमा लिएका आधार सहित अन्य आधार तोकिए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरीको संगठन संरचना र दरबन्दी निर्धारण गर्दा लिनु पर्ने अन्य आधारहरु नियमावलीमा व्यवस्था हुन जाने। | सशस्त्र प्रहरीको संगठन संरचना र दरवन्दीसम्बन्धी व्यवस्था थप प्रभावकारी हुन जाने। |
| ६ | ७ को उपदफा (२) को खण्ड (ञ) र (ट) | सशस्त्र प्रहरी परिचालित हुने क्षेत्र तथा कामसम्बन्धमा यस दफाको उपदफा (२) मा व्यवस्था गरिएको छ। जसको खण्ड (ञ) र (ट) मा प्रचलित कानून बमोजिम तोकिएका कार्य तथा नेपाल सरकारले तोके बमोजिमका अन्य कार्य भन्ने व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरी ऐन र अन्य प्रचलित कानूनमा सशस्त्र प्रहरीले गर्ने गरी व्यवस्था भएका काम सशस्त्र प्रहरीले सम्पादन गर्ने गरी व्यवस्था गरी सशस्त्र प्रहरीको जिम्मेवारी थप गरिएको छ। | सशस्त्र प्रहरीको जिम्मेववारी के कति हुने भन्नेसम्बन्धमा ऐनका अतिरिक्त नियमावली तथा अन्य कानूनमा समेत निर्धारण हुन जाने। |
| ७ | ७ को उपदफा (६) र (७) | सशस्त्र प्रहरी बल नेपाल परिचालन हुदा तोकिएको अधिकारीको रेख देख र नियन्त्रणमा रहनु पर्ने तथा प्रमुख जिल्ला अधिकारी वा तोकिएको अधिकारीले निर्देशन दिँदा त्यसरी खटिएको प्रहरी कर्मचारी मार्फत दिनु पर्ने व्यवस्था यस उपदफामा गरिएको छ। | सशस्त्र प्रहरी बल नेपाल परिचालन हुदा के कसरी निर्देशन दिने भन्ने सम्बन्धमा तोकिएको अधिकारी मार्फत निर्देशन प्राप्त हुनु पर्ने व्यवस्था गरिएको छ। | आदेशको एकात्मकता कायम हुन जाने। |
| ८ | ८ को उपदफा (३) र (४) | अन्तर्राष्ट्रिय सीमा सुरक्षाको प्रयोजनको लागि सशस्त्र प्रहरी प्रधान कार्यालयले तोकिए बमोजिम अन्तर्राष्ट्रिय सीमा नक्सा र अभिलेख तयार गरी राख्नु पर्ने तथा अन्तर्राष्ट्रिय सीमामा सशस्त्र प्रहरी बल नेपालको परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। | अन्तर्राष्ट्रिय सीमा नक्सा र अभिलेख व्यवस्थित हुनुका साथै अन्तर्राष्ट्रिय सीमामा सशस्त्र प्रहरी बल नेपालको परिचालन सम्बन्धमा अन्य व्यवस्था नियमावलीमा निर्धारण हुने। | सशस्त्र प्रहरीको कार्य क्षेत्र तथा जिम्मेवारी थप व्यवस्थित र प्रभावकारी हुन जाने। |

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ९ | ९ को (१) को खण्ड (क) | सशस्त्र प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारमा अन्य कुराका अतिरिक्त खटिएको स्थानमा गई आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्ने सशस्त्र प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार हुने व्यवस्था यस दफामा गरिएको छ। | सशस्त्र प्रहरी कर्मचारी आफू खटिएको स्थानमा गई कार्य गर्नु पर्ने। | सशस्त्र प्रहरी कर्मचारीले आफूलाई खटाइएको स्थानमा गई कार्य सम्पादन गर्ने। |
| १० | ९ को (१) को खण्ड (च) | यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित कानून बमोजिम तोकिएका अन्य काम गर्ने सशस्त्र प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार हुने व्यवस्था यस दफामा गरिएको छ। | यस ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त नियमावलीमा व्यवस्था भए बमोजिमको काम,कर्तव्य र अधिकार समेत सशस्त्र प्रहरी कर्मचारीबाट प्रयोग तथा सम्पादन गर्ने। | सशस्त्र प्रहरी कर्मचारीका थप काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था हुन जाने। |
| ११ | ९ को (५) | यो ऐन बमोजिम खटिएको सशस्त्र प्रहरी कर्मचारीलाई दिइएको जिम्मेवारी पूरा गर्न नदिने गरी कसैले जोरजुलुम गर्ने, हातहतियार उठाई वा नउठाई हमला गर्ने वा कर्तव्य पालना गर्न अवरोध पुऱ्याउने कार्य गरेमा वा त्यस्तो कार्य गर्ने प्रयत्न गरेमा यसरी खटिएको सशस्त्र प्रहरी कर्मचारीले आफ्नो जीउ वा आफूले सुरक्षा दिनुपर्ने व्यक्ति वा स्थानको सुरक्षा गर्न वा बचाउ गर्न वा पक्राउ गर्न तत्काल बल प्रयोग नगरी तोकिएको कर्तव्य पालना गर्न नसकिने अवस्था भएमा आवश्यक बल प्रयोग गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। | तत्काल बल प्रयोग नगरी तोकिएको कर्तव्य पालना गर्न नसकिने अवस्था भएमा आवश्यक बल प्रयोग गर्न सक्ने। | कर्तव्य पालनाको सिलसिलमा बल प्रयोग नगरी नहुने अवस्थामा त्यस्तो बल प्रयोग भई शान्ति सुव्यवस्था कायम हुन जाने। |
| १२ | ९ को उपदफा (८) | सूचना सङ्कलनलाई प्रभावकारी बनाउन तोकिए बमोजिम सादा पोसाकमा समेत सशस्त्र प्रहरी खटाउन सकिने गरी यस उपदफामा व्यवस्था गरिएको छ। | सूचना सङ्कलनको लागि नियमावलीमा सादा पोसाकका सशस्त्र प्रहरी परिचालन हुन सक्ने। | सशस्त्र प्रहरीबाट सूरक्षा सहितका आवश्यक विषयमा सूचना सङ्कलन हुने। |
| १३ | १० को उपदफा | सशस्त्र प्रहरीको प्रशासन सञ्चालन यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, अन्य प्रचलित | सशस्त्र प्रहरीको प्रशासन सञ्चालन सशस्त्र प्रहरी | कार्यको सञ्चालन |

| | | | | |
|---|---|---|---|---|
| | (१) | कानून र नेपाल सरकार वा मान्त्रालयले दिएको निर्देशनको अधीनमा रही सशस्त्र प्रहरी महानिरिक्षक वा निजले तोकेको सशस्त्र प्रहरी अधिकृतबाट हुने व्यवस्था यस दफामा गरिएको छ। | महानिरिक्षक वा निजले तोकेको सशस्त्र प्रहरी अधिकृतबाट हुने व्यवस्था नियमावलीमा भई व्यवस्थित हुन जाने। | प्रशासन नियन्त्रण र सन्तुलन कायम हुन जाने। |
| १३ | ११ को (४) | सशस्त्र प्रहरी कर्मचारीको कार्य विवरणको ढाँचा तोकिए बमोजिम हुने गरी यस उपदफामा व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरी कर्मचारीको कार्यविवरणको ढाँचा नियमावलीमा निर्धाण हुन जाने। | कार्य विवरण ढाँचा किटान हुने। |
| १४ | १३ को उपदफा (२) | सशस्त्र प्रहरी महानिरीक्षकको काम, कर्तव्य र अधिकारमा तोकिए बमोजिमका अन्य काम गर्ने गरी यस उपदफामा व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरी महानिरीक्षकको काम, कर्तव्य र अधिकार यो ऐन र यस अन्तर्गत बनेको नियमावलीमा व्यवस्था भए बमोजिम हुने। | सशस्त्र प्रहरी महानिरीक्षकको अन्य काम नियमावलीमा निर्धारित हुन जाने। |
| १५ | १४ को उपदफा (४) | सशस्त्र प्रहरी नायब महानिरीक्षक पदमा बढुवा गर्दा बढुवा हुने पदलाई शत प्रतिशत मानी सिनियर कमाण्ड तथा लिडरसीप तालिम समुहबाट असी प्रतिशत र तोकिएको दर्जागत तालीम समूहबाट बिस प्रतिशत छुट्याई बढुवा गर्नु पर्ने। | सशस्त्र प्रहरी नायब महानिरीक्षक पदमा बढुवा सिनियर कमाण्ड तथा लिडरसीप तालिम समूहबाट असी र दर्जागत तालिम समूहबाट विस प्रतिशत छुट्याई बढुवा गरिने। | सशस्त्र प्रहरी नायब महानिरीक्षक पदमा बढुवाका आधार स्पष्ट हुने। |
| १६ | १४ को उपदफा (९) | सशस्त्र प्रहरी सेवाको साधारण समूह, लेखा उपसमूहतर्फ सशस्त्र प्रहरी सहायक निरीक्षक र प्राविधिक समूह अन्तर्गतको इन्जिनियरिङ्ग तथा सञ्चार प्रविधि उपसमूहतर्फका प्राविधिक सशस्त्र प्रहरी हवल्दार भन्दा तल्लो पदमा बहाल रहेका सशस्त्र प्रहरी कर्मचारीलाई बढुवाको लागि तोकिएको न्यूनतम योग्यता पूरा भएमा बिशेष दरबन्दी सिर्जना गरी माथिल्लो पदमा बढुवा गरिने। यसरी बढुवा भए पछि बढुवा हुनु अघि कायम रहेको पद स्वतः खारेज भएको मानिने। | सशस्त्र प्रहरी सेवाको साधारण समूह, लेखा उपसमूतर्फ सशस्त्र प्रहरी सहायक निरीक्षक र प्राविधिक समूह अन्तर्गतको इन्जिनियरिङ्ग तथा सञ्चार प्रविधि उपसमूतर्फका प्राविधिक सशस्त्र प्रहरी हवल्दार भन्दा तल्लो पदमा बहाल रहेका सशस्त्र प्रहरी कर्मचारीको बढुवा व्यवस्थापन हुने। | बढुवाको समस्या समयमै समाधान हुने। |
| १७ | १४ को | आन्तरिक प्रतियोगिताको लागि छुट्याइएको | आन्तरीक प्रतियोगिताको | आन्तरीक |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | उपदफा (११) | सशस्त्र प्रहरी सहायक निरीक्षक पदमा आधारभूत तालिम पूरा गरेका र तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा गरेका सशस्त्र प्रहरी परिचर, जवान तथा बिल्लादार सशस्त्र प्रहरी कर्मचारीले प्रतिस्पर्धा गर्न पाउने। | लागि योग्यता नियमावलीमा निर्धारण हुने। | प्रतियोगिताको व्यवस्थापन हुन जाने। |
| १८ | १४ को उपदफा (१२) | सशस्त्र प्रहरी सेवाको पदमा पदपूर्ति गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | सशस्त्र प्रहरी सेवाको पदपूर्ति सम्बन्धमा यस दफा १४ मा भएको व्यवस्थाको अतिरिक्त अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने। | सशस्त्र प्रहरीको पदपूर्ति व्यवस्थित हुन जाने। |
| १९ | १५ को उपदफा (१) को स्पष्टिकरणको प्रकरण नं. (२) | पदपूर्तिसम्बन्धी विशेष व्यवस्था अन्तर्गत खुला तर्फको पदमा पैतालीस प्रतिशत छुट्याई सोलाई शत प्रतिशत मानी पिछडिएको क्षेत्रको लागि पाँच प्रतिशत खण्ड (छ) मा छुट्याइएको। सो खण्ड (छ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले तोकिए बमोजिमका जिल्ला वा स्थानीय तह सम्झनु पर्छ। | पिछडिएको क्षेत्रका जिल्ला वा स्थानीय तहका सम्बन्धमा आवश्यक व्यवस्था हुन जाने। | पिछडिएको क्षेत्रको अस्पष्टता कायम नहुने। |
| २० | १५ को उपदफा (४) | यस दफाको उपदफा उपदफा (१) वा (३) बमोजिम छुट्याईएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारामसँग त्यसरी छुट्याईएको पदमा आफू उम्मेदवार हुन योग्य भएको प्रमाणित हुने तोकिए बमोजिमको कागजात पेश गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। | समावेशी तर्फ उम्मेदवार हुन चाहने व्यक्तिले आफू समावेशी समूहमा परेको भन्ने सम्बन्धमा नियमावलीमा व्यवस्था भए बमोजिमका कागजात खुलाउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। | समावेशी तर्फका उम्मेदवारले खुलाउनु पर्ने कागजातको सम्बन्धमा स्पष्टता आउने। |
| २१ | १६ को उपदफा (२) | सशस्त्र प्रहरी निरीक्षकभन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनोट गरी सिफारिस गर्न लोक सेवा आयोग र मन्त्रालयको प्रतिनिधि समेत रहने गरी बढिमा पाँच सदस्य रहेको छुट्टै पदपूर्ति उपसमिति गठन गरी उम्मेदवार छनोट वा परीक्षा सञ्चालन गर्ने अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरी निरीक्षकभन्दा तल्लो पदको पदपूर्तिको लागि छनोट वा परीक्षा सञ्चालनसम्बन्धी काम शीघ्र तथा व्यवस्थित रुपमा उपसमितिबाट सञ्चालन हुन सक्ने। | पदपूर्ति सम्बन्धी प्रक्रिया थप सहज र प्रभावकारी हुन जाने। |

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २२ | १७ (१) को खण्ड (ज) | पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा दफा १७ को उपदफा (१) मा व्यवस्था भएकोमा बाहेक तोकिए बमोजिमका अन्य कार्य गर्ने गरी व्यवस्था गरिएको छ। | पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार दफा १७ का अतिरिक्त नियमावलीमा व्यवस्था भए बमोजिम गर्ने गरी व्यवस्था गरिएको छ। | पदपूर्ति समितिबाट नियमावलीमा निर्धारित कार्य समेत सम्पादन हुने। |
| २३ | १७ को उपदफा (२) | पदपूर्ति समितिले लोक सेवा आयोग र मन्त्रालयका प्रतिनिधिको उपस्थितीमा तोकिए बमोजिमको शारीरिक तन्दुरुस्ती (बाधापार) लगायतका अन्य आवश्यक परीक्षा लिनु पर्ने गरी परीक्षासम्बन्धी व्यवस्था गरिएको छ। | पदपूर्ति सम्बन्धमा परीक्षा लिदा कुन कुन पदको लागि के कस्तो परीक्षा लिने भन्ने सम्बन्धमा नियमावलीमा व्यवस्था भए बमोजिम गर्ने गरी व्यवस्था गरिएको। | शारिरीक तन्दुरुस्ती सम्बन्धी परीक्षाको व्यवस्था हुन जाने। |
| २४ | १७ को उपदफा (३) | पदपूर्ति समितिले खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई लागू गर्न सक्ने गरी व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरीको सेवामा पदपूर्तिको लागि पदपूर्ति समितिले कार्यविधि बनाई लागू गर्न सक्ने गरी व्यवस्था गरिएकोले कार्यविधि बमोजिम कार्य सम्पादन हुन सक्ने। | पदपूर्ति सम्बन्धी काम कारवाही सहज, व्यवस्थित र प्रभावकारी हुन जाने। |
| २५ | १८ को उपदफा (४) | सशस्त्र प्रहरी सेवाको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा उम्मेदवार हुन आवश्यक पर्ने अन्य योग्यता तोकिए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरी सेवाको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा उम्मेदवार हुनको लागि आवश्यक पर्ने अन्य योग्यता नियमावलीमा निर्धारण हुने। | सशस्त्र प्रहरी सेवाको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदको लागि आवश्यक योग्यता नियमावलीमा व्यवस्था भए बमोजिम हुने। |
| २६ | २१ को खण्ड (क) | अख्तियारवालाले तोकिएको अवधि भित्र नियुक्ति लिन नआएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्ने गरी यस खण्डमा व्यवस्था गरिएको छ। | नियुक्ति लिनु पर्ने अवधि नियमावलीमा व्यवस्था गरिने। | नियुक्ति बदरका सम्बन्धमा नियमावलीमा व्यवस्थित हुने। |
| २७ | २३ | आधारभूत तालिममा उत्तीर्ण भएको सशस्त्र प्रहरी कर्मचारीले राष्ट्रिय झण्डा, नेपालको संविधान र सशस्त्र प्रहरी बल, नेपालको झण्डा छोई तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्ने | आधारभूत तालिममा उत्तीर्ण भएको सशस्त्र प्रहरी कर्मचारीले शपथ ग्रहण गर्ने शपथको ढाँचा | शपथसम्बन्धी व्यवस्था नियामावलीमा व्यवस्था हुन |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | गरी व्यवस्था गरिएको छ। | तथा शपथसम्बन्धी व्यवस्था नियमावलीमा व्यवस्था हुन जाने। | जाने। |
| २८ | २४ को उपदफा (१) | कार्यालय प्रमुखको पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य सञ्चालन गर्न बाधा पर्न गएमा बढुवाको लागि सम्भाव्य उम्मेदवार भएको निकटतम एक तह मुनिको वरिष्ठ सशस्त्र प्रहरी कर्मचारीलाई तोकिएको अधिकारीले कायम मुकायम मुकरर गर्न सक्ने गरी यस दफामा व्यवस्था गरिएको छ। | कायम मुकायम मुकरर गर्ने अधिकारीका सम्बन्धमा नियमावलीमा व्यवस्था भए बमोजिम हुन जाने। | कायम मुकायम मुकरर गर्ने अधिकारीका सम्बन्धमा नियमावलीमा व्यवस्था हुने। |
| २९ | २५ को खण्ड (ज) | नेपाल सरकारले तोकेको अन्य जिम्मेबारीमा रहदासम्म सशस्त्र प्रहरी कर्मचारीको पदाधिकार रहने व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरी कर्मचारीको पदाधिकार नेपाल सरकारले तोकेको पदमा रहदासम्म समेत रहन जाने। | सशस्त्र प्रहरी कर्मचारीको पदाधिकार व्यवस्थित हुने। |
| ३० | २६ को उपदफा (४) | सशस्त्र प्रहरी कर्मचारीको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरी कर्मचारीको सरुवा सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्थित हुने। | सरुवाको व्यवस्था नियमावलीमा हुन जाने। |
| ३१ | २७ को उपदफा (२) | सशस्त्र प्रहरी कर्मचारीलाई आवश्यकता अनुसार काजमा खटाउन सकिने तथा काज खटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरी कर्मचारीलाई काजमा खटाउने सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्थित हुने। | सशस्त्र प्रहरी कर्मचारीको काज व्यवस्थित हुने। |
| ३२ | २८ को उपदफा (६) | सशस्त्र प्रहरी अधिकृतलाई कमाण्डको जिम्मेवारी दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | सशस्त्र प्रहरी अधिकृतलाई कमाण्डको जिम्मेवारी दिने सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने। | कमाण्डको जिम्मेवारी व्यवस्थित हुने। |
| ३३ | ३१ को उपदफा (३) | खुला प्रतियोगिताद्वारा नियुक्ति भएको सशस्त्र प्रहरी कर्मचारीले अनिवार्य आधारभूत तालिम र बढुवाद्वारा पूर्ति हुने पदमा तोकिए बमोजिमको अनिवार्य तालिम पूरा नगरेमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैन भन्ने व्यवस्था यस दफामा गरिएको छ। | सशस्त्र प्रहरी कर्मचारीले अनिवार्य आधारभूत तालिम र बढुवाद्वारा पूर्ति हुने पदमा नियमावलीमा व्यवस्था भए बमोजिमको अनिवार्य तालिम पूरा नगरेमा बढुवा हुन नपाउने। | तालिमको आधारमा बढुवा हुने जाने। |
| ३४ | ३३ को उपदफा | सशस्त्र प्रहरी कर्मचारीको कार्यसम्पादन | सशस्त्र प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन | कार्यसम्पादन मूल्याङ्कन |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | (२) | मूल्याङ्कनको लागि तोकिए बमोजिमका सुपरिवेक्षक र पुनरावलोकनकर्ता समेतबाट आर्थिक वर्षको हिसाबले वार्षिक रुपमा गरिने। | गर्ने सुपरिवेक्षक र पुनरावलोकनकर्ता नियमावलीमा व्यवस्थित हुने। | सम्बन्धित सुपरीवेक्षक तथा पुनरावलोककर्ता बाट हुने। |
| ३५ | ३३ को उपदफा (२) को खण्ड (ङ) | सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार, सशस्त्र प्रहरी सहायक हवल्दार र सशस्त्र प्रहरी जवान पदको लागि तोकिए बमोजिमको पुनरावलोकन समिति। | सशस्त्र वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार, सशस्त्र प्रहरी सहायक हवल्दार र सशस्त्र प्रहरी जवान पदको लागि नियमावलीमा पुनरावलोकन समिति रहने। | पुनरावलोकन समितिको व्यवस्था हुन जाने। |
| ३६ | ३३ को उपदफा (६) | सशस्त्र प्रहरी कर्मचारीले कार्यसम्पादन मूल्याङ्कन फाराम भरी बुझाउने र मूल्याङ्कनकर्ताले मूल्याङ्कन गर्ने अवधि, कार्यसम्पादन मूल्याङ्कन गरी अङ्क दिने आधार तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | सशस्त्र प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्थित हुने। | सशस्त्र प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी नियमावलीमा व्यवस्था हुने। |
| ३७ | ३५ को उपदफा (३) | साधारण लेखपढ गर्न जान्ने मात्र शैक्षिक योग्यता तोकिएको पदमा नियुक्त भएका सशस्त्र प्रहरी कर्मचारीको शैक्षिक योग्यताको मूल्याङ्कन गर्दा एस.एल.सी वा एस.ई.ई भन्दा मुनिको योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानी सो बापत अङ्क दिइनेछ। | साधारण लेखपढ गर्न जान्ने मात्र शैक्षिक योग्यता हुने सशस्त्र प्रहरीको पद नियमावलीमा व्यवस्था हुने। | नियमावलीमा साधारण लेखपढ गर्न जान्ने पदको निर्धारण हुन जाने। |
| ३८ | ३५ को उपदफा (५) | सशस्त्र प्रहरी सेवाका प्राविधिक समूहतर्फका सशस्त्र प्रहरी कर्मचारीको शैक्षिक योग्यताको अङ्क विभाजन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | सशस्त्र प्रहरी सेवाका प्राविधिक समूहतर्फका सशस्त्र प्रहरी कर्मचारीको अङ्क विभाजन नियमावलीमा निर्धारण हुने। | प्राविधिक तर्फका सशस्त्र प्रहरीको अङ्क व्यवस्थित हुन जाने। |
| ३९ | ३६ को उपदफा (२) र (३) | बढुवाको लागि अङ्क प्रदान गर्ने प्रयोजनको लागि तालिमको श्रेणी विभाजन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। त्यस्तै सशस्त्र प्रहरी कर्मचारीले तोकिए बमोजिमका दर्जागत अनिवार्य र सेवाकालिन तालिम लिनु | बढुवाको अङ्क प्रदान गर्ने श्रेणी विभाजन तथा सशस्त्र प्रहरी कर्मचारीले गर्नुपर्ने दर्जागत अनिवार्य तथा सेवाकालिन तालिम सम्बन्धी अन्य व्यवस्था | सशस्त्र प्रहरी को तालिमको श्रेणी विभाजन तथा सेवाकालिन तालिम |

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | पर्ने। | नियमावलीमा व्यवस्था हुने। | नियमावलीमा व्यवस्थित हुने। |
| ४० | ३७ को उपदफा (५) | चुनौतीपूर्ण वा विशेष जिम्मेवारीको मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | चुनौतीपूर्ण वा विशेष जिम्मेवारीको मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्थित हुने। | चुनौतिपूर्ण तथा जिम्मेवारीको मूल्याङ्कनमा स्पष्टता आउने। |
| ४१ | ४० को उपदफा (४) | सशस्त्र प्रहरी कर्मचारीका बढुवाका आधारहरुको मूल्याङ्कन गर्दा कुनै कारण वा आधार खुलाउनु पर्नेमा सो नखुलाएकोमा त्यस्तो कारण वा आधार खुलाउन अवधि तोकी लेखी पठाउन सक्ने। | सशस्त्र प्रहरी कर्मचारीको बढुवाका सम्बन्धमा उजुरीसुन्ने समितिले आधार र कारण खुलाउन लेखी पठाउने। | बढुवा सम्बन्धी उजुरीको सम्बन्धमा विधिगत निर्णय हुन जाने। |
| ४२ | ४३ को उपदफा (५) | उत्कृष्ट कार्य गर्ने राजपत्र अनङ्कित श्रेणीका सशस्त्र प्रहरी कर्मचारीलाई सशस्त्र प्रहरी महानिरीक्षकले राजपत्र अनङ्कित श्रेणीसम्मको एक तह माथिको रिक्त पदमा बढुवा गर्दा रिक्त पद मध्ये प्रतिशत निर्धारण भई बढुवा तर्फ निर्धारित भएको पद मध्ये तोकिएको सङ्ख्यामा मात्र बढुवा गर्न सक्ने। | उत्कृष्ट कार्य गर्ने राजपत्र अनङ्कित श्रेणीका सशस्त्र प्रहरी कर्मचारीलाई सशस्त्र प्रहरी महानिरीक्षकले राजपत्र अनङ्कित श्रेणीसम्मको एक तह माथिको रिक्त पदमा बढुवा गर्न सक्ने संख्या नियमावलीमा निर्धारण हुने। | उत्कृष्ट कार्य गर्ने राजपत्र अनंङ्कित श्रेणीका सशस्त्र प्रहरी कर्मचारीको बढुवाको संख्या कायम हुन जाने। |
| ४३ | ४३ को उपदफा (८) | विशेष बढुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | सशस्त्र प्रहरी तर्फ कार्यरत सशस्त्र प्रहरी कर्मचारीको विशेष बढुवा सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था हुन जाने। | विशेष बढुवाको व्यवस्था हुने। |
| ४४ | ४५ को उपदफा (२) | काठमाडौं उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीको हकमा राष्ट्रिय किताबखानाबाट र अन्य जिल्लामा रहेका कार्यालयमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीको हकमा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन। | काठमाडौ उपत्यका बाहेकका अन्य जिल्लामा कार्यरत सशस्त्र प्रहरी कर्मचारीको हकमा नियमावलीमा निर्धारित भए बमोजिमका कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएपछि तलब भुक्तान हुने। | सशस्त्र प्रहरी कर्मचारीको संख्या तथा दरवन्दी बमोजिम तलव भुक्तानमा सहज हुने। |

| | | | | |
|---|---|---|---|---|
| ४५ | ४५ को उपदफा (४) | सशस्त्र प्रहरी कर्मचारीले सशस्त्र प्रहरी सेवामा रही काम गरे वापत पाउने तलव भत्ता नेपाल सरकारले तोके बमोजिम हुने। | सशस्त्र प्रहरी कर्मचारीको तलब भत्ता नेपाल सरकारबाट तोकिए बमोजिम हुने। | तलब भत्ता नेपाल सरकारबाट निर्धारण हुने। |
| ४६ | ४५ को उपदफा (५) | प्रत्येक सशस्त्र प्रहरी कर्मचारीले एक वर्षको सेवा पूरा गरेपछि तोकिए बमोजिमको तलबवृद्धि (ग्रेड) पाउने। | प्रत्येक सशस्त्र प्रहरी कर्मचारीले एक वर्षको सेवा पूरा गरेपछि नियमावलीमा व्यवस्था भएबमोजिमको तलबवृद्धि (ग्रेड) पाउने। | तलबवृद्धि सम्बन्धी व्यवस्था स्पष्ट हुन जाने। |
| ४७ | ४७ को उपदफा (४) | नेपाल सरकारले सशस्त्र प्रहरी कर्मचारीलाई तोकिए बमोजिम दुर्घटना बीमाको व्यवस्था गर्ने। | सशस्त्र प्रहरी कर्मचारीलाई नेपाल सरकारबाट उपलब्ध हुने दुर्घटना बीमा नियमावलीमा व्यवस्था हुने। | सशस्त्र प्रहरी कर्मचारीको दुर्घटना बीमा व्यवस्थित हुने। |
| ४८ | ४७ को उपदफा (५) | यो ऐन प्रारम्भ भए पछि सशस्त्र प्रहरी कर्मचारीका बढीमा दुई सन्ततिलाई स्नातक तहसम्म अध्ययन गर्न आवश्यक पर्ने खर्चको निमित्त तोकिए बमोजिम शैक्षिक बीमा योजना लागू गर्न सकिने। | सशस्त्र प्रहरी कर्मचारीका बढीमा दुई सन्ततिलाई स्नातक तहसम्म अध्ययन गर्न आवश्यक पर्ने खर्चको निमित्त शैक्षिक बीमा योजना सम्बन्धमा नियमावलीमा व्यवस्था हुन जाने। | शैक्षिक बीमा योजना नियमावलीमा व्यवस्था हुने। |
| ४९ | ४७ को उपदफा (६) | यस दफा बमोजिमको सावधिक जीवन बीमा तथा बीमा कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | सावधिक जीवन बीमा तथा बीमा कोष सम्बन्धी व्यवस्था नियमावलीमा हुने। | सावधिक जीवन बीमा तथा बीमा कोषको व्यवस्था हुने। |
| ५० | ४८ को उपदफा (२) | कुनै सशस्त्र प्रहरी कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भएमा उपदफा (१) बमोजिम पाउने रकममा नबढ्ने गरी तोकिए बमोजिम भएको खर्चको रकम दिइने। | कुनै सशस्त्र प्रहरी कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भएमा नियमावलीमा व्यवस्था गरी निर्धारित अवधिमा नबढ्ने गरी उपचार खर्च उपलब्ध हुने। | सशस्त्र प्रहरी कर्मचारी तथा निजको परिवारको उपचार खर्चमा स्पष्टता आउने। |
| ५१ | ४८ को उपदफा | दुर्गम क्षेत्रमा रहेका  सशस्त्र प्रहरी कर्मचारी बिरामी भई स्थानीय स्वास्थ्य संस्थाबाट उपचार | दुर्गम क्षेत्रमा रहेका सशस्त्र प्रहरी कर्मचारी | दुर्गम क्षेत्रमा कार्यरत सशस्त्र |


नेपाल सरकार गृह मन्त्रालय
गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | (६) | हुन नसकी ज्यान समेत जोखिम हुने अवस्था परेको भनी जिल्लास्थित अस्पताल वा स्वास्थ्य संस्थाले सिफारिस गरेकोमा सोको आधारमा तोकिए बमोजिम सशस्त्र प्रहरी महानिरीक्षकको स्वीकृति लिई उपचारको सुविधा भएको ठाउँमा लैजाँदा र त्यहाँबाट फर्काउँदा लाग्ने खर्च पाउनेछ। | बिरामी भई स्थानीय स्वास्थ्य संस्थाबाट उपचार हुन नसकी जोखिम हुने अवस्थामा सोको आधारमा नियमावलीमा व्यवस्था भए बमोजिम सशस्त्र प्रहरी महानिरीक्षकको सिफारिसमा उपचारको लागि लैजाँदा र ल्याउदाको बाटा खर्च उपलब्ध गराउने व्यवस्था हुने। | प्रहरी कर्मचारीको उपचारको क्रममा सहज हुन जाने। |
| ५२ | ५१ को उपदफा (२) | सशस्त्र प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवावाट अवकाश लिन चाहेमा त्यस्तो राजीनामा स्वीकृत गर्ने अधिकार तोकिएको अधिकारीलाई हुने गरी व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरी कर्मचारीले राजीनामा पेश गरेमा त्यस्तो राजीनामा स्वीकृत गर्ने अधिकारी नियमावलीमा निर्धारण हुने। | राजीनामा स्वीकृत गर्ने अधिकारी तोकिने। |
| ५३ | ५४ को उपदफा (१०) | सशस्त्र प्रहरी कर्मचारीको निवृत्तिभरणसम्बन्धी व्यवस्थामा दफा ५४ को उपदफा (१) देखी उपदफा (९) सम्ममा भएका बाहेक निवृत्तिभरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | निवृत्तिभरण सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने। | निवृत्तिभरणको व्यवस्था व्यवस्थित हुन जाने। |
| ५४ | ५५ को उपदफा (३) | सशस्त्र प्रहरी कर्मचारी सेवामा छँदै वा निवृत्तिभरण पाउन थाले सात वर्ष नपुग्दै मृत्यु भएको सशस्त्र प्रहरी कर्मचारीको पति वा पत्नी नभएमा वा निजले अर्को विवाह गरेमा वा निजको मृत्यु भएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीको छोराछोरीले अठार वर्ष उमेर पूरा नभएसम्म निवृत्तिभरणको रकम तोकिए बमोजिम दामासाहीले पाउने। | सशस्त्र प्रहरी कर्मचारी सेवामा छँदै वा निवृत्तिभरण पाउन थाले सात वर्ष नपुग्दै मृत्यु भएको सशस्त्र प्रहरी कर्मचारीको पति वा पत्नी नभएको अवस्थामा निजका सन्तानले अठार वर्ष नपुगेसम्म नियमावलीमा व्यवस्था भए बमोजिम दामासाहिले निवृत्तिभरण पाउने। | सन्तानले निवृत्तिभरण पाउने सम्बन्धमा व्यवस्था हुने। |
| ५५ | ५५ को उपदफा (९) | सशस्त्र प्रहरी कर्मचारीको पारिवारिक निवृत्तिभरण र उपदान सम्बन्धी अन्य व्यवस्था | पारिवारिक निवृत्तिभरण र उपदान सम्बन्धी अन्य | पारिवारिक निवृत्तिभरण र उपदान |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | तोकिए बमोजिम हुने। | व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने। | सम्बन्धी अन्य व्यवस्था प्रभावकारी हुने। |
| ५६ | ५७ को उपदफा (४) | सशस्त्र प्रहरी कर्मचारीले पाउने अशक्त वृत्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | चोट पटक वा अङ्गभङ्ग भई शाररीक वा मानसिक रुपमा प्रहरी सेवामा बहाल रहन असक्त भएको सशस्त्र प्रहरी कर्मचारीले पाउने असक्त वृत्ति सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने। | असक्त भएको सशस्त्र प्रहरी कर्मचारीले पाउने असक्त वृत्ति सम्बन्धी अन्य व्यवस्था निर्धारण हुने। |
| ५७ | ७० को उपदफा (१) | सशस्त्र प्रहरीको प्रवक्ताको रुपमा जिम्मेवारी तोकिएको प्रहरी अधिकृतले सशस्त्र प्रहरी महानिरीक्षकको अनुमति लिई कार्यालयको गतिविधि सम्बन्धी जानकारी वा सूचना प्रवाह गर्न बाधा पर्ने छैन। | प्रवक्ताको जिम्मेवारी तोकिएको सशस्त्र प्रहरी कर्मचारीले प्रहरी महानिरीक्षकको अनुमतिमा सूचना प्रवाह गर्नु पर्ने। | सूचना प्रवाह व्यवस्थित हुने। |
| ५८ | ८५ | सशस्त्र प्रहरी कर्मचारीले तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्ने। | सशस्त्र प्रहरी कर्मचारीले यस ऐनका अतिरिक्त नियमावलीमा व्यवस्था भए बमोजिमका अन्य आचरण पालना गर्नु पर्ने। | सशस्त्र प्रहरी कर्मचारीका आचरणसम्बन्धी अन्य विषय व्यवस्थित हुने। |
| ५९ | ८६ को उपदफा (२) | सशस्त्र प्रहरी मर्यादापालक इकाइ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | सशस्त्र प्रहरी बल नेपालको मर्यादापालक सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्थित हुने। | मर्यादापालक सम्बन्धी व्यवस्था व्यवस्थित हुने। |
| ६० | ९१ को उपदफा (१) को खण्ड (ङ) | नेपाल सरकारबाट मनोनयन भई वा निजी प्रयासमा तालिम, अध्ययन वा अन्य प्रयोजनका लागि विदेशमा गएकोमा कार्य सम्पन्न गरी तिस दिनभित्र हाजिर हुन नआएमा वा अध्ययन पूरा गरी तोकिएको अवधिसम्म सेवा नगरेमा, त्यस्तो प्रहरी कर्मचारीलाई सेवाबाट हटाउन सकिने। | तालिम, अध्ययन वा अन्य प्रयोजनका लागि विदेशमा गएकोमा कार्य सम्पन्न गरी तिस दिनभित्र हाजिर हुन नआएमा वा अध्ययन पूरा गरी नियमावलीमा निर्धारिण भए बमोजिमको अवधिसम्म सेवा नगरेमा सेवाबाट हटाउने वा | सशस्त्र प्रहरीको सेवाबाट हटाउने वा वर्खास्त हुने व्यवस्था स्पष्ट हुने। |

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | | वर्खास्त हुने। | |
| ६१ | ९२ | विभागीय सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुने। | सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय सजायको आदेश दिने सम्बन्धमा नियमावलीमा व्यवस्था हुन जाने। | विभागीय सजायको आदेश सम्बन्धी व्यवस्था हुने। |
| ६२ | ९४ को उपदफा (५) | निलम्बन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | सशस्त्र प्रहरी कर्मचारीको निलम्बनसम्बन्धी व्यवस्था नियमावलीमा व्यवस्था हुने। | निलम्बनको व्यवस्था नियमावलीमा हुन जाने। |
| ६३ | १०० को उपदफा (२) | विभागीय सजाय गर्ने सन्दर्भमा भएको सजायको निर्णयसम्बन्धी जानकारी यथाशीघ्र सम्बन्धित सशस्त्र प्रहरी कर्मचारी र तोकिएको निकायलाई दिनु पर्ने। | विभागीय सजायको निर्णयको जानकारी नियमावलीमा निर्धारण भएका निकायलाई दिनु पर्ने। | विभागीय सजायको निर्णयको जानकारी प्रदान हुने। |
| ६४ | १०१ को उपदफा (१) | विभागीय सजायको आदेश उपर चित्त नबुझ्ने सशस्त्र प्रहरी कर्मचारीले तोकिएको अधिकारी समक्ष पुनरावेदन दिन सक्ने। | विभागीय सजायको आदेश प्राप्त गरेको सशस्त्र प्रहरी कर्मचारीले नियमावलीमा व्यवस्था भए बमोजिमको अधिकारी समक्ष पुनरावेदन गर्न सक्ने। | पुनरावेदन गर्ने अधिकारीको व्यवस्था हुने। |
| ६५ | १०१ को उपदफा (५) | विभागीय सजाय पाएको सशस्त्र प्रहरी कर्मचारीले पुनरावेदन दिने भएकमा त्यस्तो पुनरावेदन दर्ता गर्ने कार्यविधि तोकिए बमोजिम हुने। | विभागीय सजाय पाएको सशस्त्र प्रहरी कर्मचारीले पुनरावेदन दिने भएमा सोको दर्ताको कार्यविधि नियमावलीमा व्यवस्थित हुने। | पुनरावेदन दर्ताको कार्यविधि निर्धारण हुने। |
| ६६ | १०२ को खण्ड (ख) | भागी पत्ता नलागेको वा अरु कुनै कारणले तोकिए बमोजिमको अवधिसम्म सम्पर्क स्थापित गर्न असम्भव भएमा सशस्त्र प्रहरी कर्मचारीको सेवाको अन्त्य हुने। | सशस्त्र प्रहरी कर्मचारी भागी पत्ता नलागेको वा अरु कुनै कारणले नियमावलीमा व्यवस्था भए बमोजिमको अवधिसम्म सम्पर्क गर्न असम्भव भएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीको सेवाको अन्त्य हुने जाने। | सेवा अन्त्य हुने अवधि नियमावलीमा व्यवस्था भए बमोजिम हुने। |
| ६७ | १०७ को | सशस्त्र प्रहरी कर्मचारीले दफा १०६ | सशस्त्र प्रहरी कर्मचारीले गरेको कसूरका | आन्तरीक अनुशासन |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | उपदफा (१) | बमोजिमको अनुसन्धानबाट दफा १०४ अन्तर्गतको कुनै कसूर गरेको देखिएमा सशस्त्र प्रहरी महानिरीक्षकले सो विषयमा अनुसन्धानको लागि कम्तीमा सशस्त्र प्रहरी निरीक्षक दर्जाको अधिकृतलाई तोक्न वा अनुसन्धान समिति गठन गर्न सक्ने। | सम्बन्धमा अनुसन्धान अधिकृत वा अनुसन्धान समिति सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा हुने गरी सशस्त्र प्रहरी महानिरीक्षकबाट तोकिने। | कायम हुन जाने। |
| ६८ | ११२ को उपदफा (२) | सशस्त्र प्रहरी विशेष अदालतबाट सशस्त्र प्रहरी महानिरीक्षक उपर कारवाही गर्नु पर्ने भएको अवस्थामा सशस्त्र प्रहरी विशेष अदालतमा नेपाल सरकारले तोकेको अन्य कुनै पदाधिकारी वा कर्मचारी सो खण्ड बमोजिम सदस्य रहने गरी व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरी महानिरीक्षक उपर प्रहरी विशेष अदालतबाट कारवाही हुनु पर्ने अवस्थामा सशस्त्र प्रहरी विशेष अदालतको सदस्य नेपाल सरकारले तोक्ने गरी व्यवस्था हुने। | स्वार्थको द्वन्द नहुने। |
| ६९ | ११६ | सशस्त्र प्रहरी विशेष अदालतका अध्यक्ष तथा सदस्यको सुविधा नेपाल सरकारले तोके बमोजिम हुने गरी व्यवस्था गरिएको छ। | सशस्त्र प्रहरी विशेष अदालतका अध्यक्ष तथा सदस्यको सुविधा नेपाल सरकारले तोके बमोजिमको हुने। | सेवा सुविधा उपलब्ध भई कार्य सञ्चालन हुन जाने। |
| ७० | ११२ को उपदफा (४) | नेपाल सरकारले सशस्त्र प्रहरी विशेष अदालतमा रहेको मुद्दाको चापको आधारमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी काठमाडौं उपत्यका बाहिर समेत सोही सूचनामा तोकिए बमोजिमको सशस्त्र प्रहरी विशेष अदालत गठन हुने व्यवस्था गर्न सक्ने। | सशस्त्र प्रहरी विशेष अदालतको गठनका सम्बन्धमा मुद्दाको चापको आधारमा काठमाडौ उपत्यका बाहिर समेत गर्नु पर्ने भएको अवस्थामा नेपाल सराकारले गठन गर्न सक्ने। | मुद्दाको चापको आधारमा सशस्त्र प्रहरी विशेष अदालत गठन हुने। |
| ७१ | ११८ को उपदफा (३) | सशस्त्र प्रहरी कर्मचारीको बिदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | सशस्त्र प्रहरी कर्मचारीको विदा सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था हुन जाने। | बिदासम्बन्धी व्यवस्था थप प्रभावकारी हुन जाने। |
| ७२ | १२० को उपदफा (१) | सशस्त्र प्रहरी कर्मचारीले यो ऐन वा प्रचलित कानून बमोजिम आफूलाई तोकिएको कर्तव्य पालन गर्दाको अवस्थामा भए गरिएका कामको सम्बन्धमा भए गरेका काम उपर मुद्दा चल्न सक्ने छैन। | कर्तव्य पालनाका क्रममा भए गरिएका काम उपर मुद्दा चल्न नसक्ने गरी बचाउँ गरिएको छ। | कार्य सम्पादनमा सहज हुन गई प्रभावकारिता आउने। |
| ७३ | १२० को | सशस्त्र प्रहरी कर्मचारीले कर्तव्य पालनाको सिलसिलामा भए गरेका काम कारवाहीको | नेपाल सरकारको स्वीकृतिमा मात्र कर्तव्य | कर्तव्य पालनाको |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | उपदफा (३) र (४) | विषयमा मुद्दा चलाउनु पर्ने भएमा नेपाल सरकारको स्वीकृति आवश्यक पर्ने र सोको प्रतिरक्षा नेपाल सरकारले गर्ने। | पालनाका सम्बन्धमा भए गरिएका काम कारवाहीका विषयमा मुद्दा चल्न सक्ने र सोको प्रतिरक्षा नेपाल सरकारबाट हुने। | विषयको बचाउँ गरिएको छ। |
| ७४ | १२१ को उपदफा (१) र (२) | सशस्त्र प्रहरी कर्मचारीले तोकिए बमोजिमका पोशाक र दर्ज्यानी चिन्ह लगाई कार्यसम्पादन गर्नु पर्ने। प्रधान कार्यालय र अन्य सशस्त्र प्रहरी बलको कार्यालयले प्रयोग गर्ने झण्डा तथा अन्य साङ्गठनिक चिन्ह तोकिए बमोजिम हुने। | सशस्त्र प्रहरी कर्मचारीको पोशाक र दर्ज्यानी चिन्ह तथा तथा अन्य साङ्गठनिक चिन्ह नियमावलीमा निर्धारण हुन जाने। | सशस्त्र प्रहरी कर्मचारीको पहिचान हुने। |
| ७५ | १२२ को उपदफा (१), (२) र (३) | सशस्त्र प्रहरी कर्मचारीलाई आधारभूत, सेवाकालीन तथा नेतृत्व विकाससम्बन्धी तालिम सशस्त्र प्रहरी प्रधान कार्यालयले तोक्ने। सशस्त्र प्रहरी कर्मचारीलाई दिइने तालीम सशस्त्र प्रहरी प्रधान कार्यालयले तोके बमोजिम हुने। | सशस्त्र प्रहरी कर्मचारीको तालीमसम्बन्धी विषयमा सशस्त्र प्रहरी प्रधान कार्यालयबाट निर्धारण हुने। | सशस्त्र प्रहरी संगठनको माथिल्लो कार्यालयबाट तालिम र यस सम्बन्धी मापदण्ड निर्धारण हुने। |
| ७६ | १२३ को उपदफा (३) | एपिएफ कमाण्ड तथा स्टाफ कलेजको सञ्चालन र तालिम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | सशस्त्र प्रहरी स्टाफ कलेजबाट नियमावलीमा व्यवस्था भए बमोजिम सेवासँग सम्बन्धित अन्य कोर्ष समेत सञ्चालन हुने। | अधिकृतस्तरका सशस्त्र प्रहरी कर्मचारीको नेतृत्व विकास हुन जाने। |
| ७७ | १२५ को उपदफा (२) | सशस्त्र प्रहरी कर्मचारी तथा निजका परिवार, सेवा निवृत्त सशस्त्र प्रहरी कर्मचारी र निजको परिवार तथा अमर सशस्त्र प्रहरीका परिवारको कल्याणको रहने सशस्त्र प्रहरी बल कल्याणकारी कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने। | सशस्त्र प्रहरी बल कल्याणकारी कोषको सञ्चालन सम्बन्धी व्यवस्था नियमावलीमा व्यवस्था हुने। | सशस्त्र प्रहरी बल कल्याणकारी कोषको सञ्चालन प्रभावकारी हुने। |
| ७८ | १२८ को उपदफा (१) | राजपत्राङ्कित प्रथम श्रेणी र सो भन्दा माथिको सशस्त्र प्रहरी कर्मचारीलाई तोकिए बमोजिम सवारी साधन सुविधा उपलब्ध गराइने। | राजपत्राङ्कित प्रथम श्रेणी र सो भन्दा माथिको सशस्त्र प्रहरी कर्मचारीलाई नियमावलीमा व्यवस्था बमोजिम सवारी साधन सुविधा उपलब्ध हुने। | सवारी साधनको प्रयोगमा एक रुपता कायम हुन जाने। |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ७९ | १२९ को उपदफा (१) | सशस्त्र प्रहरी कर्मचारीले यो ऐन वा प्रचलित कानून बमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक आफूलाई परेको पीरमर्का र गुनासो तोकिएको अधिकारी वा निकाय समक्ष तोकिए बमोजिम राख्न सक्ने। | सशस्त्र प्रहरी कर्मचारीलाई परेको पिरमर्काका सम्बन्धमा नियमावलीमा व्यवस्था भए बमोजिमको अधिकारी समक्ष नियमावलीमा व्यवस्था भए बमोजिम राख्न सक्ने गरी व्यवस्था हुन जाने। | गुनासो राख्ने र सोको प्रक्रियाका सम्बन्धमा व्यवस्था हुने। |
| ८० | १२९ को उपदफा (३) | सशस्त्र प्रहरी कर्मचारीको पीरमर्का र गुनासो सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | सशस्त्र प्रहरी कर्मचारीको पीरमर्का र गुनासो सुनुवाई सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था हुन जाने। | गुनासोको सुनुवाईसम्बन्धी व्यवस्था हुने। |
| ८१ | १३० को उपदफा (१) र (२) | खेलको माध्यमबाट अन्तर्राष्ट्रियस्तरमा राष्ट्रको मान प्रतिष्ठा र गौरव बढाउन विशेष योगदान पुर्‍याएका सशस्त्र प्रहरी कर्मचारी खेलाडीको लागि तोकिए बमोजिम विशेष दरबन्दी सिर्जना गरी एक तह माथी बढुवा गर्न सकिने र यसका आधार तोकिए बमोजिम हुने। | खेलाडी सशस्त्र प्रहरी कर्मचारीको बढुवाको लागि विशेष दरबन्दी सिर्जना गर्ने आधार सम्बन्धी अन्य व्यवस्था नियमावलीमा हुने। | सशस्त्र प्रहरी खेलाडी कर्मचारीको बढुवा सम्बन्धी व्यवस्था हुने। |
| ८२ | १३१ को उपदफा (२) | सशस्त्र प्रहरी कर्मचारीको अभिलेख व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | सशस्त्र प्रहरी कर्मचारीको अभिलेख व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने। | सशस्त्र प्रहरी कर्मचारीको अभिलेख व्यवस्थापन हुने। |
| ८३ | १३२ को उपदफा (२) | सशस्त्र प्रहरी प्रधान कार्यालयले विषय विज्ञको सेवा लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | विषय विज्ञको सेवा लिने सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने। | विषय विज्ञको सेवाको व्यवस्था हुन जाने। |
| ८४ | १३३ को उपदफा (३) | अवकास प्राप्त सशस्त्र प्रहरी बलका कर्मचारीलाई काममा लगाउन सकिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | अवकासप्राप्त सशस्त्र प्रहरी कर्मचारीलाई काममा लगाई निजहरुको ज्ञान, सीप र अनुभवको सहदुपयोग गर्न सकिने र सोको व्यवस्था नियमावलीमा हुने। | अवकास प्राप्त सशस्त्र प्रहरी कर्मचारीको अनुभवको सदुपयोग हुने। |

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ८५ | १३४ को उपदफा (१) | प्रयोग नहुने सामानको व्यवस्थापनको लागि तोकिए बमोजिमको समितिको सिफारिसमा सशस्त्र प्रहरी महानिरीक्षकले आदेश दिन सक्ने। | प्रयोग नहुने सामानको व्यवस्थापनको लागि नियमावलीमा व्यवस्था भए बमोजिमको समितिको सिफारिसमा सशस्त्र प्रहरी महानिरीक्षकले आदेश दिन सक्ने। | लिलाम सहितका विषयमा आवश्यक व्यवस्था हुने। |
| ८६ | १३४ को उपदफा (३) | प्रयोग नहुने सामानको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | प्रयोग नहुने सामानको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने। | प्रयोग नहुने सामानको व्यवस्थापन हुने। |
| ८७ | १३५ को उपदफा (३) | सशस्त्र प्रहरीलाई अन्तर्राष्ट्रिय शान्ति स्थापना र क्षेत्रीय प्रहरी सङ्गठनमा सशस्त्र प्रहरी बल, नेपालको सहभागिता गर्ने कार्यमा सहभागी गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | सशस्त्र प्रहरीलाई अन्तराष्ट्रिय शान्ति स्थापना तथा क्षेत्रीय प्रहरी सङ्गठनमा सहभागिता गर्ने कार्यमा सहभागी गराउने सम्बन्धी अन्य व्यवस्था नियामवलीमा व्यवस्था गरिने। | सशस्त्र प्रहरीको अन्तर्राष्ट्रिय शान्ति स्थापना गराउने कार्यको व्यवस्था हुने। |
| ८८ | १३७ | सशस्त्र प्रहरी बल परिचालन भएको अवस्थामा शान्ति सुव्यवस्था, सीमा अपराध तथा अन्य सम्वेदनशील क्षेत्रमा आवश्यक सूचना सङ्कलनको लागि तोकिए बमोजिम सादा पोशाकमा सूत्र परिचालन गर्न सक्नेछ। | सशस्त्र प्रहरी बलबाट आवश्यक सूचनाको लागि सूत्र परिचालन हुने। | आन्तरीक सुरक्षा व्यवस्थित हुन जाने। |
| ८९ | १४२ | यो ऐन कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने। | प्रत्यायोजित विधायनको परिधिभित्र रही नेपाल सरकारले नियमावली जारी गर्ने। | नियमावली जारी भई ऐनको सफल कार्यान्वयन हुने। |
| ९० | १४३ | यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही गृह मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्ने। | प्रत्यायोजित विधायनको परिधिभित्र रही गृह मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउने गरी व्यवस्था गरिएको छ। | कार्यविधि, निर्देशिका वा मापदण्ड जारी भई कार्यान्वयन हुने। |

## सशस्त्र प्रहरी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | यस ऐनको नाम "सशस्त्र प्रहरी बल, नेपाल ऐन, २०८१" रहेको र यो ऐन तुरुन्त प्रारम्भ हुने गरी व्यवस्था गरिएको छ। |
| २ | परिभाषा | प्रस्तुत ऐनमा पटक पटक दोहोरिएका अख्तियारवाला, अन्तर्राष्ट्रिय सीमा, अन्य प्रहरी, अमर सशस्त्र प्रहरी, कमाण्ड, कमाण्ड तथा स्टाफ कोर्ष, कार्यालय प्रमुख, जवान, तोकिएको वा तोकिए बमोजिम, पदपूर्ति समिति, परिवार, प्रधान कार्यालय, बढुवा समिति, बिल्लादार, मन्त्रालय, राष्ट्रिय किताबखाना, सशस्त्र प्रहरी कर्मचारी, सशस्त्र प्रहरी परिचर, सशस्त्र प्रहरी विशेष अदालत, सशस्त्र प्रहरी सेवा, सीमा अपराध, स्थायी आवासीय अनुमति जस्ता शब्दहरुको परिभाषा गरिएको छ। यसबाट प्रस्तुत ऐनको कार्यान्वयनमा सहजीकरण हुनेछ। |
| ३ | सशस्त्र प्रहरी बल, नेपालको गठन | नेपालमा एक सशस्त्र प्रहरी बल, नेपाल सङ्गठन रहने, सशस्त्र प्रहरीको सङ्गठन सञ्चालन गर्न सशस्त्र प्रहरी सेवा रहने, सशस्त्र प्रहरीको सङ्गठन समावेशी र राष्ट्रिय स्वरुपको हुने तथा सशस्त्र प्रहरीलाई आवश्यक पर्ने हातहतियार तथा खरखजाना नेपाल सरकारले उपलब्ध गराउने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरीको सङ्गठन संरचना तथा यसको लागि आवश्यक हतियार नेपाल सरकारले उपलब्ध गराउने गरी व्यवस्था गरिएको छ। सशस्त्र प्रहरी सङ्गठन समावेशी र राष्ट्रिय स्वरुपको हुने गरी व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरीको सङ्गठनका सम्बन्धमा स्पष्टता आउने छ। |
| ४ | सशस्त्र प्रहरी सेवामा रहने समूह | सशस्त्र प्रहरी सेवामा विशिष्टिकृत कार्य प्रकृतिको आधारमा सशस्त्र प्रहरी साधारण समूह र सशस्त्र प्रहरी प्राविधिक समूह रहने गरी व्यवस्था गरिएको छ। यी दुई समूहमा साधारण, कानून, लेखा, स्वास्थ्य तथा इन्जिनियरिङ्ग तथा सञ्चार प्रविधि उपसमूहहरु रहने गरी यस दफामा व्यवस्था गरिएको छ। |
| ५ | श्रेणी र पद | सशस्त्र प्रहरी सेवामा रहने श्रेणी र पदमा राजपत्राङ्कित श्रेणीमा विशिष्ट श्रेणी, सशस्त्र प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, प्रथम श्रेणीमा सशस्त्र प्रहरी नायब महानिरीक्षक तथा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, द्वितीय श्रेणीमा सशस्त्र प्रहरी उपरीक्षक तथा सशस्त्र प्रहरी नायब उपरीक्षक, तृतीय श्रेणीमा सशस्त्र प्रहरी निरीक्षक रहने। त्यस्तै राजपत्र अनङ्कित श्रेणी अन्तर्गत प्रथम श्रेणीमा सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक तथा सशस्त्र प्रहरी नायब निरीक्षक, द्वितीय श्रेणीमा सशस्त्र प्रहरी सहायक निरीक्षक तथा तृतीय श्रेणीमा सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार र सशस्त्र प्रहरी सहायक हवल्दार रहने छन् भने चतुर्थ श्रेणीमा सशस्त्र प्रहरी जवानको पद रहनेछ। त्यस्तै आधारभुत श्रेणीमा |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| | | परिचर वा सो सरह रहने र यी आधारभूत श्रेणीमा प्रथम, द्वितीय, तृतीय, चतुर्थ र पञ्चमस्तर रहने गरी व्यवस्था गरिएको छ। आधारभूतका यी स्तरमा रहनेको स्तरवृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने गरी यस दफामा व्यवस्था गरिएको छ। |
| ६ | सङ्गठन संरचना र दरबन्दी सिर्जना | सशस्त्र प्रहरीको सङ्गठन संरचना र सशस्त्र प्रहरी कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुने, सङ्गठन संरचना र दरबन्दी निर्धारण गर्ने प्रयोजनको लागि सिफारिस गर्न विशेषज्ञसहित रहेको तोकिए बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहने, सङ्गठन संरचना र दरबन्दी निर्धारण गर्दा सशस्त्र प्रहरीको जिम्मेवारी, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, सेवा प्रवाहको प्रभावकारिता, उपलब्ध मानवस्रोत, लागत प्रभावको विश्लेषण तथा नवीन प्रविधिको प्रयोगको अवस्था, भौगोलिक अवस्था, प्रहरी तथा जनसङ्ख्याको अनुपात, सहरीकरण, विकास र औद्योगिकीकरण, सीमा सुरक्षाको संवेदनशीलता, कुनै खास प्रकृतिको सेवा सुरक्षा प्रदान गर्नु पर्ने अवस्था, नेपाल सरकारले समय समयमा तोके बमोजिमको जिम्मेवारी तथा तोकिए बमोजिमका अन्य आधार हुने गरी सशस्त्र प्रहरीको संगठन संरचना सहितका विषयहरुमा एकरुपता कायम गर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ७ | परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण | नेपाल सरकारले सशस्त्र प्रहरीको सञ्चालन गर्ने, सशस्त्र प्रहरीको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण गृह मन्त्रालयले गर्ने, अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा, औद्योगिक क्षेत्र तथा सोको करिडोरको सुरक्षा, रेल्वे सुरक्षा, भन्सार सुरक्षा र राजस्व चुहावट नियन्त्रणमा सहयोग, लागु औषध नियन्त्रणमा सहयोग, विपद् खोज, उद्धार र व्यवस्थापन, नेपाल सरकारले तोके बमोजिमका व्यक्ति, प्रतिष्ठान, सार्वजनिक महत्त्वका भवन, संरचना, राजमार्ग, राष्ट्रिय गौरवका आयोजना र अन्य स्थलको सुरक्षा, अपहरित वा बन्धक व्यक्तिको उद्दार, हुल तथा दङ्गा नियन्त्रण र व्यवस्थापन तथा प्रचलित कानून बमोजिम तोकिएका कार्यमा मन्त्रालयले परिचालन गर्नेछ।<br><br>नेपाल सरकार, मन्त्रिपरिषद्ले सशस्त्र विद्रोह, सशस्त्र सङ्घर्ष वा पृथकतावादी गतिविधि नियन्त्रण, आतङ्ककारी गतिविधि नियन्त्रण, निर्वाचनको सुरक्षा, नेपाली सेना समेत परिचालन भएकोमा सो अवधिभर सम्बन्धित ठाउँमा कार्यरत सशस्त्र प्रहरी कर्मचारी नेपाली सेनाको प्रत्यक्ष निर्देशनमा रही कार्य गर्न, बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको प्रत्यक्ष निर्देशनमा रही परिचालन हुन आवस्यक व्यवस्था गरिएको छ।<br><br>सशस्त्र प्रहरी बल, नेपाललाई यस दफा बमोजिम परिचालन गर्दा अन्य सुरक्षा निकायको काम, कर्तव्य र अधिकारसँग दोहोरो नपर्ने गरी गर्नु पर्ने, परिचालन भएको अवस्थामा सशस्त्र प्रहरी कर्मचारी तोकिएको अधिकारीको रेखदेख, नियन्त्रण र निर्देशनमा रहने , परिचालन भएको सशस्त्र प्रहरी कर्मचारीलाई प्रमुख जिल्ला अधिकारी वा तोकिएको अधिकारीले निर्देशन दिँदा त्यसरी खटिएको सशस्त्र प्रहरी |

| | | |
|---|---|---|
| | | कार्यालयको प्रमुख मार्फत दिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरीको परिचालन, नियन्त्रण, निर्देशन र सुपरीवेक्षण प्रभावकारी हुन जानेछ। |
| ८ | अन्तर्राष्ट्रिय सीमा सुरक्षा तथा सीमा अपराध नियन्त्रण गर्न परिचालन गर्न सकिने। | नेपाल सरकारले अन्तर्राष्ट्रिय सीमा स्तम्भको सुरक्षा, संरक्षण र मर्मत गर्न तथा सीमा क्षेत्रमा हुने सीमा अपराध नियन्त्रण गर्न सशस्त्र प्रहरी बल, नेपाललाई अन्तर्राष्ट्रिय सीमा सुरक्षामा परिचालन गर्न सक्ने, अन्तर्राष्ट्रिय सीमा सुरक्षामा परिचालन हुँदा अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा रहेका सीमा स्तम्भको संरक्षण तथा रेखदेख गर्ने, सीमा स्तम्भ तोडफोड गर्ने, भत्काउने तथा गायब गर्ने कार्यमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिई आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउने, सीमा स्तम्भको मर्मत सम्भार गर्नुपर्ने देखिएमा सम्बन्धित निकायसँग समन्वय गरी मर्मत सम्भार गर्ने, समकक्षी विदेशी सुरक्षा निकायसँग आवश्यक सूचना आदान प्रदान तथा समकक्षी बैठक (फ्ल्याग मिटिङ्ग) आयोजना गर्ने, दसगजा क्षेत्र अतिक्रमण गरी निर्माण भएका भौतिक संरचना हटाउने तथा अतिक्रमण हुनबाट जोगाउने कार्यमा समन्वय र सहकार्य गर्ने, अन्तर्राष्ट्रिय सीमा सम्बन्धी गोप्य प्रतिवेदन तथा दस्तावेजको सुरक्षा गर्ने, सीमा अपराधमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा पठाउने, अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा बरामद हुन आएका चोरी पैठारीका सामान वा प्रचलित कानूनद्वारा प्रतिबन्धित चिजवस्तु वा स्रोत नखुलेको अवैध रकम नियन्त्रणमा लिई प्रचलित कानून बमोजिमको कारबाहीको लागि सम्बन्धित निकायमा पठाउने, सीमा अपराध तथा अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने सङ्गठित अपराध नियन्त्रणमा सहयोग गर्ने, अध्यागमन सम्बन्धी प्रचलित कानून विपरीत बिना प्रवेशाज्ञा विदेशी नागरिक नेपालको सीमाभित्र प्रवेश गरेमा नियन्त्रणमा लिई सम्बन्धित अध्यागमन कार्यालयमा बुझाउने, अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा गैरकानूनी गतिविधिमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिने, खानतलासी गर्ने र प्रारम्भिक जाँचबुझ गरी प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा पठाउने, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पति, पशुपन्छी तथा चौपाया, प्राकृतिक स्रोत तथा नदीजन्य निर्माण सामग्री, गैरकाष्ठ वन पैदावारको अवैध ओसारपसारको नियन्त्रणमा सहयोग गर्ने, मानव बेचबिखन र अवैध ओसारपसारजन्य कार्यलाई निगरानी गर्ने तथा त्यस्तो कार्यको नियन्त्रणमा सहयोग गर्ने j्यवस्था गरिएको छ।<br><br>त्यस्तै अन्तर्राष्ट्रिय सीमा सुरक्षाको प्रयोजनको लागि प्रधान कार्यालयले तोकिए बमोजिम अन्तर्राष्ट्रिय सीमा नक्सा र अभिलेख तयार गरी सुरक्षित राख्नु पर्ने तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सशस्त्र प्रहरी बल, नेपाललाई परिचालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ९ | सशस्त्र प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः | सशस्त्र प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारमा खटिएको स्थानमा गई आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्ने, आचरण तथा अनुशासनमा रहने तथा कमाण्डरले दिएको आदेश तदारुकताका साथ कार्यान्वयन गर्ने, आफू वा आफ्नो टोलीलाई सुम्पिएको कामप्रति सचेत र सतर्क रहने, अधिकार प्राप्त अधिकारीले कानून बमोजिम दिएको आदेश तदारुकतासाथ पालना गर्ने,सुरक्षा प्रतिकूल |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| | | क्रियाकलाप, शान्ति सुरक्षमा खलल पुऱ्याउने गतविधि, खराब चरित्र भएका वा शङ्कित वा फौजदारी अपराधमा अदालतबाट सजाय पाएका व्यक्ति, त्यस्ता व्यक्तिका गतिविधि र भेला हुने ठाउँबारेमा जानकारी पाएमा तत्काल आफ्नो कमाण्डरलाई प्रतिवेदन गर्ने तथा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्य गर्ने व्यवस्था गरिएको छ।<br><br>त्यस्तै कुनै घटनासँग सम्बन्धित सबुद प्रमाण लोप हुने वा नष्ट हुने सम्भावना भएमा प्रारम्भिक अनुसन्धान कार्यमा सहयोग पुग्ने गरी सशस्त्र प्रहरी कर्मचारीले घटनास्थलको सुरक्षा गर्नु पर्ने, परिचालन भएको अवस्थामा सशस्त्र प्रहरी कर्मचारीले कुनै कसूरमा संलग्न रहेको वा प्रचलित कानून बमोजिम पक्राउ गर्नुपर्ने व्यक्ति वा शान्ति सुरक्षामा असर पार्न सक्ने व्यक्तिलाई नियन्त्रणमा लिन सक्ने, सशस्त्र प्रहरी अधिकृतले आफू खटिएको क्षेत्रको कुनै स्थान, भवन वा सवारी साधनमा प्रचलित कानून बमोजिम निषेधित वस्तु वा अपराधमा संलग्न व्यक्ति रहे बसेको छ भन्ने शङ्का गर्नु पर्ने पर्याप्त र मनासिब आधार भएमा प्रचलित कानून बमोजिम त्यस्तो स्थान, भवन वा सवारी साधनको खानतलासी गर्न र फेला परेको दसी प्रमाण बरामद गर्न वा नियन्त्रणमा लिन सक्नेछ। यसरी खानतलासी र दसी प्रमाण बरामद वा नियन्त्रण गरिएकोमा सोको प्रतिवेदन तथा बरामद भएको वा नियन्त्रणमा लिइएको दसी प्रमाण यथाशीघ्र अन्य प्रहरी वा अनुसन्धान गर्ने निकायमा बुझाउनु पर्ने तथा यस ऐन बमोजिम खटिएको सशस्त्र प्रहरी कर्मचारीलाई दिइएको जिम्मेवारी पूरा गर्न नदिने गरी कसैले जोरजुलुम गर्ने, हातहतियार उठाई वा नउठाई हमला गर्ने वा कर्तव्य पालना गर्न अवरोध पुऱ्याउने कार्य गरेमा वा त्यस्तो कार्य गर्ने प्रयत्न गरेमा यसरी खटिएको सशस्त्र प्रहरी कर्मचारीले आफ्नो जीउ वा आफूले सुरक्षा दिनुपर्ने व्यक्ति वा स्थानको सुरक्षा गर्न वा बचाउ गर्न वा पक्राउ गर्न तत्काल बल प्रयोग नगरी तोकिएको कर्तव्य पालना गर्न नसकिने अवस्था भएमा आवश्यक बल प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ।<br><br>राष्ट्रिय सुरक्षामा असर पुऱ्याउने, आतङ्ककारी गतिविधि, जघन्य तथा गम्भीर कसूर, अन्तर्राष्ट्रिय सीमा सुरक्षा तथा विशिष्ट व्यक्ति लगायत महत्त्वपूर्ण संरचनामा खतरा पुऱ्याउन सक्ने गतिविधिलाई नियन्त्रण गर्न सशस्त्र प्रहरी कर्मचारीले सूचना सङ्कलन गर्न सक्ने, सूचना सङ्कलन कार्यलाई प्रभावकारी बनाउन तोकिए बमोजिम सादा पोसाकमा समेत सशस्त्र प्रहरी कर्मचारी खटाउन सकिने व्यवस्था यस दफामा गरिएको छ। |
| १० | सशस्त्र प्रहरी बल, नेपालको प्रशासन र सञ्चालन | सशस्त्र प्रहरी सङ्गठनको प्रशासन र सञ्चालन यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, अन्य प्रचलित कानून र नेपाल सरकार वा मन्त्रालयले दिएको निर्देशनको अधीनमा रही सशस्त्र प्रहरी महानिरीक्षक वा निजले तोकेको सशस्त्र प्रहरी अधिकृतबाट हुने, ऐन तथा प्रचलित कानूनको अधीनमा रही माथिल्लो सशस्त्र प्रहरी कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन सक्ने तथा यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक सशस्त्र प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी कर्मचारीको कर्तव्य हुने व्यवस्था यस दफामा गरिएको छ। |

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

| | | |
|---|---|---|
| | | यसबाट सशस्त्र प्रहरी सङ्गठनको प्रशासन तथा सञ्चालनका सम्बन्धमा आवश्यक व्यवस्था हुन जानेछ। |
| ११ | कार्य विवरण लागू गर्नुपर्ने | प्रत्येक सशस्त्र प्रहरी कर्मचारीलाई पद बहाली गर्दाका बखत निजले सम्पादन गर्नुपर्ने मुख्य-मुख्य काम, उत्तरदायित्व तथा कार्यक्षेत्र खुलेको कार्य विवरण दिनु प्रत्येक कार्यालय प्रमुखको दायित्व हुने, कार्य विवरणमा उल्लेख गरिएका मुख्य-मुख्य कामलाई मापन गर्न सकिने सूचक बनाई प्रत्येक सशस्त्र प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन प्रणालीमा आवद्ध गर्नु पर्ने, सशस्त्र प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा दिइएको कार्य विवरणको आधारमा गरिएको कार्य मापनबाट निस्केको परिमाणलाई समेत आधार मान्नु पर्ने तथा सशस्त्र प्रहरी कर्मचारीको कार्य विवरणको ढाँचा नियमावलीमा निर्धारण हुने गरी कार्य विवरणसँग कार्यसम्पादनलाई जोड्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १२ | सशस्त्र प्रहरी महानिरीक्षकको नियुक्ति | नेपाल सरकारले सशस्त्र प्रहरी साधारण समूह, साधारण उपसमूहका सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू मध्येबाट र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नभएको अवस्थामा सशस्त्र प्रहरी साधारण समूह साधारण उपसमूहका सशस्त्र प्रहरी नायब महानिरीक्षकहरू मध्येबाट सामान्यतया बहालवाला सशस्त्र प्रहरी महानिरीक्षक अवकाश हुनु अगावै कार्यकुशलता, कार्यक्षमता, ज्येष्ठता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिका प्रहरी कर्मचारीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा एक जनालाई सशस्त्र प्रहरी महानिरीक्षक पदमा नियुक्ति गर्ने व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरीको प्रहरी तर्फको सर्वोच्च पदमा योग्य र सक्षम व्यक्ति नियुक्त भई सशस्त्र प्रहरीको कार्यसम्पादन कुसलतापूर्वक हुन जानेछ। |
| १३ | सशस्त्र प्रहरी महानिरीक्षकको काम, कर्तव्य र अधिकार | सशस्त्र प्रहरी महानिरीक्षक सशस्त्र प्रहरीको प्रमुख पदाधिकारी हुने र निजको काम, कर्तव्य र अधिकारमा प्रचलित कानून र नेपाल सरकारले दिएको निर्देशनको अधीनमा रही जिम्मेवारी बहन गर्ने तथा सोको लागि अन्य सशस्त्र प्रहरी कर्मचारीलाई जिम्मेवारी तोक्ने, यो ऐन, प्रचलित कानून तथा नेपाल सरकारको नीति निर्देशनको अधीनमा रही यस ऐन र नियमावलीको अधिनमा रही आवश्यक कार्य गर्नु पर्ने तथा सशस्त्र प्रहरी महानिरीक्षक यो ऐन तथा प्रचलित कानून बमोजिम आफूले सम्पादन गर्ने काम, कर्तव्यको सम्बन्धमा गृह मन्त्रालयप्रति उत्तरदायी हुने गरी व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरी महानिरीक्षकको काम, कर्तव्य र अधिकारमा स्पष्टता आई जवाफदेहिता वृद्धि हुनेछ। |
| १४ | पदपूर्ति | सशस्त्र प्रहरी सेवाको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा पदपूर्ति समितिको सिफारिसको आधारमा नियुक्ति गरिने, सशस्त्र प्रहरी सेवाको पदमा खुला प्रतियोगिताद्वारा तथा बढुवाद्वारा पूर्ति गरिने व्यवस्था गरिएको छ। सशस्त्र प्रहरी साधारण समूहतर्फ तथा सशस्त्र प्रहरी प्राविधिक समूहतर्फको पदपूर्ति सम्बन्धमा केही फरक व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीको नियुक्ति |

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

| | | |
|---|---|---|
| | | सहितका विषयमा स्पष्टता हुन जानेछ। |
| १५ | पदपूर्ति सम्बन्धी विशेष व्यवस्था | सशस्त्र प्रहरी सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिला बिस प्रतिशत, आदिवासी जनजातिसत्ताइस प्रतिशत, मधेसी चौबिस प्रतिशत, दलित पन्ध्र प्रतिशत, थारु पाँच प्रतिशत, मुस्लिम चार प्रतिशत, पिछडिएको क्षेत्र पाँच प्रतिशत हुने गरी यी क्षेत्रका उम्मेदवारका बीचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरीमा सबै वर्ग, लिङ्ग र भूगोलको प्रतिनिधित्व हुन जानुका साथै यसमा मुलुकको मुहार चित्रित हुन जानेछ।<br><br>त्यस्तै खुला प्रतियोगिताद्वारा पूर्ति गरिने रिक्त पद मध्ये दुई प्रतिशत पदमा अमर सशस्त्र प्रहरी वा चुनौतीपूर्ण जिम्मेवारी निर्वाहको क्रममा अशक्त भएको सशस्त्र प्रहरी कर्मचारीको परिवारको सदस्य तथा अन्तर्राष्ट्रिय सीमा जोडिएको क्षेत्रमा बसोवास गर्ने नेपाली नागरिकमध्येबाट यस ऐन बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरूबीच मात्र प्रतिस्पर्धा गराई पूर्ति गरिनुका साथै समावेशी तथा आरक्षणको प्रावधानलाई नेपाल सरकारले प्रत्येक दस वर्षमा पुनरावलोकन गर्ने तथा एक पटक आरक्षणको सुविधा लिएको व्यक्तिले अन्य पटक यो सुविधा प्राप्त गर्न नसक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १६ | पदपूर्ति समितिको गठन | सशस्त्र प्रहरी सेवाको पदमा खुला प्रतियोगताद्वारा छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक आयोगको सदस्य- अध्यक्ष, सचिव, गृह मन्त्रालय- सदस्य, सशस्त्र प्रहरी महानिरीक्षक- सदस्य, प्रतिनिधि (विशिष्ट श्रेणी) नेपाली शेना तथा सशस्त्र प्रहरी महानिरीक्षकले तोकेको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक- सदस्य-सचिव रहने गरी पदपूर्ति समितिको व्यवस्था गरिएको छ।<br><br>त्यस्तै सशस्त्र प्रहरी निरीक्षकभन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनोट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न पदपूर्ति समितिले लोकसेवा आयोग र मन्त्रालयको प्रतिनिधि समेत रहने गरी बढीमा पाँच सदस्य रहेको छुट्टै पदपूर्ति उपसमिति गठन गरी उम्मेदवार छनोट वा परीक्षा सञ्चालन गर्न आवश्यक अधिकार प्रत्यायोजन गर्न सक्ने तथा पदपूर्ति समिति वा पदपूर्ति उपसमितिले उम्मेदवार छनोटको लागि आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने गरी सशस्त्र प्रहरी सेवाको पदपूर्तिलाई सरल, वस्तुनिष्ट तथा पारदर्शि बनाउन आवश्यक व्यवस्था गरिएको छ। |
| १७ | पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार | पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारमा पदपूर्तिको लागि प्रतिशत निर्धारण गरी स्वीकृतिका लागि लोक सेवा आयोगमा पठाउने, खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गरी स्वीकृतिका लागि लोक सेवा आयोगमा पठाउने, पदपूर्ति कार्यतालिका बनाउने, परीक्षाको किसिम तोक्ने, पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने, लिखित परीक्षा बाहेकका अन्य परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने, नियुक्तिको लागि सिफारिस गर्ने तथा तोकिए बमोजिमका अन्य कार्य गर्ने |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| | | व्यवस्था गरिएको छ।<br>त्यस्तै पदपूर्ति समितिले लोक सेवा आयोग र मन्त्रालयका प्रतिनिधिको उपस्थितीमा तोकिए बमोजिमको शारीरिक तन्दुरुस्ती (बाधापार) लगायतका अन्य आवश्यक परीक्षा लिनु पर्ने तथा पदपूर्ति समितिले खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरीको पदपूर्ति स्वच्छ, निष्पक्ष तथा पारदर्षि रुपमा हुन जानेछ। |
| १८ | उमेर र योग्यता | सशस्त्र प्रहरी सेवाको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा सशस्त्र प्रहरी निरीक्षक पदमा एक्काईस वर्ष पूरा भई सत्ताइस वर्ष ननाघेको, सशस्त्र प्रहरी नायव निरीक्षक (कानून र लेखातर्फ) को पदमा अठार वर्ष पूरा भई पच्चिस वर्ष ननाघेको, सशस्त्र प्रहरी जवान पदमा अठार वर्ष पूरा भई बाइस वर्ष ननाघेको, सशस्त्र परिचर पदमा पदमा अठार वर्ष पूरा भई पच्चिस वर्ष ननाघेको नेपाली नागरिकले प्रतिस्पर्धा गर्न पाउने छन् भने प्राविधिक सशस्त्र प्रहरी समूहको हकमा प्राविधिक सशस्त्र प्रहरी नायब उपरीक्षक पदमा तेइस वर्ष पूरा भई पैंतिस वर्ष ननाघेको, प्राविधिक सशस्त्र प्रहरी निरीक्षक पदमा एक्काईस वर्ष पूरा भई बत्तीस वर्ष ननाघेको, प्राविधिक सशस्त्र प्रहरी नायब निरीक्षक पदमा अठार वर्ष पूरा भई तिस वर्ष ननाघेको, प्राविधिक सशस्त्र प्रहरी हवल्दार पदमा अठार वर्ष पूरा भई चौबिस वर्ष ननाघेको नेपाली नागरिकले प्रतिस्पर्धा गर्न पाउने गरी व्यवस्था गरिएको छ।<br>त्यस्तै खुला प्रतियोगिताद्वारा पूर्ति गरिने सशस्त्र प्रहरी सेवाको पदको लागि लिइने परीक्षामा अन्य योग्यता नियमावलीमा तोकिए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरीको सेवा प्रवेशमा एक रुपकता कायम हुन जानेछ भने कार्यरत सशस्त्र प्रहरी कर्मचारीको हकमा केही उमेरको हदमा सहजीकरण भई योग्यता र क्षमता भएकालाई माथिल्लो पदमा प्रवेशको लागि मार्ग प्रशस्त हुनेछ। |
| १९ | नियुक्ति | सशस्त्र प्रहरी सेवाको रिक्त पदमा नियुक्ति गर्ने अधिकारमा सशस्त्र प्रहरी महानिरीक्षक र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकलाई नेपाल सरकारले, सशस्त्र प्रहरी नायब महानिरीक्षक र सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकलाई नेपाल सरकारको गृह मन्त्रीले, सशस्त्र प्रहरी उपरीक्षक र सशस्त्र प्रहरी नायब उपरीक्षकलाई गृह मन्त्रालयको सचिवले, सशस्त्र प्रहरी निरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक र सशस्त्र प्रहरी नायब निरीक्षकलाई सशस्त्र प्रहरी महानिरीक्षकले, सशस्त्र प्रहरी सहायक निरीक्षकलाई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वा सशस्त्र प्रहरी नायब महानिरीक्षकले, सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार, सशस्त्र प्रहरी सहायक हवल्दार र सशस्त्र प्रहरी जवानलाई सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक वा सशस्त्र प्रहरी उपरीक्षकले, सशस्त्र प्रहरी परिचरलाई सशस्त्र प्रहरी नायब उपरीक्षकले नियुक्ति दिने गरी आवश्यक व्यवस्था गरिएको छ। यसबाट कुन पदमा कस्ले नियुक्ति दिने भन्ने स्पष्ट व्यवस्थामा भई नियुक्ति सहज हुन जानेछ। |
| २० | परीक्षणकाल | खुला प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा नियुक्ति पाएको सशस्त्र प्रहरी कर्मचारीलाई |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| | | नियुक्ति पाएको मितिदेखि एक वर्षको अवधिसम्म परीक्षणकालमा राखिने गरी व्यवस्था गरिएको छ। यसबाट यस अवधिमा सशस्त्र प्रहरी कर्मचारीबाट के कस्तो कार्य सम्पादन हुन्छ सोको जनकारी लिन सहज हुन जानेछ। |
| २१ | नियुक्ति बदर गर्न सक्ने | तोकिएको अवधि भित्र नियुक्ति लिन नआएमा, नियुक्ति लिई तोकिएको समयमा तालिममा सहभागी हुन नआएमा वा तालिम छोडी भागेमा, परीक्षणकालमा जिम्मेवारी वहन गर्न असक्षम देखिएमा वा नोकरी छाडी भागेमा वा आचरण सन्तोषजनक नभएमा, सशस्त्र प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिंदा समेत त्यस्तो तालिममा पुनः असफल भएमा वा यस ऐन अन्तर्गतको योग्यता नभएको वा नरहेको प्रमाणित भएको अवस्थामा अख्तियारवालाले सशस्त्र प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट के कस्तो अवस्थामा नियुक्ति बदर गर्न सकिने हो भन्ने सम्बन्धमा स्पष्टता हुन जानेछ। |
| २२ | नियुक्ति सदर भएको मानिने | परीक्षणकालमा काम सन्तोषजनक रहेको सशस्त्र प्रहरी कर्मचारीको नियुक्ति स्वतः सदर भएको मानिने तथा यसरी नियुक्ति सदर भएका सशस्त्र प्रहरी कर्मचारीको सेवा अवधि सुरु नियुक्ति भएको मिति देखि नै कायम हुने गरी नियुक्ति तथा सेवा अवधिका सम्बन्धमा यस दफामा व्यवस्था गरिएको छ। |
| २३ | शपथ ग्रहण गर्नु पर्ने | आधारभूत तालिममा उत्तीर्ण भएको सशस्त्र प्रहरी कर्मचारीले राष्ट्रिय झण्डा, नेपालको संविधान र सशस्त्र प्रहरी झण्डा छोई तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सेवा प्रवेश पूर्व नियमावलीमा तोकिएको ढाँचामा शपथ हुन जानेछ। |
| २४ | कायम मुकायम मुकरर र निमित्त | कार्यालय प्रमुखको पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य सञ्चालन गर्न बाधा पर्न गएमा बढुवाको लागि सम्भाव्य उम्मेदवार भएको निकटतम एक तह मुनिको वरिष्ठ सशस्त्र प्रहरी कर्मचारीलाई तोकिएको अधिकारीले कायम मुकायम मुकरर गर्न सक्ने, कायम मुकायम मुकरर भएको सशस्त्र प्रहरी कर्मचारीले कायम मुकायम मुकरर भएको पदको दर्ज्यानी चिन्ह र सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने, कुनै एक पदमा एकै अवधिमा एक भन्दा बढी सशस्त्र प्रहरी कर्मचारी कायम मुकायम मुकरर हुन नसक्ने, कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएको र कायम मुकायम मुकरर नगरिएको अवस्थामा सोही कार्यालयको सबैभन्दा वरिष्ठ सशस्त्र प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्ने, यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने सशस्त्र प्रहरी कर्मचारीको हुने, कायम मुकायम मुकरर वा निमित्त भई काम गर्ने सशस्त्र प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन सुविधा पाउने तर तर पन्ध्र दिन भन्दा कम अवधि निमित्त भई काम गरे बापत त्यस्तो तलब भत्ता र रासन सुविधा नपाउने, कायम मुकायम मुकरर वा निमित्त भई काम गर्ने सशस्त्र प्रहरी कर्मचारीले पाउने तलब भत्ताको अङ्क निजले माथिल्लो पदमा बढुवा हुँदा पाउने तलब भत्ता भन्दा बढी नहुने, कुनै सशस्त्र प्रहरी कार्मचारीलाई कायम मुकायम |

| | | |
|---|---|---|
| | | मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा वापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट असुल उपर गरिने व्यवस्था यस दफामा गरिएको छ। यसबाट कायम मुकायम तथा निमित्तका सम्बन्धमा स्पष्टता कायम हुन गई कार्य सञ्चालनमा नियन्त्रण र सन्तुलन प्रभावकारी रुपमा हुन जानेछ। |
| २५ | पदाधिकार कायम रहने | आफ्नो पदमा कामकाज गरी रहँदासम्म, सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म, बिदामा रहेको अवधिभर, निलम्बनमा रहेको अवधिभर, माथिल्लो पदमा कायम मुकायम भई काम गरेका बखतसम्म, काजमा खटिएको अवधिभर, तालिम वा संयुक्त राष्ट्रसंघीय मिशनमा खटिएको अवधिभर, नेपाल सरकारले तोकेको अन्य जिम्मेवारीमा रहँदासम्म सशस्त्र प्रहरी कर्मचारीको आफ्नो पदमाथिको पदाधिकार कायम रहने व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीको कार्यसञ्चालनमा द्बुविधा रहने छैन। |
| २६ | सरुवा | यस ऐनको अधीनमा रही आवश्यकता अनुसार सशस्त्र प्रहरी कर्मचारीको सरूवा गरिने, त्यसरी सरुवा गर्दा भौगोलिक अवस्था, कार्यबोझ तथा कार्य विविधता समेतको आधारमा सम्भव भएसम्म सशस्त्र प्रहरी कर्मचारीलाई समान अवसर प्राप्त हुने गरी गरिने, सशस्त्र प्रहरी कर्मचारीको सरुवालाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन सशस्त्र प्रहरीको प्रधान कार्यालयले सरुवाको समय तालिका सहितको मापदण्ड र स्वचालित प्रणाली निर्माण गर्न सक्नेछ तथा त्यस्तो मापदण्ड र प्रणाली गृह मन्त्रालयले स्वीकृत गरे पछि लागू हुने तथा सशस्त्र प्रहरी कर्मचारीहरूको सरुवा सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। |
| २७ | काज | सशस्त्र प्रहरी कर्मचारीलाई आवश्यकता अनुसार काजमा खटाउन सकिने, सशस्त्र प्रहरी कर्मचारीलाई काज खटाउने सम्बन्धी अन्य व्यवस्था नियमावलीमा भए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीको काज खटाउने कार्यमा प्रभावकारी र व्यवस्थित हुन जानेछ। |
| २८ | कमाण्डको जिम्मेवारी दिने | सशस्त्र प्रहरी अधिकृतलाई कमाण्डको जिम्मेवारीमा सरुवा गर्दा वा काजमा खटाउँदा समान अवसर प्राप्त हुने गरी सरुवा गरिने वा काजमा खटाइने, तर प्राविधिक सशस्त्र प्रहरी अधिकृतलाई कमाण्डको जिम्मेवारीमा सरुवा गर्दा वा काजमा खटाउँदा प्राविधिक समूहका सम्बन्धित समूह र उपसमूहमा मात्र सरुवा गरिने वा काजमा खटाइने, सेवा अवधिको अन्तिम तीन महिना बाँकी रहेका अधिकृतलाई प्रधान कार्यालय बाहेकका अन्य कुनै पनि कार्यालयमा कमाण्डको जिम्मेवारीमा सरुवा गरिने वा काजमा नखटाइने, कमाण्डको जिम्मेवारीमा खटिने सशस्त्र प्रहरी अधिकृतले कमाण्डमा जानुअघि र कमाण्ड समाप्त गरी फिर्ता भएपछि प्रधान कार्यालयमा व्यक्तिगत सम्पत्ति विवरण पेस गर्नु पर्ने, कमाण्डमा रहेको वा कमाण्डबाट फिर्ता भएको अधिकृत उपर उजुरी प्राप्त भई शङ्कास्पद लागेमा सशस्त्र प्रहरी महानिरीक्षकले बुझाइएको व्यक्तिगत सम्पत्ति विवरण जाँचबुझको लागि |



नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| | | सम्बन्धित निकायमा सिफारिससाथ पठाउन सक्ने सहितका व्यवस्था यस दफामा गरिएको छ। कमाण्डको कार्य सञ्चालनमा सहजीकरण हुन जानेछ। |
| २९ | बढुवा समिति | सशस्त्र प्रहरी सेवाको पदमा बढुवाका लागि रहने बढुवा समितिका सम्बन्धमा व्यवस्था गरिएको छ। जसमा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदका लागि, सशस्त्र प्रहरी नायब महानिरीक्षक र सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक पदका लागि, सशस्त्र प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी नायब उपरीक्षक र सशस्त्र प्रहरी निरीक्षक पदका लागि बढुवा समितिको व्यवस्था गरिएको छ।<br><br>त्यस्तै सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक र सशस्त्र प्रहरी नायब निरीक्षक पदको लागि तथा सशस्त्र प्रहरी सहायक निरीक्षक पदका लागि र सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार र सशस्त्र प्रहरी सहायक हवल्दार पदका लागि रहने बढुवा समिति सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ।<br><br>नजिकको नातेदारको बारेमा स्पष्टिकरणमा व्यवस्था गरिएको छ भने सशस्त्र प्रहरी सेवामा बढुवाद्वारा पूर्ति गर्नु पर्ने पद रिक्त भएको तीन महिना भित्र पूर्ति गरी सक्नु पर्ने व्यवस्थासमेत यस दफामा गरिएको छ। यसबाट प्रस्तुत सशस्त्र प्रहरीको पदपूर्ति समयमा नै हुन जानेछ भने पदपूर्ति स्वतन्त्र, निश्पक्ष र तटस्थ रुपमा हुनेछ। |
| ३० | बढुवाको लागि उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि | राजपत्राङ्कित पदबाट राजपत्राङ्कित पदमा बढुवाको लागि तीन वर्ष, राजपत्र अनङ्कित पदबाट राजपत्राङ्कित पदमा बढुवाको लागि पाँच वर्ष, राजपत्र अनङ्कित पदबाट राजपत्र अनङ्कितमा बढुवाको लागि तीन वर्ष एक श्रेणी वा तह मुनिको पदमा भएको प्रहरी कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने गरी बढुवा सम्बन्धी व्यवस्था गरिएको छ। |
| ३१ | बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने | सशस्त्र प्रहरी कर्मचारी निलम्बन भएकोमा निलम्बन भएको अवधिभर, नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्ष, तल्लो पदमा घटुवा भएकोमा घटुवा भएको मितिले दुई वर्ष, तलब वृद्धि रोक्का वा बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर खाइपाई आएको तलब वृद्धि घटुवा भएको वा हालको पदको ज्येष्ठतासहितको सुरु स्केलमा घटुवा भएकोमा सो भएको मितिले एक वर्ष, पदमा पुनर्बहाली भएको सशस्त्र प्रहरी कर्मचारीको हकमा पुनर्बहाली भएको मितिले एक वर्षसम्म बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने व्यवस्था गरिएको छ।<br><br>त्यस्तै खुला प्रतियोगिताद्वारा नियुक्ति भएको सशस्त्र प्रहरी कर्मचारीले अनिवार्य आधारभूत तालिम र बढुवाद्वारा पूर्ति हुने पदमा नियमावलीमा व्यवस्था भए बमोजिमको अनिवार्य तालिम पूरा नगरेमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नसक्ने गरी व्यवस्था गरिएको छ। |
| ३२ | बढुवाको आधार | बढुवा समितिले सशस्त्र प्रहरी कर्मचारीलाई कार्यक्षमता बापत पाएको कूल अङ्कको आधारमा बढुवाका लागि सिफारिस गर्ने, कार्यक्षमताको मूल्याङ्कन गर्दा बढीमा एकसय अङ्क दिइने जसमा कार्यसम्पादन मूल्याङ्कन वापत, ज्येष्ठता वापत, शैक्षिक योग्यता वापत, तालिम वापत, चुनौतिपूर्ण वा विशेष जिम्मेवारी वापत तथा बढुवा |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| | | समितिले दिने गरी राजपत्र अनङ्कित, राजपत्राङ्कित द्वितीय र तृतीय तथा राजपत्राङ्कित विशिष्ठ र प्रथमको लागि केहीमा समान र केहीमा फरक अङ्क हुने गरी व्यवस्था गरिएको छ। सशस्त्र यसबाट प्रहरी कर्मचारीको बढुवा सम्बन्धी व्यवस्था अनुमानयोग्य हुन जानेछ। |
| ३३ | कार्यसम्पादन मूल्याङ्कन | सशस्त्र प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको मूल्याङ्कन वापत चालीस अङ्क कायम गरिएको छ र सोको अङ्क विभाजनमा सुपरिवेक्षकले दिनसक्ने अधिकतम पच्चिस अङ्क, पुनरावलोकनकर्ताले दिनसक्ने अधिकतम दश अङ्क तथा पुनरावलोकन समितिले दिनसक्ने अधिकतम पाँच अङ्क कायम गरिएको छ।<br><br>यसबाट सशस्त्र प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन यथार्थमा आधारित हुन जानुका साथै प्रविधिमैत्री तथा प्रविधिमा समेत आधारित हुन जानेछ। |
| ३४ | ज्येष्ठताको मूल्याङ्कन | सशस्त्र प्रहरी कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क दिँदा बढीमा पच्चिस अङ्क दिइने र सोको अङ्क विभाजनमा पदगत आधारमा कायम गरिएको छ। यसबाट ज्येष्ठताको मूल्याङ्कन वास्तविकतामा आधारित हुन जानेछ। |
| ३५ | शैक्षिक योग्यताको मूल्याङ्कन | सशस्त्र प्रहरी कर्मचारीलाई बढुवा प्रयोजनको लागि शैक्षिक योग्यताको अङ्क गणना गर्दा पाँच अङ्कलाई आधार बनाई गरिएको छ। जसमा बढुवाको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापत चार अङ्क तथा सो भन्दा माथिल्लो योग्यताको लागि एक अङ्क कायम गरिएको छ।<br><br>न्यूनतम शैक्षिक योग्यता मानिने तथा साधारण लेखपढ गर्न जान्ने मात्र शैक्षिक योग्यता तोकिएको पदमा नियुक्त भएका सशस्त्र प्रहरी कर्मचारीको शैक्षिक योग्यताको मूल्याङ्कन गर्दा एस.एल.सी वा एस.ई.ई भन्दा मुनिको योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानी सो बापत अङ्क दिइने गरी व्यवस्था गरिएको छ।यसबाट सशस्त्र प्रहरी कर्मचारीको शैक्षिक योग्यताको सम्बन्धमा दिइने अङ्कका सम्बन्धमा स्पष्टता आउने छ। |
| ३६ | तालिमको मूल्याङ्कन | सशस्त्र प्रहरी सेवाको पदमा रहँदा लिएको तालिम बापत बढिमा बाइस अङ्क दिइने व्यवस्था गरिएको छ। जसमा दर्जागत अनिवार्य तालिम वापत नौ अङ्क, कुनै सेवा कालिन तालिम वापत बाह्र अङ्क तथा कुनै एक दर्जागत अनिवार्य तालिममा प्रशिक्षक योग्य ग्रेडिङ्ग प्राप्त गरे बापत एक अङ्क प्रदान गर्ने व्यवस्था गरिएको छ।<br><br>तालिम तथा बढुवाको लागि सशस्त्र प्रहरी कर्मचारीले गर्नुपर्ने दर्जागत अनिवार्य तथा सेवाकालिन तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। |
| ३७ | चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत प्रदान गरिने अङ्क | कुनै सशस्त्र प्रहरी कर्मचारीले चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरे बापत अङ्क दिँदा बढीमा पाँच अङ्क दिइने र त्यसरी अङ्क दिदा अति चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत पाँच अङ्क, मध्यमस्तरको चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत चार अङ्क तथा सामान्य चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत तीन अङ्क दिइनेछ। |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| | | यसबाट चुनौतिपूर्ण कार्य गर्ने कर्मचारीको समुचित मूल्याङ्कन हुन जानेछ। |
| ३८ | बढुवा समितिले दिने अङ्क | बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने सशस्त्र प्रहरी कर्मचारीले आफ्नो पदमा रहँदा गरेको कार्यसम्पादन स्तर, बहन गरेको नेतृत्व, विशेष जिम्मेवारी, चुनौतीपूर्ण कार्यमा खटिई निर्वाह गरेको भूमिका समेतको आधारमा बढुवा समितिले अधिकतम तीन अङ्क दिने गरी व्यवस्था गरिएको बढुवा समितिले अङ्क दिइसकेपछि कुनै सशस्त्र प्रहरी कर्मचारीलाई कुनै विभागीय सजाय भएको अवस्थामा बढुवा सिफारिस गर्नु अघि बढुवा समितिले त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई दिइएको अङ्क पुनरावलोकन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीको बढुवासम्बन्धी व्यवस्था समयमा नै टुङ्गिने छ। |
| ३९ | बढुवा समितिले सिफारिस गर्ने | कार्यक्षमता मूल्याङ्कन बापत प्रहरी कर्मचारीले प्राप्त गरेको अङ्क गणना गरी बढुवा समितिले सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सशस्त्र प्रहरी कर्मचारीलाई योग्यताक्रम अनुसार बढुवाका लागि सिफारिस गर्नु पर्ने तथा बढुवा समितिले बढुवाका लागि सिफारिस गरेको सशस्त्र प्रहरी कर्मचारीको नामावली र निजले प्राप्त गरेको कुल प्राप्ताङ्क सहितको सिफारिस सूची सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गर्नु पर्ने व्यवस्था गरिएको छ। यसबाट बढुवामा चित्त नबुझ्ने सशस्त्र प्रहरी कर्मचारीले बढुवाको निर्णय उपर उजुर गर्न पाउने छन्। |
| ४० | बढुवा उपरको उजुरी | बढुवा समितिको सिफारिसमा चित्त नबुझ्ने सशस्त्र प्रहरी कर्मचारीले बढुवा सिफारिसको सूचना प्रकाशन भएको मितिले सात दिनभित्र बढुवाको उजुरी सुन्ने समिति समक्ष उजुरी दिन सक्ने व्यवस्था गरिएको छ। त्यस्तै बढुवा समितिमा रही बढुवा सिफारिस गर्ने पदाधिकारीले नै सो बढुवा उपरको उजुरी सुन्ने अवस्था रहेमा निज बाहेकका बाँकी सदस्यहरुले मात्र बढुवा उजुरी उपर निर्णय गर्नु पर्ने, बढुवा उपरको उजुरी सुन्ने समितिको सचिवालयले उजुरी प्राप्त भएपछि उजुरी गर्ने म्याद समाप्त भएको भोलिपल्ट बढुवा समितिको राय प्रतिक्रिया र उजुरीसँग सम्बन्धित कागजात पठाउन बढुवा समितिको सचिवालयमा लेखी पठाउनु पर्ने, त्यसरी लेखी आएमा सम्बन्धित बढुवा समितिको सचिवालयले तीन दिनभित्र आफ्नो राय प्रतिक्रिया सहित उजुरीसँग सम्बन्धित कागजात उजुरी सुन्ने समिति समक्ष पठाउनु पर्ने तथा बढुवा उजुरी सुन्ने समितिले उजुरी गर्ने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र टुङ्गो लगाइसक्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट बढुवाको विषयमा उचित उपचार प्राप्त गर्न सक्नेसम्मको व्यवस्था गरिएकोले मूल्याङ्कनका प्रक्रियामा तटस्थता, निष्पक्षता तथा वास्तविकतामा आधारित हुन जानेछ। |
| ४१ | बढुवा मिति र बढुवा नियुक्ति | बढुवा समितिले सिफारिस गरेपछि बढुवा उजुरीको प्रयोजनका लागि सो नतिजा प्रकाशन भएको मितिबाट सात दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिने तथा त्यस्तो बढुवा सिफारिसउपर उजुरी नपरेमा सो नामावली प्रकाशन भएको मितिले आठौं दिनदेखि बढुवा हुने पदको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्ने व्यवस्था गरिएको छ भने बढुवा |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| | | सिफारिस उपर उजुरी परेमा बढुवा सिफारिस संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नतिजा प्रकाशन भएको मितिदेखि तथा उजुरी खारेज भएमा वा पहिलेको बढुवा सिफारिस नै कायम भएमा पहिलो पटक बढुवा नतिजा प्रकाशन भएको मितिले आठौं दिनदेखि लागू हुने गरी नियुक्ति दिनु पर्ने व्यवस्था गरिएको छ। त्यस्तै कुनै बढुवा सम्बन्धमा अदालतमा मुद्दा परी बढुवा बदर भई पुन: बढुवा समितिबाट बढुवा सम्बन्धी निर्णय गरेमा पछिल्लो पटक बढुवा समितिबाट निर्णय भएको मितिदेखि ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्ने गरी व्यवस्था यस दफामा गरिएको छ। यसबाट कहिले बढुवाको व्यवस्था आकर्षित हुने र कहिले ज्येष्ठता गणना हुने भन्ने अवस्थाको व्यवस्थापन हुन जानेछ। |
| ४२ | बढुवा नियुक्तिको रोक्का | बढुवाको लागि सिफारिस भईसकेको कुनै सशस्त्र प्रहरी कर्मचारीले बढुवा नियुक्ति नपाउँदै त्यस्तो सशस्त्र प्रहरी कर्मचारी निलम्बन भएमा वा निजले विभागीय सजाय पाएमा सो अवधिभर निजको बढुवा नियुक्ति रोक्का गरी सो अवधि समाप्त भएको भोलिपल्टको मितिबाट ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति दिइने तथा निलम्बन भएको सशस्त्र प्रहरी कर्मचारीले लागेको आरोपबाट सफाइ पाएमा वा निजको निलम्बन अवधि समाप्त भएमा निजको बढुवाको योग्यताक्रम अनुसार नै नियुक्ति दिइने गरी व्यवस्था गरिएको छ। यसबाट बढुवासम्बन्धी व्यवस्थामा स्पष्टता आउनेछ। |
| ४३ | बढुवा सम्बन्धी विशेष व्यवस्था | निवृत्तिभरण पाउने सेवा अवधि पुगेका र एउटै पदमा कम्तीमा आठ वर्ष बहाल रहेका सशस्त्र प्रहरी उपरीक्षक वा सो भन्दा मुनिका सशस्त्र प्रहरी परिचर बाहेकका अन्य कर्मचारी अनिवार्य अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक श्रेणी वा तह माथिको पदमा बढुवा गरिने सहितका व्यवस्था प्रस्तुत दफामा गरिएको छ। त्यस्तै यसरी बढुवा गर्नको लागि स्वतः विशेष पद सिर्जना हुनेछ र त्यस्तो सशस्त्र प्रहरी कर्मचारी अवकाश भएपछि त्यस्तो पद स्वतः खारेज हुने व्यवस्था यस दफामा गरिएको छ। यसबाट लामो समय एउटै पदमा रहेको सशस्त्र प्रहरी कर्मचारीलाई निवृत्तभरण प्राप्त गर्ने समयमा थप सुविधा प्राप्त हुन जानेछ। |
| ४४ | बढुवाका सर्तमा परिवर्तन | प्रस्तुत विधेयकमा रहेको बढुवा सम्बन्धी व्यवस्था तथा यस अन्तर्गत बनेको नियमावलीमा भएको व्यवस्था संशोधन भएमा त्यस्तो संशोधित व्यवस्था संशोधन भएको मितिले एक वर्ष पछिको मितिदेखि मात्र लागू हुने गरी व्यवस्था गरिएको छ। यसबाट मौजुदा अभ्यास बमोजिम योग्य भएको व्यक्ति पछि बन्ने व्यवस्थाको कारण अयोग्य नहुने गरी प्रस्तुत व्यवस्था गरिएको छ। |
| ४५ | तलब भत्ता | सशस्त्र प्रहरी कर्मचारीले आफ्नो पदमा बहाल भएको मितिदेखि तलब भत्ता र रासन पाउने, काठमाडौं उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीको हकमा राष्ट्रिय किताबखानाबाट र अन्य जिल्लामा रहेका कार्यालयमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीको हकमा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु नहुने, तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीले पाएको तलब, भत्ता त्यसरी तलब |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| | | भुक्तानी गर्ने पदाधिकारीबाट असुल गरिने, सशस्त्र प्रहरी कर्मचारीले सशस्त्र प्रहरी सेवामा रही काम गरे बापत पाउने तलब भत्ता नेपाल सरकारले तोकिदिए बमोजिम हुने तथा प्रत्येक सशस्त्र प्रहरी कर्मचारीले एक वर्षको सेवा पूरा गरेपछि तोकिए बमोजिमको तलबवृद्धि (ग्रेड) पाउने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीको सेवा सुविधाका सम्बन्धमा स्पष्टता आउने छ। |
| ४६ | सञ्चय कोषमा रकम जम्मा गर्नेः | सशस्त्र प्रहरी कर्मचारीको मासिक तलबबाट दस प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा नेपाल सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरी दिने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीको निश्चित प्रतिशत रकम बचत हुन जानेछ। |
| ४७ | बीमा गर्ने | नेपाल सरकारले सशस्त्र प्रहरी कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा गर्नेछ भने सावधिक जीवन बीमाको व्यवस्थापन गर्न एक सावधिक जीवन बीमा कोषको स्थापना गरिने तथा लाभांश सहित सशस्त्र प्रहरी कर्मचारीलाई बढी सुविधा दिने प्रचलित कानून बमोजिम स्थापित कोष मार्फत सावधिक जीवन बीमाको व्यवस्थापन गर्न सकिने व्यवस्था गरिएको छ।<br><br>त्यस्तै सशस्त्र प्रहरी कर्मचारीलाई नियमावलीमा व्यवस्था गरी दुर्घटना बीमाको व्यवस्था गरिने तथा यो ऐन प्रारम्भ भए पछि सशस्त्र प्रहरी कर्मचारीका बढीमा दुई सन्ततिलाई स्नातक तहसम्म अध्ययन गर्न आवश्यक पर्ने खर्चको निमित्त शैक्षिक बीमा योजना लागू गर्न सकिने गरी व्यवस्था गरिएको छ। यसबाट बीमाको व्यवस्था गरी यसैबाट सशस्त्र प्रहरी कर्मचारीको दुर्घटनाको व्यवस्थापन तथा सन्ततीको अध्ययनको व्यवस्थापन हुन जानेछ। |
| ४८ | उपचार खर्च | सशस्त्र प्रहरी कर्मचारीले सेवा अवधि भरमा अधिकृत भए बाह्र महिना बराबरको, जुनियर अधिकृत भए अठार महिना बराबरको, अन्य पद र परिचर भए एक्काइस महिना बराबरको खाइपाई आएको तलब रकमसम्म उपचार खर्च बापत पाउने छ। बिस वर्ष, पच्चिस वर्ष र सोभन्दा बढी सेवा अवधि पूरा गरी निवृत्तभरण पाउने गरी सेवाबाट अलग भएको प्रहरी कर्मचारीले पाउने उपचार खर्चमा लिन बाँकी रकमको क्रमशः दस, पन्ध्र र बिस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट पाउने गरी उपचार खर्चको व्यवस्था गरिएको छ।<br><br>त्यस्तै दुर्गम क्षेत्रमा रहेका सशस्त्र प्रहरी कर्मचारी बिरामी भई स्थानीय स्वास्थ्य संस्थाबाट उपचार हुन नसकी ज्यान समेत जोखिम हुने अवस्था परेको भनी जिल्लास्थित अस्पताल वा स्वास्थ्य संस्थाले सिफारिस गरेकोमा सोको आधारमा तोकिए बमोजिम सशस्त्र प्रहरी महानिरीक्षकको स्वीकृति लिई उपचारको सुविधा भएको ठाउँमा लैजाँदा र त्यहाँबाट फर्काउँदा लाग्ने खर्च पाउने व्यवस्था गरिएको छ। यसरी प्रहरीको उपचार खर्चलाई प्राथमिकताकासाथ आवश्यक व्यवस्था गरिएको छ। |
| ४९ | चाडपर्व खर्च | सशस्त्र प्रहरी कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने चाडपर्वको |

| | | |
|---|---|---|
| | पाउने | लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एक पटक चाडपर्व खर्चको रूपमा पाउनेछ। यस्तो रकम सशस्त्र प्रहरी कर्मचारीले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्ने, चाडपर्व खर्च निलम्बनमा रहेको सशस्त्र प्रहरी कर्मचारीले समेत पाउने तथा निवृत्तभरण पाउने गरी अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीलाई निजले पाउने एक महिनाको निवृत्तिभरण बराबरको रकम चाडपर्व खर्चको रुपमा दिइने गरी सशस्त्र प्रहरी कर्मचारीलाई वर्षमा एक पटक चाड पर्व खर्च प्रदान गरिने व्यवस्था गरिएको छ। |
| ५० | अनिवार्य अवकाश | सशस्त्र प्रहरी कर्मचारीले सशस्त्र प्रहरी सेवाबाट अनिवार्य अवकाश पाउने सम्बन्धमा आवश्यक व्यवस्था गरिएको छ। जसमा सशस्त्र प्रहरी प्रहरी महानिरीक्षक साठी वर्ष वा तीन वर्ष मध्ये कुनै एक पूरा भएमा, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक उनान्साठी वर्ष वा तीन वर्ष अवधि पूरा भएमा, सशस्त्र प्रहरी नायब महानिरीक्षक उनान्साठी वर्ष वा पाँच वर्षे सेवा अवधि पूरा भएमा, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक अन्ठाउन्न वर्ष उमेर अवधि वा आठ वर्ष सो पदमा रही अवधि पूरा गरेमा, सशस्त्र प्रहरी उपरीक्षक अन्ठाउन्न वर्ष उमेर पूरा भएमा वा दश वर्ष सेवा अवधि पूरा भएमा अवकास हुने व्यवस्था गरिएको छ। सशस्त्र प्रहरी नायव उपरीक्षक र सशस्त्र प्रहरी प्रहरी निरीक्षक सन्ताउन्न वर्ष, सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक, सशस्त्र प्रहरी नायब निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक चौवन्न वर्ष, सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार, सशस्त्र प्रहरी सहायक हवल्दार र सशस्त्र प्रहरी जवान एकाउन्न वर्ष तथा सशस्त्र प्रहरी परिचर पचपन्न वर्षमा अवकास हुने गरी उमेर हद कायम गरिएको छ।<br><br>त्यस्तै सशस्त्र प्रहरी कर्मचारीको उमेर गणना गर्दा निजले सेवामा प्रवेश गर्दा पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा किटान गरिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटान गरिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा उल्लेख भएको जन्म मिति वा वर्षबाट हुन आएको उमेरमध्ये निज पहिले अवकाश हुने मितिको आधारमा गणना गरिने व्यवस्था गरिएको छ। जसमा पहिले अवकास हुने आधार (Which is Earlier) लिइएको छ। |
| ५१ | राजीनामा दिन सक्ने | सशस्त्र प्रहरी कर्मचारीले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही राजीनामा स्वीकृत गराई सेवावाट अवकाश लिन सक्ने तथा सशस्त्र प्रहरी कर्मचारीको राजीनामा स्वीकृत गर्ने अधिकार नियमावलीमा व्यवस्था गरिएको अधिकारीलाई हुने गरी व्यवस्था गरिएको छ। यसबाट कुन पदको सशस्त्र प्रहरी कर्मचारीको राजिनामा कुन पदको कर्मचारीले स्वीकृत गर्न सक्ने भन्ने व्यवस्था नियमावलीमा हुन जानेछ। |
| ५२ | नोकरी छोड्न नपाउने | आधारभूत तालिम पूरा नगरेको तथा नियुक्ति भएको पाँच वर्ष पूरा नभएको सशस्त्र प्रहरी कर्मचारीले नोकरी छोड्न नपाउने गरी व्यवस्था गरिएको छ। कुनै सशस्त्र |

| | | |
|---|---|---|
| | | प्रहरी कर्मचारीले मनासिब कारण परी राजीनामा दिनु परेमा निजले कारण खोली राजपत्राङ्कित  सशस्त्र प्रहरी कर्मचारी भए प्रधान कार्यालय मार्फत मन्त्रालय समक्ष र राजपत्र अनङ्कित  सशस्त्र प्रहरी कर्मचारी भए सम्बन्धित सशस्त्र प्रहरी कार्यालय मार्फत सशस्त्र प्रहरी महानिरीक्षक समक्ष निवेदन दिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५३ | उपदान | पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको सशस्त्र प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा वा अनिवार्य अवकाश पाएमा वा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा पाँच वर्ष भन्दा बढी दस वर्षसम्म नोकरी गरेको सशस्त्र प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब, दस वर्ष भन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको सशस्त्र प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब, पन्ध्र वर्ष भन्दा बढी बिस वर्ष भन्दा कम नोकरी गरेको सशस्त्र प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब उपदान वापत प्राप्त गर्न सक्नेछ। तथापि नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएको वा भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त भएको सशस्त्र प्रहरी कर्मचारीलाई उपदान नदिइने व्यवस्था गरिएको छ। |
| ५४ | निवृत्तिभरण | राजपत्राङ्कित अधिकृतको लागि बिस वर्ष, सशस्त्र  प्रहरी वरिष्ठ नायब निरीक्षक, सशस्त्र प्रहरी नायब निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक अठार वर्ष, सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार, सशस्त्र प्रहरी जवान र सशस्त्र प्रहरी परिचर सोह्र वर्ष भन्दा बढी अवधिसम्म सशस्त्र प्रहरी सेवामा काम गरी नोकरीबाट अवकाश भएमा मासिक निवृत्तिभरण आजीवन पाउने व्यवस्था यस दफामा गरिएको छ। त्यस्तै निवृत्तिभरणको हिसाब समेत यस दफामा गरिएको छ। जसमा  सशस्त्र प्रहरी निरीक्षक र सोभन्दा माथीको हकमा जम्मा नोकरी वर्ष गुणा आखिरी महिनाको तलव भागा पचास रहेको छ भने सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक र सोभन्दा मुनिको पदको सशस्त्र प्रहरी कर्मचारीको हकमा जम्मा नोकरी वर्ष गुणा आखिरी महिनाको तलव भागा चालीस रहेको छ। त्यस्तै निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला सशस्त्र प्रहरी कर्मचारीको तलब स्केलको सुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला सशस्त्र प्रहरी कर्मचारीको तलबको सुरु स्केलभन्दा बढी नहुने व्यवस्था गरिएको छ। यसबाट प्रहरी कर्मचारीको सेवाउत्तरको जीवन सहज र सरल हुन जानेछ।<br><br>त्यस्तै नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएको वा भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त भएको सशस्त्र प्रहरी कर्मचारीले यस ऐन बमोजिमको निवृत्तिभरण पाउने छैन भनी स्पष्ट व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| ५५ | पारिवारिक निवृत्तिभरण र उपदान | कुनै सशस्त्र प्रहरी कर्मचारीको सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीले उपदान वा निवृत्तिभरण पाउने भएमा निजको आफ्नो परिवारको कुनै सदस्य वा नाबालक भाइ वा बहिनीलाई प्राप्त हुने तथा निवृत्तिभरणको हकमा यस्तो निवृत्तिभरण सात वर्षभन्दा बढी समय प्राप्त नहुने तथा पारिवारिक निवृत्तिभरण त्यस्तो मृतक सशस्त्र प्रहरी कर्मचारीको पति वा पत्नीले पाउने भएमा सात वर्ष पछि निवृत्तिभरणको आधा रकम मृतक सशस्त्र प्रहरी कर्मचारीको पति वा पत्नीले आजीवन पाउने व्यवस्था यस दफामा गरिएको छ।<br><br>पारिवारिक निवृत्तिभरण वा उपदान दिँदा मृतक सशस्त्र प्रहरी कर्मचारीले आफ्नो परिवारको सदस्य वा आश्रित नाबालक भाइ वा बहिनीमध्ये कसैलाई ईच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि इच्छाएको नभएमा क्रमशः त्यस्तो कर्मचारीको सगोलको पति वा पत्नी, छोराछोरी, बाबुआमा, बाजेबज्यै, सासू ससुरालाई दिईने व्यवस्था यस दफामा गरिएको छ। |
| ५६ | असाधारण पारिवारिक निवृत्तिभरण र उपदान | कुनै सशस्त्र प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालना गर्दाका बखत कुनै दुर्घटनामा परी वा अस्वस्थ भई वा तालिम लिँदाका बखत कुनै चोटपटक लागी तत्काल मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगेको भए तापनि त्यस्तो सशस्त्र प्रहरी कर्मचारीले खाइपाई आएको तलबको आधा रकम पारिवारिक निवृत्तिभरण र असाधारण पारिवारिक उपदान समेत दिइने व्यवस्था यस दफामा गरिएको छ। त्यस्तै सशस्त्र प्रहरी कर्मचारी कुनै आतङ्ककारी वा हतियारधारी समूहको कारबाही वा अन्य कुनै प्रकारको सशस्त्र मुठभेड वा आक्रमण वा विस्फोटनमा परी वा त्यस्तो समूह विरुद्धको कारबाहीमा वा विपद् वा कुनै महामारीमा उद्दार वा कुनै जोखिमपूर्ण र चुनौतीपूर्ण काममा खटिएका बखत कुनै आकस्मिक दुर्घटनामा परी तत्कालै वा सोही कारणले निको नभई मृत्यु भएमा मृतक सशस्त्र प्रहरी कर्मचारीलाई मरणोपरान्त एक तह माथिको पदमा पदोन्नति दिई सोही पद अनुसारको पूरा तलब बराबरको रकम असाधारण पारिवारिक निवृत्तिभरण बापत त्यस्तो सशस्त्र प्रहरी कर्मचारीको उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी बढीमा सात वर्षसम्म दिइने व्यवस्था गरिएको छ। त्यस्तै सशस्त्र प्रहरी कर्मचारीको परिवारले असाधारण पारिवारिक निवृत्तिभरण पाइरहेको अवस्थामा बहालवाला सशस्त्र प्रहरी कर्मचारीको तलबमानमा वृद्धि भएमा सोको दुई तिहाई रकम असाधारण पारिवारिक निवृत्तिभरणको रकममा समेत वृद्धि हुने तथा असाधारण पारिवारिक निवृत्तिभरणको हकमा बहालवाला सशस्त्र प्रहरी कर्मचारीको तलबमानमा जति वृद्धि भएको छ सोही बमोजिमको रकम त्यस्तो असाधारण पारिवारिक निवृत्तिभरणमा समेत वृद्धि हुने गरी व्यवस्था गरिएको छ। |
| ५७ | अशक्त वृत्ति | कुनै सशस्त्र प्रहरी कर्मचारी कर्तव्य पालनाको सिलसिलामा अङ्गभङ्ग भई वा चोटपटक लागी शारीरिक वा मानसिक रुपमा सशस्त्र प्रहरी सेवामा बहाल रहन |

| | | |
|---|---|---|
| | | अशक्त भएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीले निजको जीविकाको निमित्त बाँचुञ्जेलसम्म अशक्त वृत्तिको रुपमा निवृत्तिभरण सहित अशक्त भत्ता पाउने तथा अशक्त भएको सशस्त्र प्रहरी कर्मचारीको सेवा अवधि निवृत्तिभरण पाउने अवधि पुगेको भए निजले तत्काल खाइपाई आएको तलबले हिसाब गरी हुन आउने रकम बराबर अशक्त निवृत्तिभरण पाउने छ भने त्यस्तो अशक्त सशस्त्र प्रहरी कर्मचारीको सेवा अवधि निवृत्तिभरण पाउने अवधि भन्दा घटी भएमा निवृत्तिभरण पाउन बाँकी अवधि थप गरी त्यस्तो निवृत्तिभरण दिइने गरी व्यवस्था गरिएको छ। |
| ५८ | सन्तति वृत्ति र शैक्षिक वृत्ति | कुनै सशस्त्र प्रहरी कर्मचारी कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएमा वा आजीवन काम गर्न नसक्ने गरी अशक्त भएमा त्यस्तो मृतक वा अशक्त सशस्त्र प्रहरी कर्मचारीको बढीमा दुई जना छोरा छोरीलाई सुरु तलबको निश्चित प्रतिशतका दरले मासिक सन्तति वृत्ति र सोही प्रतिशत बमोजिम वार्षिक रुपमा शैक्षिक वृत्ति समेत दिइने गरी व्यवस्था गरिएको छ र त्यस्तो सन्तति वृत्ति छोरा छोरीको उमेर एक्काइस वर्ष पूरा नभएसम्म दिइने गरी व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीको सन्तानको लागि अध्यापनको लागि सहज हुन जानेछ। |
| ५९ | एक मात्र पारिवारिक निवृत्तिभरण प्राप्त हुने | कुनै सशस्त्र प्रहरी कर्मचारीको परिवारलाई यस ऐनमा उल्लिखित पारिवारिक निवृत्तिभरण मध्ये कुनै एक पारिवारिक निवृत्तिभरण प्राप्त हुने गरी व्यवस्था गरिएको छ। यसबाट दोहोरो सुविधालाई व्यवस्थित गरिएको छ। यसबाट राज्यको स्रोतको वचत हुनुका साथै सशस्त्र प्रहरी कर्मचारीको परिवारको जीवन यापनमा सहजीकरण हुन जानेछ। |
| ६० | निवृत्तिभरण रोक्न सकिने | सशस्त्र प्रहरी सेवामा सेवा गरे बापत जुनसुकै किसिमको निवृत्तिभरण प्राप्त गरेका पूर्व प्रहरी कर्मचारीले आतङ्ककारी गतिविधि, सशस्त्र विद्रोह, सशस्त्र सङ्घर्ष वा सङ्गठनको गोपनीयता भङ्ग हुने गरी कुनै विषय प्रकाशन गरेको वा सशस्त्र प्रहरी बल, नेपालको सङ्गठन विरुद्धको गतिविधिमा संलग्न भएको अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा नेपाल सरकारले त्यस्ता पूर्व सशस्त्र प्रहरी कर्मचारीले खाइपाई आएको निवृत्तिभरण रोक्का गर्न सक्ने व्यवस्था गरिएको छ। सेवाबाट अवकास प्राप्त गरेको सशस्त्र प्रहरी कर्मचारीले सेवामा रहदा गरेको र भएका विषयमा गोपनियता कायम राख्न प्रस्तुत व्यवस्था गर्नु परेको हो। |
| ६१ | असमर्थ प्रहरी कर्मचारी सम्बन्धी विशेष व्यवस्था | कुनै सशस्त्र प्रहरी कर्मचारी शारीरिक वा मानसिक स्वास्थ्य अवस्थाको कारणबाट नियमित रूपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा नेपाल सरकारले निजलाई निवृत्तिभरण पाउने अवधि पुऱ्याउन बढीमा सात वर्ष सेवाअवधि थप गरी अवकाश दिन सक्ने व्यवस्था गरिएको छ।<br><br>यसबाट सशस्त्र प्रहरी कर्मचारीका सम्बन्धमा निजले विगतमा गरेको सेवाको सम्मान हुनुका साथै मानविय रुपमा जीवन निर्वाहमा समेत सहयोग पुग्न जाने हुन्छ। |

| | | |
|---|---|---|
| ६२ | योगदानमा आधारित निवृत्तिभरण | योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी कानूनमा उल्लेख भएको अवधि पछि नियुक्ति हुने सशस्त्र प्रहरी कर्मचारीले योगदानमा आधारित निवृत्तिभरण पाउने र त्यस्तो निवृत्तिभरण पाउने सशस्त्र प्रहरी कर्मचारीले असाधारण पारिवारिक निवृत्तिभरण र उपदान वा अशक्त वृत्ति योगदानमा आधारित निवृत्तिभरण कोषबाट पाउने व्यवस्था यस दफामा गरिएको छ। यसबाट दिर्घकालीन राज्यको दायित्व कम हुन जानुका साथै राज्यको सेवामा खटिने सशस्त्र प्रहरी कर्मचारीको सेवा अवधि पछिको जीवनको लागि निवृत्तभरण प्राप्तिको सम्बन्धमा योगदानका आधारमा निवृत्तभरण प्राप्त गर्न सक्ने गरी व्यवस्था गरिएको छ। |
| ६३ | नोकरी अवधिको गणना | सशस्त्र प्रहरी कर्मचारीको नोकरी अवधिको गणना गर्दा सशस्त्र प्रहरी सेवाको कुनै पदमा स्थायी नियुक्ति भई बीचमा सेवा टुटेको भए सो टुटेको अवधि कटाई नोकरी गरेको जम्मा अवधिलाई गणना गरिनेछ भने उपदान पाईसकेको व्यक्ति अदालतको फैसला वा यस ऐन बमोजिम हुने विभागीय सजाय उपर परेको पुनरावेदनमा भएको निर्णय बमोजिम सशस्त्र प्रहरी सेवाको पदमा पुनः बहाली भएमा निजले पाईसकेको उपदान र विदाको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिने तथा नोकरी अवधि गणना गर्दा निलम्बन रहेको अवधिलाई समेत गणना गरिने गरी व्यवस्था गरिएको छ।यसबाट विगतमा सशस्त्र प्रहरी सेवामा गरेको सेवाको अवधिसमेत गणना हुने गरी व्यवस्था गरिएको छ। |
| ६४ | समय पालन र नियमितता | सशस्त्र प्रहरी कर्मचारीले निर्धारित समयमा तथा नियमित रूपले आफ्नो पालोमा वा आफू खटिएको ठाउँमा हाजिर हुनु पर्ने  र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई काममा अनुपस्थित हुन नहुँने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरीमा आन्तरीक अनुशासन कायम हुन जानेछ। |
| ६५ | अनुशासन र आज्ञापालन | सशस्त्र प्रहरी कर्मचारीले अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परतासाथ पालना गर्नुपर्ने, सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिल्लो अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पालना गर्नुपर्ने, आफूभन्दा माथिल्लो सबै अधिकृत प्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका सशस्त्र प्रहरी कर्मचारी प्रति उचित व्यवहार गर्नुपर्ने, उच्छृङ्खल गतिविधि गर्न नहुने, विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सेवाका मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरु गर्न गराउन नहुने गरी अनुशासन र आदेश पालना गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीमा अनुशासन कायम हुन जानेछ। |
| ६६ | दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिन नहुने | कुनै पनि सशस्त्र प्रहरी कर्मचारी र निजको परिवारको सदस्यले नेपाल सरकारको पूर्व स्वीकृति बिना कसैबाट कुनै प्रकारको दान, दातब्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन नहुने तथा  सशस्त्र प्रहरी कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले नेपाल |

| | | |
|---|---|---|
| | | सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरीको सेवामा रहने सशस्त्र प्रहरी कर्मचारीमा आर्थिक अनुशासन कायम हुन जानेछ। |
| ६७ | सम्पत्तिको विवरण बुझाउनु पर्ने | प्रत्येक सशस्त्र प्रहरी कर्मचारीले प्रचलित कानून बमोजिम आफ्नो सम्पत्ति विवरण भरी सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखानामा बुझाउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीको सम्पत्ति र निजको आय आर्जनको स्रोतको सम्बन्धमा स्पष्टता हुन जानेछ। |
| ६८ | कम्पनीको स्थापना, सञ्चालन र व्यापार व्यवसाय गर्न नहुने | सशस्त्र प्रहरी कर्मचारीले नेपाल सरकारको पूर्व स्वीकृति नलिई कुनै बैङ्क वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय दर्ता गरी त्यस्तो व्यापार वा व्यवसाय गर्न,अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न नहुने गरी व्यवस्था गरिएको छ। यसबाट प्रहरी कर्मचारीमा पेशाप्रति निष्ठाबान भई कार्यक्षेत्रमा खटिन सहज हुन जानेछ। |
| ६९ | सरकारी काम काज सम्बन्धी समाचार प्रकाशन गर्न नहुने | सशस्त्र प्रहरी कर्मचारीले नेपाल सरकारद्वारा अख्तियार नपाई आफूले कर्तव्यको पालना गर्दा प्राप्त गरेको कुनै गोप्य जानकारी वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु नहुने तथा त्यस्तो प्रतिबन्ध जुनसुकै कारणले सशस्त्र प्रहरी सेवाबाट अलग रहेको व्यक्तिको हकमा समेत लागू हुने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सेवाबाट अलग भएको सशस्त्र प्रहरी कर्मचारीले समेत नेपालको संविधानको धारा ४८ बमोजिम प्रस्तुत जिम्मेबारी पूरा गरेको हुनु पर्नेछ। |
| ७० | रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यमसँग सम्पर्क राख्न नहुने | सशस्त्र प्रहरीको प्रवक्ता तोकिएको सशस्त्र प्रहरी कर्मचारीले सशस्त्र प्रहरी महानिरीक्षकको अनुमतिमा कार्यालयको गतिविधिका सम्बन्धमा सूचना उपलब्ध गराएको अवस्थामा बाहेक सशस्त्र प्रहरी कर्मचारीले नेपाल सरकारको अनुमति नलिई कुनै रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यममा आफ्नै वास्तविक वा काल्पनिक नामबाट वा बेनामी रुपमा कुनै लेख रचना प्रकाशन गर्न वा प्रसारण गर्न नहुने व्यवस्था दयस दफामा गरिएको छ।<br>यसका साथै साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक, व्यावसायिक र न्याय वा कानून विषयसँग सम्बन्धित लेख तथा पुस्तक प्रकाशन वा प्रसारण गर्न बाधा नपर्ने तथा त्यस्तो लेख प्रकाशन वा प्रसारण गरेपछि आफ्नो कार्यालयमा जानकारी गराउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ७१ | प्रेस वा अदालतको सहारा लिन | कुनै सशस्त्र प्रहरी कर्मचारीले कर्तव्य पालनाको सम्बन्धमा गरेको कामको सम्बन्धमा निजलाई लगाइएको आरोपको विषयमा नेपाल सरकारको पूर्व स्वीकृति नलिई प्रेस वा अदालतको सहारा लिनु नहुने तथा सशस्त्र प्रहरी कर्मचारीको आफ्नो |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| | नहुने | व्यक्तिगत हक हितको सुरक्षाको लागि न्यायिक उपचार लिन वा सम्पादन गरेको काम वा चरित्रको सम्बन्धमा सफाइ दिन पाउने अधिकारमा कुनै बाधा नपर्ने व्यवस्था गरिएको छ। |
| ७२ | सरकारको आलोचना गर्न नहुने | सशस्त्र प्रहरी कर्मचारीले नेपाल सरकार वा सशस्त्र प्रहरी सङ्गठनको नीति विरुद्ध हुने गरी वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजन समेतबाट भाषण प्रसारण गर्न, कुनै सार्वजनिक भाषण दिन वा सामाजिक सञ्जालमा प्रसारण गर्न वा कुनै वक्तव्य प्रकाशन गर्न नहुनुका साथै प्रचलित कानून र नेपाल सरकार वा प्रदेश सरकार वा सशस्त्र प्रहरी सङ्गठनको नीति विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा नपर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट बौद्धिक सिर्जनालाई रोक नलगाइको भए तापनि सरकारको आलोचना गर्न नहुने गरी आवश्यक व्यवस्था गरिएको छ। |
| ७३ | निर्वाचनमा भाग लिन नहुने | सशस्त्र प्रहरी कर्मचारीले कुनै राजनीतिक पदका लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत मागन वा अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न नहुने व्यवस्था यस दफामा गरिएको छ भने प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा नपर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ७४ | राजनीतिमा भाग लिन नहुने | सशस्त्र प्रहरी कर्मचारीले कुनै राजनीतिक दल वा राजनीतिक दलसँग आबद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन, त्यस्ता दल वा सङ्गठनलाई चन्दा दिन वा अन्य कुनै राजनीतिक गतिविधिमा भाग लिन नहुने व्यवस्था यस दफामा गरिएको छ। यसमा सशस्त्र प्रहरीको संगठन निपष्क्ष, तटस्थ रपेशाप्रति प्रतिवद्ध प्रहरी संगठनको रफमा रहने रराखे व्यवस्था यस दफामा गरिएको छ। |
| ७५ | बाहिरी प्रभाव पार्न नहुने | सशस्त्र प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफू भन्दा माथिका अधिकृत वा अधिकारी माथि कुनै अनुचित प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न नहुने व्यवस्था यस दफामा गरिएको छ। यसबाट प्रहरी सङ्गठन तथा सशस्त्र प्रहरी कर्मचारीमा कुनै पनि विषयमा बाहिरी प्रभाव स्वीकार्य नहुने व्यवस्था गरिएको छ। |
| ७६ | बालबालिकामैत्री तथा लैङ्गिक संवेदनशील हुनु पर्ने | सशस्त्र प्रहरी कर्मचारी बालबालिकामैत्री तथा लैङ्गिक संवेदनशील हुनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट लैङ्गिक मान्यताका विषय तथा बालबालिकाकासँग सम्बन्धित विषयमा सशस्त्र प्रहरी सम्वेदनशील रहने गरी प्रत्याभूति गरिएको छ। |
| ७७ | हातपात वा जोरजुलुम गर्न नहुने | कुनै ससशस्त्र प्रहरी कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहत सशस्त्र प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| | | नहुने व्यवस्था प्रस्तुत दफामा गरिएको छ। यसबाट आन्तरीक अनुशासन कायम गर्न तथा नियन्त्रण र सन्तुलन कायम गर्न सहज हुन जानेछ। |
| ७८ | यातना दिन नहुने | सशस्त्र प्रहरी कर्मचारीले कुनै पनि कार्य गर्दा कसैलाई पनि यातना दिनु हुँदैन भन्ने व्यवस्था यस दफामा गरिएको छ। यातना रहितको सेवा प्रवाह तथा कार्यसम्पादनलाई यस दफामा व्यवस्था गरिएको छ। |
| ७९ | प्रदर्शन र हड्ताल गर्न नहुने | सशस्त्र प्रहरी कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत नहुने व्यवस्था यस दफामा गरिएको छ। त्यस्तै कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुर्याएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय सजाय गरी क्षतिपूर्ति समेत भराइने व्यवस्था यस दफामा गरिएको छ। |
| ८० | प्रतिनिधित्व गर्न नहुने | सशस्त्र प्रहरी कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन भन्ने व्यस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीबाट आफूलाई मर्का परेको अवस्थामा आफूले निवेदन गरेको अवस्थामा बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट कुनै प्रतिनिधित्व गर्न नहुने तथा पेशाप्रति तटस्थता कायम हुन जानेछ। |
| ८१ | घरायसी कामकाजमा खटाउन वा लगाउन नहुने | कुनै पनि सशस्त्र प्रहरी कर्मचारीलाई प्रचलित कानून बमोजिम कुनै व्यक्तिको सुरक्षाको प्रयोजनको लागि खटाउन बाहेक कसैको घरायसी कामकाज गर्ने प्रयोजनको लागि खटाउन वा लगाउन हुँदैन र कुनै सशस्त्र प्रहरी कर्मचारी त्यस्तो कामको लागि खटिन हुँदैन भन्ने व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीको जिम्मेवारी जे जुन क्षेत्रमा रहेको हो सोही क्षेत्रमा हुनु पर्ने व्यवस्था यसमा गरिएको छ। मानवस्रोतको सदुपयोग तथा संगठानिक उपलब्धी हासिल हुन जानेछ। |
| ८२ | पारिवारिक उत्तरदायित्व बाट विमुख हुन नहुने | सशस्त्र प्रहरी कर्मचारी आफूले कानून बमोजिम पालनपोषण तथा रेखदेख गर्नुपर्ने बाबु, आमा, पति, पत्नी र नाबालक छोराछोरी प्रतिको उत्तरदायित्व वहनबाट विमुख हुनु हुदैन भन्ने व्यवस्था प्रस्तुत दफामा रहेको छ। यसबाट पारिवारिक जिम्मेवारी र जवाफदेहिता कायम गरी राष्ट्र सेवामा खटिई अपेक्षिक सेवा मुलुकले प्राप्त गर्न सक्नेछ। |
| ८३ | यौनजन्य दुर्व्यवहार गर्न नहुने | सशस्त्र प्रहरी कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु गराउनु हुँदैन भन्ने व्यवस्था यस दफामा गरिएको छ।प्रहरी संगठन लैङ्गिक मैत्री संगठन रहेको छ। सशस्त्र प्रहरीबाट मानवअधिकारको संरक्षकत्वको भूमिका निर्वाह हुने भएकोले यस संगठनमा आवद्ध राष्ट्रसेवकबाट कसैप्रति पनि यौन दुर्व्यवहार हुँदैन भनी अनुशासनको व्यवस्था गरिएको छ। |
| ८४ | स्थायी | सशस्त्र प्रहरी कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| | आवासीय अनुमति लिन नहुने | गर्नको लागि आवेदन दिन हुँदैन भन्ने व्यवस्था यस दफामा गरिएको छ भने कुनै सशस्त्र प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले तिस दिनभित्र सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीले आफू कार्यरत कार्यालयमा आफ्नो नाम, थर, सेवा, समूह र हालको पद, पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति, सम्बन्धित विदेशी मुलुकको नाम सहितको विवरण पेश गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ८५ | अन्य आचरण | सशस्त्र प्रहरी कर्मचारीले नियमावलीमा व्यवस्था भएका अन्य आचरणसमेत पालना गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीलाई आन्तरीक अनुशासन कायम राख्न सकिनेछ। |
| ८६ | सशस्त्र प्रहरी मर्यादापालक एकाइ | परिच्छेद-९ मा व्यवस्था गरिएका आचरण विपरीतको कार्यलाई नियन्त्रण गरी सशस्त्र प्रहरी कर्मचारीले अनुशासन कायम गर्न प्रधान कार्यालयमा एक सशस्त्र प्रहरी मर्यादापालक एकाइ रहने र मर्यादापालक एकाइ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। यसबाट मर्यादा पालनको कार्यमा प्रभावकारिता आउने छ। |
| ८७ | विभागीय सजाय | उचित र प्रर्याप्त कारण भएमा सशस्त्र प्रहरी कर्मचारीलाई सामान्य सजाय अन्तर्गत नसिहत दिने, चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने, बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा स्तरवृद्धि रोक्का गर्ने, बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने, खाइपाई आएको बढीमा पाँच तलब वृद्धि घटुवा गर्ने, हालको पदको ज्येष्ठता सहित खाइपाई आएको शुरु तलब स्केलमा घटुवा गर्ने, तल्लो पद वा स्तरमा घटुवा गर्ने गरी निर्धारण गरिएको छ।<br><br>त्यस्तै विशेष सजाय अन्तर्गत भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने व्यवस्था प्रस्तुत दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीबाट भएको उल्लङ्घनको आधारमा सजाय हुने गरी विभागीय सजायको व्यवस्था यस दफामा गरिएको छ। |
| ८८ | नसिहत दिने वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने | सशस्त्र प्रहरी कर्मचारीको कार्यसम्पादन सन्तोषजनक नभएमा, तालिममा खटाउँदा नगएमा वा तालिम अवधिमा लापरबाही गरी गैरजिम्मेवारपूर्ण व्यवहार देखाएमा, ड्युटीको समयमा मादक पदार्थ सेवन गरेमा वा मादक पदार्थ सेवन गरी ड्युटीमा आएमा, रासन व्यवस्थापनको जिम्मेवारीमा रहेको व्यक्तिले जिम्मेवारी पूरा नगरेमा, सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका वखत मनासिब आधार र कारण बेगर बाटाका म्यादभित्र सम्बन्धित कार्यालयमा हाजिर हुन नगएमा, सेवाग्राहीलाई दुर्व्यवहार गरेमा, प्रचलित कानून बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई जरिवाना तोकिएको कुनै सशस्त्र प्रहरी कर्मचारीलाई नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिने गरी सजाय हुने व्यवस्था यस दफामा गरिएको छ। यसबाट गलत काम गर्नेलाई आवश्यक |

| | | |
|---|---|---|
| | | कारवाही हुन जानेछ। |
| ८९ | बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म स्तर वृद्धि रोक्का गर्ने वा बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने | कुनै पनि सशस्त्र प्रहरी कर्मचारीले आफूले सम्पादन गर्नु पर्ने काम कारबाहीमा लापरबाही गरेमा, यस ऐन वा अन्य प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरेमा, जिम्मेवारीबाट अलग हुँदा बरबुझारथ नगरेमा, सरकारी सवारी साधनको दुरुपयोग गरी हानी नोक्सानी गरेमा, सेवाग्राहीको पीरमर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफू भन्दा माथिल्लो अधिकारीले दिएको आदेश पालना नगरेमा, माथिल्लो दर्जाको अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा, सजाय पाएकोले सोही पदमा रहँदा सोही दफा बमोजिमको काम गरेमा, प्रचलित कानून बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई छ महिनासम्म कैद सजाय तोकिएमा तथा अन्य आचरण उल्लङ्घन गरेमा कुनै सशस्त्र प्रहरी कर्मचारीलाई बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच वर्षसम्म स्तरवृद्धि रोक्का गर्न वा बढीमा पाँच तलब वृद्धि रोक्का गर्न सकिने व्यवस्था गरिएको छ। यसबाट कार्य जवाफदेहिता वृद्धि हुन जानेछ। |
| ९० | खाइपाई आएको बढीमा पाँच तलब वृद्धि घटुवा गर्ने वा हालको पदको ज्येष्ठता सहित सुरु तलव स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने वा तल्लो स्तरमा घटुवा गर्ने | कुनै सशस्त्र प्रहरी कर्मचारीले अनुशासनहीन काम गरेमा, नियुक्ति भएको पाँच वर्षभित्र नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा, मनासिब कारण नभई वा बिदा नलिई अनुपस्थित भएमा वा गैर हाजिर भएमा, कार्यालयको जिम्मामा रहेको जिन्सी सामान बिगारेमा वा टुटफुट गरेमा, मानवअधिकारको उल्लङ्घन वा लैङ्गिक हिंसा हुने कार्य गरेको भनी अदालतबाट जरिबाना भएमा, लापरबाही गरी आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, लापरबाही गरी सरकारी सम्पत्ति हानि नोक्सानी गरेमा, प्रचलित कानून बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई छ महिना भन्दा बढी एक वर्षसम्म कैद सजाय तोकिएमा त्यस्तो प्रहरी कर्मचारीलाई निजले खाइपाई आएको बढीमा पाँच तलब वृद्धि घटुवा गर्न वा हालको पदको ज्येष्ठता सहित शुरु तलब स्केलमा घटुवा गर्न वा हालको पद भन्दा तल्लो पदमा घटुवा गर्न वा तल्लो स्तरमा घटुवा गर्न सकिनेछ। यसबाट सशस्त्र प्रहरी कर्मचारी नजुनसुकै समयमा कर्तव्यनिष्ट भई सेवा गर्नेछ। |
| ९१ | सेवाबाट हटाउने वा बर्खास्त गर्ने | कुनै सशस्त्र प्रहरी कर्मचारीले विशेष परिचालनमा खटिएको अवस्थामा मादक पदार्थ सेवन गरेमा, राजनीतिमा भाग लिएमा, बिदा स्वीकृत नगराई लगातार तिस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा, मानवअधिकारको उल्लङ्घन वा लैङ्गिक हिंसा हुने कार्य गरेको भनी अदालतबाट कैद सजाय भएमा, नेपाल सरकारबाट मनोनयन भई वा निजी प्रयासमा तालिम, अध्ययन वा अन्य प्रयोजनका लागि विदेशमा गएकोमा कार्य सम्पन्न गरी तिस दिनभित्र हाजिर हुन नआएमा वा अध्ययन पूरा गरी तोकिएको अवधिसम्म सेवा नगरेमा त्यस्तो प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने व्यवस्था यस दफामा गरिएको छ। |

नेपाल सरकार
गृह मन्त्रालय



गृह मन्त्री

| | | |
|---|---|---|
| | | त्यस्तै कुनै सशस्त्र प्रहरी कर्मचारीले भ्रष्टाचार, सरकारी वा सार्वजनिक लिखत किर्ते, चोरी, ठगी, राष्ट्रहित विपरीतको अपराध, लागु औषध कारोबार, सम्पति शुद्धीकरण, पुरातात्विक बस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा, स्थायी आवासीय अनुमति लिएमा वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएमा, सरकारी सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सेवाबाट हटाउने तथा सेवाबाट वर्खास्त गर्ने गरी हुने कारवाहीमा स्पष्टता आउनेछ। |
| ९२ | सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी | सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी नियमावलीमा व्यवस्था भए बमोजिम हुने गरी यस दफामा व्यवस्था गरिएको छ। |
| ९३ | हानी नोक्सानी रकम असुल गर्ने | कुनै सशस्त्र प्रहरी कर्मचारीले विभागीय सजाय हुने कुनै काम गरेको कारण नेपाल सरकार वा सशस्त्र प्रहरी सङ्गठन वा अन्य सशस्त्र प्रहरी कर्मचारीलाई कुनै किसिमको हानी नोक्सानी पुग्न गएको रहेछ भने सजायको आदेश दिने अधिकारीले विभागीय सजायको आदेश दिंदा त्यसरी हुन गएको हानी नोक्सानी समेत सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीबाट असुल गर्ने गरी आदेश दिने र नेपाल सरकार तथा सशस्त्र प्रहरी सङ्गठनलाई हानी नोक्सानी भएको रहेछ भने प्रचलित कानून बमोजिम हुनेछ भने अन्य सशस्त्र प्रहरी कर्मचारीलाई हानी नोक्सानी भएको रहेछ भने पीडित सशस्त्र प्रहरी कर्मचारीलाई सोधभर्ना गरिने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारी थप अनुशासित हुनेछ। |
| ९४ | निलम्बन | कुनै सशस्त्र प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा अख्तियारवालाले जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्ने र यसरी निलम्बन गर्दा निलम्बन गर्नुको आधार र कारण स्पष्ट रुपमा खुलाउनु पर्ने, निलम्बनको अवधि तीन महिना भन्दा बढी नहुने, निलम्बन अवधिमा निज उपरको कारबाहीको किनारा लगाउनु पर्ने, सो अवधिमा कारबाही किनारा नलगाएमा वा निलम्बन रहेकै अवस्थामा कुनै सशस्त्र प्रहरी कर्मचारी नोकरीबाट अनिवार्य अवकाश पाएमा वा मृत्यु भएमा निज उपरको निलम्बन स्वतः फुकुवा हुने व्यवस्था यस दफामा गरिएको छ। त्यस्तै निलम्बन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीको निलम्बन के कुन आधारमा हुने तथा के कति अवधिसम्म हुने भन्नेसम्बन्धमा स्पष्टता हुन जानेछ। |
| ९५ | निलम्बनको समाप्ति | कुनै सशस्त्र प्रहरी कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा वा सशस्त्र प्रहरी |



गृह मन्त्री

| | | |
|---|---|---|
| | | सेवाबाट हटाइएमा वा निलम्बनको अवधि पूरा भएमा वा थुनाबाट मुक्त भएमा निजको निलम्बन समाप्त हुने व्यवस्था यस दफामा गरिएको छ। अन्य कारवाही भएको अवस्थामा बाहेक निलम्बन समाप्ति भएको सशस्त्र प्रहरी कर्मचारी सेवामा रहन बाधा पर्ने हुँदैन। |
| ९६ | सफाइको मौका दिनु पर्ने | विभागीय सजायको आदेश दिन पाउने अधिकारीले कुनै सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय सजायको आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारण उल्लेख गरी उचित म्याद दिई सफाइको मौका दिनु पर्ने, यसरी मौका दिँदा निज उपर लगाईएको आरोप स्पष्ट किटान गरिएको र प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्ने, सफाइको मौका प्राप्त भएमा आरोप लागेको सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीले पनि म्यादभित्र आफ्नो सफाइ पेस गर्नु पर्ने. यसरी पेस हुन आएको सफाइलाई सम्बन्धित अधिकारीले गम्भिरतापूर्वक मनन गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। त्यस्तै परीक्षणकाल पूरा नहुँदै नियुक्ति बदर गर्नु परेमा, भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएमा सुनुवाईको मौका दिनु नपर्ने व्यवस्था गरिएको छ। यसैले सबै अवस्थामा सुनुवाईको मौका दिनु नपर्ने तर प्राय विभागीय कारवाही गर्दा सुनुवाईको मौका दिनु पर्ने गरी व्यवस्था गरिएको छ। यसबाट प्राकृतिक न्यायको सिद्धान्तको अनुसशरण हुन जानेछ। |
| ९७ | विभागीय जाँचबुझ समिति गठन गर्न सक्ने | सशस्त्र प्रहरी उपर विभागीय सजायको आदेश दिन पाउने अधिकारीले आवश्यक ठानेमा विभागीय जाँचबुझ समिति गठन गरी जाँचबुझ गराई राय सहितको प्रतिवेदन लिन सक्ने, विभागीय जाँचबुझ समितिलाई यस ऐन बमोजिम विभागीय जाँचबुझ गरिने कर्मचारी उपर लिखित बयान गराउने, प्रमाण दाखिल गराउने, साक्षी बुझ्ने र अभियोग लागेको प्रहरी कर्मचारीको रोहवरमा सबुद प्रमाण बुझ्ने अधिकार हुने, जाचबुझको काम सकिएपछि विभागीय सजायको आदेश दिन पाउने अधिकारी समक्ष जाँचबुझ समितिले प्रतिवेदन पेस गर्नु पर्ने तथा त्यस्तो प्रतिवेदनमा विभागीय सजाय सम्बन्धी कारण सहितको सबुद प्रमाण समेत पेस गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरीभित्र आन्तरीक अनुशासन कायम हुन जानेछ भने कारवाही जस्तो विषयलाई खम्भिर भए पछिमात्र यसका सम्बन्धमा निर्णय हुन उपयुक्त हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ९८ | विभागीय जाँचबुझ गराउनु नपर्ने | कुनै सशस्त्र प्रहरी कर्मचारीलाई सामान्य सजाय गर्नु परेमा, भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय सजाय गर्नु परेमा, सशस्त्र विद्रोहमा सरिक भएको सहित दफा १०४ को उपदफा (१) बमोजिमको कसूर वा अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएको आधारमा कुनै प्रहरी कर्मचारीलाई विभागीय सजाय गर्नु परेमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय कारवाहीको लागि जाँचबुझ गराउनु नपर्ने व्यवस्था प्रस्तुत दफामा गरिएको छ।यसबाट कसूरको गाम्भिर्यताका आधारमा सजाय र सजायको प्रक्रिया निर्धारण गरिएको छ। |

| | | |
|---|---|---|
| ९९ | विशेष सजायको आदेश दिनु अघि स्पष्टीकरण माग गर्नु पर्ने | विशेष सजायको आदेश दिनु अघि विभागीय सजायको आदेश दिन पाउने अधिकारीले सफाइ पेस गर्न दिएको म्यादभित्र सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीले सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई प्रस्तावित सजाय किन नगर्ने भनी त्यस सम्बन्धमा उचित म्याद दिई स्पष्टीकरण माग गर्नु पर्ने तथा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले स्पष्टीकरण माग गर्दा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यसको कारण पनि खुलाउनु पर्नेछ र जाँचबुझ गराइएको भए सोको नतिजासमेत उल्लेख गरी प्रस्तावित सजायको औचित्य समेत खुलाई स्पष्टीकरण माग गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १०० | सजाय सम्बन्धी निर्णय गर्ने | विभागीय सजाय गर्ने सन्दर्भमा सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीले पेस गरेको सफाइ वा स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्यादभित्र सफाइ वा स्पष्टीकरण प्राप्त नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले उपलब्ध सबुद प्रमाणको मूल्याङ्कन गरी पन्ध्र दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्ने तथा सोको निर्णयसम्बन्धी जानकारी यथाशीघ्र सम्बन्धित प्रहरी कर्मचारी र तोकिएको निकायलाई दिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सजायसम्बन्धमा समयमै जानकारी दिई सोको कार्यान्वयन हुन जाने हुन्छ। |
| १०१ | पुनरावेदन | सशस्त्र प्रहरी कर्मचारीलाई दिईएको विभागीय सजायको आदेश उपर चित्त नबुझ्ने सशस्त्र प्रहरी कर्मचारीले नियमावलीमा व्यवस्था भए बमोजिमको अधिकारी समक्ष पुनरावेदन दिन सक्ने तथा त्यसरी परेको पुनरावेदनमा पुनरावेदन सुन्ने अधिकारीले विभागीय सजायको आदेशमा आधार लिइएका कुरा प्रमाणित भईसकेको छ वा छैन, प्रमाणित भईसकेका कुरा विभागीय सजाय गर्नको लागि पर्याप्त छन् वा छैनन्, गरिएको विभागीय सजाय उपयुक्त छ वा छैन भन्ने सहितका विषयमा पुनरावेदन सुन्ने अधिकारीले पुनरावेदकलाई दिइएको सजाय सदर वा बदर गर्ने वा त्यस्तो सजायलाई घटाउने वा बढाउने गरी अन्तिम आदेश दिन सक्ने व्यवस्था यस दफामा गरिएको छ। त्यस्तै विभागीय सजायको निर्णय उपर परेको पुनरावेदनको किनारा बढीमा छ महिना भित्र लगाइ सक्नु पर्ने गरी व्यवस्था गरिएको छ। यसबाट निर्णय विहिनता नहुने गरी आवश्यक व्यवस्था प्रस्तुत दफामा गरिएको छ। |
| १०२ | सेवाको अन्त्य | सशस्त्र प्रहरी कर्मचारीको सम्बन्धमा परीक्षणकाल पूरा नहुँदै नियुक्ति बदर गर्नु परेमा, भागी पत्ता नलागेको वा अरु कुनै कारणले तोकिए बमोजिमको अवधिसम्म सम्पर्क स्थापित गर्न असम्भव भएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीको सेवा अन्त्य गर्नु परेमा अख्तियारवालाले कारण सहितको पर्चा खडा गरी सेवाको अन्त्य गर्न सक्ने व्यवस्था गरिएको छ। यसरी लामो समय सशस्त्र प्रहरी सेवामा असर पर्ने गरी काम कारवाही गर्न नहुने गरी समयमा नै निर्णय गर्न यस दफामा आवश्यक व्यवस्था गरिएको छ। |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| १०३ | रकम असुल गर्ने | जुनसुकै कारणले गैरहाजिर रहेको सशस्त्र प्रहरी कर्मचारीको हकमा निजलाई सेवामा हाजिर गराउँदा वा सेवाबाट हटाउँदा प्रचलित कानून बमोजिम म्याद सूचना जारी गर्दा लाग्ने सरकारी दस्तुर निजबाटै असुल गरिने व्यवस्था गरिएको छ। यसबाट जवाफदेहिता वृद्धि हुनुका साथै राष्ट्रप्रतिको कर्तव्य बोध सशस्त्र प्रहरी कर्मचारीमा हुन जानेछ। |
| १०४ | कसूर | कुनै सशस्त्र प्रहरी कर्मचारीले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा अक्षुण्णतामा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर, बोलेर वा सङ्केतद्वारा वा अरु कुनै किसिमबाट कुनै काम कुरा गरे वा गराएमा, सशस्त्र विद्रोहमा सरिक भएमा, सरकारी हातहतियार बेचबिखन गरेमा वा गलत मनसायबाट अरु कसैलाई सुम्पिएमा, आफू वा अरु कसैको प्रयोगमा वा जिम्मामा रहेको सरकारी हातहतियार खरखजाना लिई भागेमा, आतङ्ककारी गतिविधिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सघाएमा, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीचको सु-सम्बन्धमा आँच आउने वा सरकारको काम कारबाहीमा घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर, बोलेर वा सङ्केतद्वारा वा अरु कुनै किसिमले कुनै काम कुरा गरे वा गराएमा, सार्वजनिक महत्वको भवन, संरचना, कार्यालय वा अन्य स्थानमा हुलदङ्गा गरेमा, सरकारी धनमाल लुटेमा वा हानी नोक्सानी वा क्षति गरेमा, हातहतियारको दुरुपयोग गरेमा वा गम्भिर लापर्बाहीपूर्वक हराएमा वा जानाजानी बिगारेमा, सुरक्षासँग सम्बन्धित संवेदनशील सूचना अनधिकृत व्यक्ति, संस्था वा समूहलाई उपलब्ध गराएमा वा उपलब्ध गराउन प्रयास गरेमा वा अन्य कसैलाइ त्यस्तो गर्न दुरुत्साहन गरेमा, कायरता देखाई भागेमा वा दुरुपयोग गरी राज्यलाई हानी नोक्सानी पुऱ्याएमा, मादक पदार्थ सेवन गरी हातहतियार सहित कोत, सेन्ट्री वा अन्य ड्युटीमा रहेमा, अन्य सशस्त्र प्रहरी कर्मचारीलाई कुटपिट गरेमा, सीमा अपराधमा संलग्न रहेमा, अर्काको सम्पत्ति वा सामान जबर्जस्ती गरी गैरकानूनी रुपमा लिएमा, पाँच वर्ष सेवा अवधि नपुग्दै सशस्त्र प्रहरी सेवाबाट भागेमा, सशस्त्र प्रहरी कर्मचारीले प्राप्त गर्ने राशन बापतको रकममा अनियमितता गरेमा, धार्मिक, सामाजिक र साँस्कृतिक सद्भाव खलबल्याउने कार्य गरेमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीले यस ऐन बमोजिमको कसूर गरेको मानिने व्यवस्था यस दफामा गरिएको छ। यसबाट के कस्तो कार्य सशस्त्र प्रहरी कर्मचारी भई गरेमा कसूर हुने भन्नेसम्बन्धमा सेवासम्बन्धी कानूनमा व्यवस्था गरिएको छ। राष्ट्रिय सुरक्षा तथा सीमा अपराधको नियन्त्रण सहितको कार्यमा खटिने राष्ट्रसेवकका सम्बन्धमा यसरी कानूनमा व्यवस्था गरी कसूर कायम गरिएको छ। |
| १०५ | सजाय | सशस्त्र प्रहरी सेवाको कुनै सशस्त्र प्रहरी कर्मचारीले दफा १०४ बमोजिमको कसूर गरेमा कसूरको मात्रा अनुसार जन्म कैद, सात वर्षदेखि बाह्र वर्षसम्म कैद र विगो भएमा विगो भराई बिगो बमोजिम जरिबाना, पाँच वर्षदेखि सात वर्षसम्म कैद र बिगो भएमा बिगो भराई बिगो बमोजिम जरिबाना, एक वर्षदेखि पाँच वर्षसम्म कैद र बिगो भएमा बिगो भराई बिगो बमोजिम जरिबाना, तीन महिनादेखि एक वर्षसम्म कैद र बिगो भएमा बिगो भराई बिगो बमोजिम जरिबाना हुने तथा कसूरको उद्योग |


नेपाल सरकार गृह मन्त्रालय
गृह मन्त्री

| | | |
|---|---|---|
| | | गर्नेलाई त्यस्तो कसूर गर्दा हुने सजायको आधा सजाय हुने गरी सजायको व्यवस्था यस दफामा गरिएको छ। यसबाट कसूरका आधारमा सशस्त्र प्रहरी कर्मचारीलाई हुने सजाय सम्बन्धी व्यवस्था गरिएको छ। |
| १०६ | मुद्दाको प्रारम्भिक अनुसन्धान | दफा १०४ बमोजिमको कसूर भए गरेको वा हुन लागेको कुरा जानकारी हुन आएमा सम्बन्धित सशस्त्र प्रहरी कार्यालयले सो सम्बन्धी प्रतिवेदन सशस्त्र प्रहरी महानिरीक्षक समक्ष दिनु पर्ने, त्यस्तो कसूरमा कुनै सशस्त्र प्रहरी कार्यालयको प्रमुख संलग्न भएको वा हुन लागेको अवस्थामा सो भन्दा माथिल्लो कार्यालयको प्रमुखले त्यस्तो प्रतिवेदन दिनु पर्ने, त्यस्तो प्रतिवेदन प्राप्त भए पछि सशस्त्र प्रहरी महानिरीक्षकले सो सम्बन्धमा प्रारम्भिक अनुसन्धान गरी प्रतिवेदन पेश गर्न सम्बन्धित सशस्त्र प्रहरी कार्यालयको प्रमुखलाई आदेश दिने, सशस्त्र प्रहरी महानिरीक्षकले त्यस्तो कसूर गरेको वा गर्न लागेको अवस्थामा सो विषयको जानकारी पाउने जुनसुकै व्यक्ति वा अधिकारीले मन्त्रालयको सचिव समक्ष प्रतिवेदन वा जानकारी दिनु पर्ने, प्रतिवेदन वा जानकारी पाए पछि मन्त्रालयको सचिवले सो विषयमा प्रारम्भिक अनुसन्धान गरी प्रतिवेदन पेश गर्न कुनै अधिकारीलाई खटाउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट गम्भिर प्रकृतिको अपराधको अनुसन्धान भई आवश्यक कारवाही हुन जानेछ। |
| १०७ | अनुसन्धान अधिकृत वा अनुसन्धान समिति | प्रारम्भिक अनुसन्धानबाट कुनै सशस्त्र प्रहरी कर्मचारीले दफा १०४ अन्तर्गतको कुनै कसूर गरेको देखिएमा सशस्त्र प्रहरी महानिरीक्षकले सो विषयमा अनुसन्धानको लागि कम्तीमा सशस्त्र प्रहरी निरीक्षक दर्जाको प्रहरी अधिकृतलाई अनुसन्धान अधिकृतको रुपमा तोक्न वा कम्तीमा प्रहरी निरीक्षकको नेतृत्वमा अनुसन्धान समिति गठन गर्न सक्ने तथा प्रारम्भिक अनुसन्धानबाट सशस्त्र प्रहरी महानिरीक्षकले कसूर गरेको सम्बन्धमा अनुसन्धान गर्नु पर्ने भएमा मन्त्रालयको सचिवले मन्त्रालयको प्रतिनिधि समेत रहेको अनुसन्धान समिति गठन गर्ने व्यवस्था यस दफामा गरिएको छ।यसबाट प्रहरी कर्मचारीबाट भएको कसूरको अनुसन्धानका सम्बन्धमा आवश्यक सबुत जुट्न जानेछ। |
| १०८ | अनुसन्धान र मुद्दाको दायरी | अनुसन्धान अधिकृत वा अनुसन्धान समितिले त्यस्तो कसूरको अनुसन्धान गर्दा प्रमाण सङ्कलन गर्ने, पक्राउ गर्ने, खानतलासी गर्ने, कसूरसँग सम्बन्धित कागजात वा अन्य चिजवस्तु बरामद गर्ने, मुचुल्का तयार गर्ने लगायतका काम गर्दा प्रचलित कानून बमोजिम नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा सशस्त्र प्रहरीलाई भए सरहको अधिकार हुने, अनुसन्धान गर्दा कुनै कसूर सम्बन्धी अभियोग लागेको कुनै सशस्त्र प्रहरी कर्मचारीलाई पक्राउ गर्नु पर्ने भएमा अनुसन्धान अधिकृत वा अनुसन्धान समितिले सशस्त्र प्रहरी विशेष अदालतको आदेश लिई जरुरी पक्राउ पुर्जी दिई पक्राउ गर्न सक्ने. कुनै सशस्त्र प्रहरी कर्मचारीलाई तत्काल पक्राउ गर्नुपर्ने भएमा अनुसन्धान अधिकृत वा अनुसन्धान समितिले जरुरी पक्राउ पुर्जी जारी गरी पक्राउ गर्न सक्ने तथा अनुसन्धान अधिकृत वा अनुसन्धान समितिले चौबिस घण्टाभित्र सशस्त्र प्रहरी विशेष अदालत समक्ष उपस्थित गराउनु पर्नेछ र निजलाई |

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

| | | |
|---|---|---|
| | | सशस्त्र प्रहरी विशेष अदालतको आदेशले अनुसन्धानको लागि बढीमा साठी दिनसम्म थुनामा राख्न सकिने व्यवस्था यस दफामा गरिएको छ। अनुसन्धान अधिकृत वा अनुसन्धान समितिले अनुसन्धान गरी सम्बन्धित जिल्ला सरकारी वकिलको निर्णय बमोजिम सशस्त्र प्रहरी विशेष अदालतमा मुद्दा दायर गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसरी अनुसन्धानको काम कारवाही प्रहरीकै संलग्नतामा हुने भए तापनि अभियोजनसम्बन्धी कार्य सरकारी वकिलबाट हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १०९ | थुनामा राख्न सकिने | सशस्त्र प्रहरी विशेष अदालतको आदेश बमोजिम अभियुक्तलाई पूर्पक्षको लागि थुनामा राख्न सकिने व्यवस्था यस दफामा गरिएको छ। यसरी अपराधको गाम्भिर्यता र कसूरदारको अवस्थाका आधारमा दफा १०४ अन्तर्गतका कसूरका सम्बन्धमा सशस्त्र प्रहरी विशेष अदालतबाट निर्णय हुने व्यवस्था गरिएको छ। |
| ११० | नेपाल सरकार वादी हुने | सशस्त्र प्रहरी विशेष अदालतमा दायर हुने मुद्दा नेपाल सरकार वादी हुने गरी प्रस्तुत दफामा व्यवस्था गरिएको छ।यो कसूर सुरक्षाकर्मीबाट भएको कसूर हुने तथा यससम्बन्धमा मुलुकको दिर्घकालीन हितलाई समेत असर पार्ने प्रकृतिको विषय उठान भएको हुँदा प्रस्तुत मुद्दालाई सरकारवादी मुद्दाको रुपमा लिइएको छ। |
| १११ | थुना र कारागार सम्बन्धी व्यवस्था | दफा १०९ बमोजिम अभियुक्तलाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राख्नु परेमा वा फैसला बमोजिम कारागारमा राख्नु परेमा नेपालको जुनसुकै कारागारमा पठाउन सक्ने गरी व्यवस्था गरिएको छ। |
| ११२ | प्रहरी विशेष अदालत गठन हुने | दफा १०५ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्न सशस्त्र प्रहरी विशेष अदालत गठन हुने र यसमा नेपाल सरकारले तोकेको न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत अध्यक्ष, सहसचिव, मन्त्रालय सदस्य तथा सशस्त्र प्रहरी महानिरीक्षकले तोकेको कम्तीमा सशस्त्र प्रहरी नायब महानिरीक्षक दर्जाको प्रहरी अधिकृत सदस्य रहने व्यवस्था गरिएको छ।<br><br>त्यस्तै सशस्त्र प्रहरी महानिरीक्षक उपर कारबाही गर्नु पर्ने भएमा नेपाल सरकारले तोकेको अन्य कुनै पदाधिकारी वा कर्मचारी सो खण्ड बमोजिमको सदस्यको रुपमा रहने छ भने सशस्त्र प्रहरी विशेष अदालतको मुकाम काठमाडौं उपत्यकामा रहने तथा नेपाल सरकारले सशस्त्र प्रहरी विशेष अदालतमा रहेको मुद्दाको चापको आधारमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी काठमाडौं उपत्यका बाहिर समेत सोही सूचनामा तोकिए बमोजिमको प्रहरी विशेष अदालत गठन हुने व्यवस्था गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी विशेष अदालतले संविधान, कानून र न्यायका मान्य सिद्धान्त बमोजिम प्रहरी कर्मचारीबाट भएका कसूरका विषयमा आवश्यक न्याय निरुपण गर्नेछ। |
| ११३ | मुद्दा सर्ने | सशस्त्र प्रहरी ऐन, २०५८ बमोजिमका सशस्त्र प्रहरी विशेष अदालतमा दायर भई निर्णय हुन बाँकी रहेका मुद्दा सशस्त्र प्रहरी विशेष अदालतमा सर्ने व्यवस्था यस |

| | | |
|---|---|---|
| | | दफामा गरिएको छ। सशस्त्र प्रहरी ऐन, २०५८ खारेज हुने भएकोले सो बमोजिम प्रक्रियामा रहेका मुद्दा सर्ने गरी आवश्यक व्यवस्था यस दफामा गरिएको छ। |
| ११४ | मुद्दा किनारा गर्ने अवधि | सशस्त्र प्रहरी विशेष अदालतले मुद्दामा साक्षी प्रमाण बुझ्ने कार्य समाप्त भएको मितिले सामान्यतया छ महिना भित्र मुद्दाको किनारा गरिसक्नु पर्ने गरी व्यवस्था गरिएको छ। यसबाट न्याय ढिलो गर्नु न्याय नहुनु (Justice Delay Is Justice Denied) भन्ने सिद्धान्त अनुकुल हुने गरी समयमानै यस्तो विशेष प्रकृतिको मुद्दाको निरुपण हुन जानेछ। |
| ११५ | सशस्त्र प्रहरी विशेष अदालतको कार्यविधि | सशस्त्र प्रहरी विशेष अदालतले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गर्ने गरी व्यवस्था गरिएको छ। यसरी सेवासम्बन्धी कानून अन्तर्गतको कसूर जुन गम्भिर प्रकृतिको रहेको हुन्छ त्यस्तो कसूरको कारवाही किनारा तथा न्याय सम्पादनसम्बन्धी काम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिम अभियोजन, बकपत्र, थुनछेक, धरौटी वा जमानत, हिरासत तथा सजाय सहितका सारा फौजदारी न्याय प्रशासनमा अवलम्बन गरिने कार्यविधिगत व्यवस्था प्रस्तुत कसूरका विषयमा अवलम्बन गरिनेछ। |
| ११६ | सशस्त्र प्रहरी विशेष अदालतका अध्यक्ष तथा सदस्यको सुविधा | सशस्त्र प्रहरी विशेष अदालतका अध्यक्ष तथा सदस्यको सुविधा नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। यसरी सशस्त्र प्रहरी विशेष अदालतका अध्यक्ष र सदस्यको सेवा सुविधा नेपाल सरकारबाट निर्धारण हुनेछ। |
| ११७ | पुनरावेदन | सशस्त्र प्रहरी विशेष अदालतको फैसला उपर चित्त नबुझ्ने पक्षले त्यस्तो फैसलाको जानकारी पाएको मितिले सत्तरी दिनभित्र उच्च अदालत पाटन समक्ष पुनरावेदन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी विशेष अदालतको निर्णय नियमित अदालतबाट पुनरावेदनको रोहमा सुनि निर्णय हुनेछ। यसबाट न्यायीक उपचारको प्राप्तिको मार्ग खुला राखिएको छ भने एक तहको पुनरावेदनका माध्यमबाट उपचारको अवलम्बन गर्न स्वीकार गरिएको छ। |
| ११८ | बिदा | सशस्त्र प्रहरी कर्मचारीले भैपरी आउने र पर्व बिदा, घर बिदा, बिरामी बिदा, मृत्यु संस्कार बिदा, प्रसूति बिदा, प्रसूति स्याहार बिदा, विवाह बिदा, सट्टा बिदा, अध्ययन बिदा प्राप्त गर्न सक्ने व्यवस्था गरिएका छन्। त्यस्तै बिदा सशस्त्र प्रहरी कर्मचारीको अधिकारको रुपमा नभई सहुलियतको रुपमा रहने तथा बिदा सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। सशस्त्र प्रहरी कर्मचारीलाई प्रदान गरिने विदाको सम्बन्धमा व्यवस्था गरिएको छ। यसबाट के कस्ता र कति विदा प्राप्त गर्ने विषय यस दफामा व्यवस्था गरिएको छ भने अन्य विषयहरु नियमावलीद्वारा व्यवस्थित गरिने परिकल्पना यस दफामा गरिएको छ। |

| | | |
|---|---|---|
| ११९ | सेवाको सुरक्षा | कुनै पनि सशस्त्र प्रहरी कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन र पछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको वा निवृत्तिभरण पाउने गरी अवकाश पाएको कुनै सशस्त्र प्रहरी कर्मचारीको उपर्युक्त सेवाका शर्तमा कुनै प्रकारले प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मञ्जूर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन भनी सशस्त्र प्रहरी कर्मचारीको सेवाको सुरक्षा गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीका नियुक्त हुँदाका बखत कायम सेवासम्बन्धी कानूनमा कायम सेवाका शर्तमा असर पर्ने गरी सेवा सुविधा कायम नहुने सुनिश्चितता गरिएको छ। |
| १२० | असल नियतको बचाउ | सशस्त्र प्रहरी कर्मचारीले यो ऐन वा प्रचलित कानून बमोजिम आफूलाई तोकिएको कर्तव्य पालन गर्दा वा आफूलाई प्राप्त अख्तियार प्रयोग गर्दा अदालतले दिएको वा जारी गरेको म्याद, सूचना, आदेश वा वारेन्ट तामेल गर्दा असल नियतले गरेको कामको सम्बन्धमा सजायको भागी हुनु वा क्षतिपूर्ति तिर्नु पर्ने छैन र सशस्त्र प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनाको क्रममा इमान्दारीपूर्वक गरेको कुनै सरकारी कामको सम्बन्धमा नेपाल सरकारको स्वीकृति बेगर मुद्दा चल्न सक्ने छैन भनी कर्तव्य पालनाका क्रममा भए गरिएका कामको बचाउ गरिएको छ। त्यस्तै कुनै पनि सशस्त्र प्रहरी कर्मचारी उपर मुद्दा चलाउनको लागि फौजदारी मुद्दाको हकमा अख्तियारवालाको अनुमति लिनु पर्ने तथा कुनै सशस्त्र प्रहरी कर्मचारी सेवामा बहाल रहँदा आफ्नो ओहदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि समेत नेपाल सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन भनी व्यवस्था गरिएको छ। यसबाट कर्तव्य पालको सम्बन्धमा गरिएका कामका सम्बन्धमा सेवामा नरहेको अवस्थामा समेत प्रतिरक्षा हुने व्यवस्था गरिएको छ। |
| १२१ | पोशाक, दर्ज्यानी चिन्ह, झण्डा र साङ्गठनिक चिन्ह सम्बन्धी व्यवस्था | सशस्त्र प्रहरी कर्मचारीले नियमावलीमा व्यवस्था भए बमोजिमका पोशाक र दर्ज्यानी चिन्ह लगाई कार्यसम्पादन गर्नु पर्ने, सशस्त्र प्रहरी प्रधान कार्यालय र अन्य कार्यालयले प्रयोग गर्ने झण्डा तथा अन्य साङ्गठनिक चिन्ह नियमावलीमा व्यवस्था भए बमोजिम हुने तथा सशस्त्र प्रहरी कर्मचारीको पोशाक, दर्ज्यानी चिन्ह र अन्य साङ्गठनिक चिन्ह सशस्त्र प्रहरी कर्मचारी बाहेक अरु कसैले प्रयोग गर्न नपाउने गरी व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीको अपनत्व कायम हुनेछ भने अनधिकृत पोशाकसमेतको प्रयोगमा पूर्णत नियन्त्रण हुनेछ। |
| १२२ | तालिम | सशस्त्र प्रहरी कर्मचारीलाई कार्यकुशल तथा दक्ष तुल्याउन आधारभूत, सेवाकालिन तथा नेतृत्व विकास सम्बन्धी तालिम लगायत सशस्त्र प्रहरी प्रधान कार्यालयले तोके बमोजिमका अन्य तालिम प्रदान गरिने, सशस्त्र प्रहरी सेवाका विभिन्न पदको कार्य प्रकृति र जिम्मेवारी अनुसारको दक्षता र कार्यक्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको कार्यक्रम तर्जुमा, विकास र स्तर निर्धारणका लागि तोकिए बमोजिमको |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | |
|---|---|---|
| | | एक सशस्त्र प्रहरी प्रशिक्षण विकास तथा स्तर निर्धारण समिति रहने तथा सशस्त्र प्रहरी कर्मचारीलाई दिइने तालिम सम्बन्धी मापदण्ड प्रधान कार्यालयले तोके बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीको व्यवस्थापनमा प्रभावकारीता आउनेछ। |
| १२३ | एपिएफ कमाण्ड तथा स्टाफ कलेज | सशस्त्र प्रहरी सेवाका सशस्त्र प्रहरी निरीक्षक र सो भन्दा माथिका पदमा कार्यरत अधिकृतको नेतृत्व विकास गर्न एपिएफ कमाण्ड तथा स्टाफ कलेज रहने, यसले पुलिस लिडरसिप एण्ड स्टाफ कोर्ष सञ्चालन गर्ने तथा यसले सशस्त्र प्रहरी सेवासँग सम्बन्धित अन्य कोर्ष समेत सञ्चालन गर्न सक्ने गरी व्यवस्था गरिएको छ। यसबाट अधिकृस्तरका सशस्त्र प्रहरी कर्मचारीले अनिवार्य रुपमा एपिएफ पुलिस लिडरसीप एण्ड स्टाफ कोर्षमा सहभागी हुने गरी सङ्ख्या, छनौट मापदण्ड सम्बन्धी व्यवस्था मिलाइएको छ । |
| १२४ | सेवा समूह परिवर्तन नगरिने | सशस्त्र प्रहरी कर्मचारीलाई अन्य सुरक्षा निकायको सेवामा सेवा परिवर्तन गरिने छैन र अन्य सुरक्षा निकायको सेवाका कर्मचारीलाई सशस्त्र प्रहरी सेवामा प्रवेश गराइने छैन भनी स्पष्ट व्यवस्था यस दफामा गरिएको छ। |
| १२५ | सशस्त्र प्रहरी कल्याणकारी कोष | सशस्त्र प्रहरी कर्मचारी र निजका परिवार, सेवा निवृत्त सशस्त्र प्रहरी कर्मचारी र निजका परिवार तथा अमर सशस्त्र प्रहरीका परिवारको कल्याणका लागि एउटा छुट्टै सशस्त्र प्रहरी बल कल्याणकारी कोष रहने तथा यस कोष सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १२६ | स्वास्थ्य बीमा योजना लागू गर्ने | सशस्त्र प्रहरी कर्मचारी तथा सशस्त्र प्रहरी कर्मचारीको परिवारका सदस्यको औषधि उपचारका लागि प्रचलित कानून बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषसँग आवद्ध गरी योगदानमा आधारित स्वास्थ्य बीमा योजना नेपाल सरकारले लागू गर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीलाई औषधि उपचारको लागि थप पारिवारिक दायित्व पर्न जाने छैन र सेवा प्रवाहमा प्रहरी कर्मचारी संलग्न भई रहन उत्प्रेरित हुनेछन्। |
| १२७ | आवास सुविधा | सशस्त्र प्रहरी कर्मचारीलाई जग्गा खरिद तथा आवास निर्माणका लागि सस्तो व्याज दरमा ऋण उपलब्ध गराउन नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्ने तथा सशस्त्र प्रहरी कर्मचारीको आवास सुविधाका लागि कर्मचारी सञ्चय कोष वा सामाजिक सुरक्षा कोषसँग आवद्ध गरी आवास कार्यक्रम लागू गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट आवास व्यवस्थापनमा सहजीकरण हुन जानेछ। |
| १२८ | सवारी सुविधा | राजपत्राङ्कित प्रथम श्रेणी र सो भन्दा माथिको सशस्त्र प्रहरी कर्मचारीलाई नियमावलीमा व्यवस्था भए बमोजिम सवारी साधन सुविधा उपलब्ध गराइने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सवारी साधनको प्रयोगका सम्बन्धमा आधार तय हुनेछ जसबाट स्रोतसाधनको उपयोगमा सहजीकरण हुन जानेछ। |
| १२९ | पीरमर्का र | सशस्त्र प्रहरी कर्मचारीले यो ऐन वा प्रचलित कानून बमोजिम अन्यत्र उजुरी वा |

| | | |
|---|---|---|
| | गुनासो सुनुवाइको व्यवस्था | पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदान गरिएका सेवा, शर्त, सुविधा र कर्मचारीसँग सरोकार राख्ने कुनै पनि विषयमा आफूलाई पीरमर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्बन्धित अधिकारी वा निकायलाई जानकारी गराउँदा पनि कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का र गुनासो तोकिएको अधिकारी वा निकाय समक्ष तोकिए बमोजिम राख्न सक्ने गरी गुनासो सुनुवाई तथा सोको व्यवस्थापनका सम्बन्धमा आवश्यक व्यवस्था यस दफामा गरिएको छ। यसबाट संगठनभित्र आन्तरीक सुशासन कायम हुन जानेछ। |
| १३० | खेलाडी प्रहरी कर्मचारीको बढुवा | खेलको माध्यमबाट अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रको मान, प्रतिष्ठा र गौरव बढाउन विशेष योगदान पुऱ्याएका सशस्त्र प्रहरी कर्मचारीको लागि तोकिए बमोजिमको विशेष दरबन्दी सिर्जना गरी एक तह माथिको पदमा बढुवा गर्न सकिने, यसका लागि सिर्जना गरिएको विशेष पद त्यस्तो सशस्त्र प्रहरी कर्मचारी माथिल्लो पदमा बढुवा वा अवकाश भएपछि स्वत: खाली हुने तथा त्यस्तो विशेष पद वा दरबन्दी सिर्जना गर्ने आधार सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था गरिने व्यवस्था गरिएको छ। यसबाट खेलका माध्यमबाट मुलुकको पहिचान वृद्धि गर्ने राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीलाई बढुवा गरी मनोबल बढाउन प्रस्तुत व्यवस्था गरिएको छ। |
| १३१ | सशस्त्र प्रहरी कर्मचारीको अभिलेख व्यवस्थापन | सशस्त्र प्रहरी कर्मचारीको अभिलेख व्यवस्थापन राष्ट्रिय किताबखानाले गर्नेछ भने सशस्त्र प्रहरी कर्मचारीको अभिलेख व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरी कर्मचारीको अभिलेख व्यवस्थित हुनेछ। |
| १३२ | विषय विज्ञको सेवा लिन सक्ने | सशस्त्र प्रहरी प्रधान कार्यालयले सुरक्षा, कानून, अध्ययन अन्वेषण तथा प्राविधिक विषयमा विषय विज्ञको सेवा लिन सक्ने र यस सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने गरी व्यवस्था गरिएको छ। विषयगत विज्ञको सेवा प्राप्त गरी कार्यसम्पादन गर्दा अझ बढी गुणस्तरीयता कायम हुनुका साथै सेवा प्रवाह अझ चुस्त हुन जानेछ। |
| १३३ | अवकाश प्राप्त कर्मचारीलाई काममा लगाउन सकिने | नेपालमा कुनै कारणले विशेष परिस्थिति सिर्जना भई शान्ति सुव्यवस्थामा खलल पुगेमा, संकटकाल घोषणा भएमा, विपद्, महामारी वा अन्य कुनैपनि कारणले शान्ति सुरक्षा वा निर्वाचन वा उद्दार कार्यको लागि सुरक्षाकर्मी परिचालन गर्न सशस्त्र प्रहरी सेवाको मौजुदा जनशक्ति पर्याप्त नभएमा निवृत्तिभरण प्राप्त गरी अवकाश भएका सशस्त्र प्रहरी कर्मचारीलाई प्रधान कार्यालयको सिफारिसमा मन्त्रालयले काममा लगाउन सक्ने तथा अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीले प्रचलित कानून विपरीत कार्य गरेमा वा पदमा रहँदा जानकारी भएको सुरक्षासँग सम्बन्धित गोप्य सूचना वा सरकारी सूचना सामाजिक सञ्जालको दुरुपयोग गरी वा अन्य कुनै माध्यमद्धारा चुहावट गर्ने कार्य गरी नेपाल सरकार वा सशस्त्र प्रहरी बल, नेपालको विरुद्धमा अनुचित भ्रम सिर्जना गरेमा निजले लिएको सुविधा घटाउन वा सुविधाबाट वञ्चित गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

| | | |
|---|---|---|
| १३४ | प्रयोग नहुने सामानको व्यवस्थापन | सशस्त्र प्रहरीमा विभिन्न स्रोतबाट प्राप्त भई विभिन्न तालिम, चाँदमारी, सशस्त्र प्रहरी कारबाही लगायतका प्रयोजनमा प्रयोग भएका वा मर्मत गर्दा समेत काममा प्रयोग हुन नसक्ने तथा मर्मत गर्दा खरिद लागत भन्दा बढी मूल्य पर्न जाने गोलिगठ्ठा वा अन्य नियन्त्रित सामान सडाउन, गलाउन, मिन्हा दिन, लिलाम गर्न वा धुल्याउन तोकिए बमोजिमको समितिको सिफारिसमा सशस्त्र प्रहरी महानिरीक्षकले आदेश दिन सक्ने व्यवस्था यस दफामा गरिएको छ। जसको लागि नियमावलीमा आवश्यक व्यवस्था गरी गलाउनु, धुल्याउनु वा सडाउनु पर्ने कागजात लगायत अन्य सामानहरू धुल्याइने व्यवस्था गरिएको छ। |
| १३५ | अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रहरी सङ्गठनमा सहभागिता | सशस्त्र प्रहरीले अन्तर्राष्ट्रिय आतङ्कवाद, बहुराष्ट्रिय प्रकृतिका अपराध तथा सीमा अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानका लागि समन्वयात्मक उद्देश्यले स्थापना भएका अन्तर्राष्ट्रिय वा क्षेत्रीय प्रहरी सङ्गठनमा नेपाल सरकारको निर्णय बमोजिम सदस्यको हैसियतले काम गर्न वा बैठकमा सहभागी हुन सक्ने गरी व्यवस्था गरिएको छ। यसबाट अन्तर्राष्ट्रिय जगतसँगको सहकार्य तथा समन्वयबाट अन्तर्राष्ट्रिय आतङ्कवाद, बहुराष्ट्रिय प्रकृतिका अपराध तथा सीमा अपराधको रोकथाम हुन जानेछ। |
| १३६ | ड्युटीमा रहेको मानिने | सशस्त्र प्रहरी कर्मचारी जुनसुकै समयमा ड्युटीमा रहेको मानिनेछ र सशस्त्र प्रहरी कर्मचारीलाई सरकारी कामको सिलसिलामा नेपालको कुनै पनि भागमा खटाउन सकिने गरी यस दफामा व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरीको सेवा प्रवाह थप व्यवस्थित हुनेछ। |
| १३७ | सुत्र परिचालन गर्न सक्ने | सशस्त्र प्रहरी बल, नेपाल परिचालित भएको अवस्थामा शान्ति सुव्यवस्था कायम गर्न, सीमा अपराध तथा अन्य अपराध नियन्त्रण गर्न अन्तर्राष्ट्रिय सीमा क्षेत्र र अन्य संवेदनशिल क्षेत्रमा आवश्यक पर्ने सूचना सङ्कलनको लागि गोप्य रुपमा तोकिए बमोजिम सादा पोसाकमा सूत्र परिचालन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट सशस्त्र प्रहरीको सञ्चालन तथा व्यवस्थापन थप व्यवस्थित हुन जानेछ। |
| १३८ | केन्द्रिय सुरक्षा समिति | नेपाल सरकारलाई आवश्यक सुझाव दिन देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरु रहेको केन्द्रिय सुरक्षा समिति रहने। जसमा गृह मन्त्री वा राज्यमन्त्री अध्यक्ष, सचिव, गृह मन्त्रालय, सचिव, रक्षा मन्त्रालय,वलाधिकृत, नेपाली सेना, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक र प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग सदस्य रहने व्यवस्था गरिएको छ भने सहसचिव, गृह मन्त्रालय सदस्य-सचिव रहने व्यवस्था गरिएको छ। त्यस्तै केन्द्रिय सुरक्षा समितिको बैठकमा आवश्यकता अनुसार अन्य सम्बन्धित अधिकारीलाई आमन्त्रण गर्न सकिने गरी सुरक्षा व्यवस्थालाई प्रभावकारी र समन्वयात्मक रुपमा सञ्चालन गर्न प्रस्तुत व्यवस्था गरिएको छ। |
| १३९ | समन्वय समिति | नेपालभर शान्ति र सुव्यवस्था कायम गर्ने कार्यमा सशस्त्र प्रहरी बल, नेपाल र |

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

| | | |
|---|---|---|
| | | अन्य प्रहरी सङ्गठनको बिच सामञ्जस्यता ल्याउन र समन्वय गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा सशस्त्र प्रहरी महानिरीक्षक, प्रहरी महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान महानिर्देशक सदस्य रहेको एक समन्वय समिति रहने, सुरक्षासँग सम्बन्धित सुझावहरु राष्ट्रिय सुरक्षा समिति तथा नेपाल सरकारलाई उपलब्ध गराउन सक्ने तथा समन्वय समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्ने गरी व्यवस्थित गरिएको छ। यसबाट समन्वय भई सीमा अपराध सहितका विषयमा थप व्यवस्थापन हुन जानेछ। |
| १४० | मुद्दा चलाउन बाधा नपर्ने | कुनै सशस्त्र प्रहरी कर्मचारीले यो ऐन वा अन्य प्रचलित कानून बमोजिम कसूर ठहरिने अपराध गरेमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारी उपर विभागीय कारबाही र सजाय भएकै कारणले मात्र यो ऐन वा अन्य प्रचलित कानून बमोजिम निजलाई मुद्दा चलाउन र सजाय गर्नमा बाधा पुऱ्याएको मानिने छैन भने यसरी मुद्दा चलाउनु पर्ने भएमा मुद्दा चलाउनु पर्ने कारण सहित प्रधान कार्यालयलाई लिखित जानकारी गराउनु पर्ने व्यवस्था गरिएको छ। |
| १४१ | अधिकार प्रत्यायोजन | यस ऐनले कुनै अधिकारीलाई दिएको अधिकार आफ्नो सामान्य रेखदेखमा काम गर्ने गरी निजले आफू मुनिको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने गरी व्यवस्था गरिएको छ भने विभागीय सजाय सम्बन्धी कारबाही गर्ने अधिकार प्रत्यायोजन हुने छैन भनी व्यवस्था गरिएको छ। यसबाट विभागी कारवाही गर्ने अधिकार बाहेक अन्य अधिकार प्रत्यायोजन भई काम कारकाही हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १४२ | नियम बनाउने अधिकार | यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ भनी यस दफामा व्यवस्था गरिएको छ। यसबाट प्रयत्यायोजित विधायनको सीमाभित्र रही नेपाल सरकारले सशस्त्र प्रहरी बल, नेपालका सम्बन्धमा आवश्यक नियम बनाउने छ। |
| १४३ | कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्ने | यो ऐन वा यस ऐन अन्तरर्गत बनेको नियम कार्यान्वयन गर्न गृह मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट यस ऐन तथा यस अन्तर्गत बनेको नियमको अधीनमा रही सशस्त्र प्रहरीको लागि आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड नेपाल सरकारको गृह मन्त्रालयले बनाई सशस्त्र प्रहरीको कार्यमा सहजीकरण हुन जानेछ। |
| १४४ | खारेजी र बचाउ | सशस्त्र प्रहरी ऐन, २०५८ खारेज गरिएको छ भने सशस्त्र प्रहरी ऐन, २०५८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने गरी व्यवस्था गरिएको छ। यसबाट सशस्त्र प्रहरी बल, नेपाल का सशस्त्र प्रहरी कर्मचारीहरुका सम्बन्धमा आवश्यक प्रबन्ध हुन जानेछ। |

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

# <u>सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक</u>

<u>**प्रस्तावना:**</u> सशस्त्र प्रहरी सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी व्यवस्था गरी सशस्त्र प्रहरी बल, नेपाललाई नेपालको संविधान, प्रचलित कानून तथा मानव अधिकारप्रति प्रतिबद्ध, व्यावसायिक, जवाफदेही र प्रभावकारी बनाउँदै शान्ति, सुरक्षा तथा सुव्यवस्था, विपद् व्यवस्थापन, नेपाल राज्यको सीमा सुरक्षा, सीमा अपराध नियन्त्रण लगायतका काममा परिचालन गर्नका लागि सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी कानूनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भ:**</u> (१) यस ऐनको नाम "सशस्त्र प्रहरी बल, नेपाल ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषा:**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा १९ बमोजिम सशस्त्र प्रहरी सेवाको पदमा नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ।

(ख) "अधिकृत" भन्नाले सशस्त्र प्रहरी निरीक्षक वा सो भन्दा माथिल्लो पदका सशस्त्र प्रहरी कर्मचारी सम्झनु पर्छ।

(ग) "अन्तर्राष्ट्रिय सीमा" भन्नाले नेपाल-भारत वा नेपाल-चीन बिचको सीमा रेखा सम्झनु पर्छ।

(घ) "अन्य प्रहरी" भन्नाले नेपाल प्रहरी र प्रदेश प्रहरी सम्झनु पर्छ।

(ङ) "अमर सशस्त्र प्रहरी" भन्नाले कुनै आतङ्ककारी वा हतियारधारी समूहको कारबाही वा अन्य कुनै प्रकारको सशस्त्र मुठभेड, आक्रमण वा विष्फोटनमा परी वा त्यस्तो समूह विरुद्धको कारबाहीमा वा विपद् वा कुनै महामारी उद्दार कार्य वा कुनै जोखिमपूर्ण र चुनौतीपूर्ण काममा खटिएका बखत कुनै आकस्मिक दुर्घटनामा परी वीरगति प्राप्त सशस्त्र प्रहरी कर्मचारी सम्झनु पर्छ।

(च) "कमाण्ड" भन्नाले सशस्त्र प्रहरी बल, नेपालको बजेट सञ्चालन हुने स्थायी कार्यालयमा सशस्त्र प्रहरी अधिकृतलाई कार्यालय प्रमुखको रुपमा सुम्पिएको जिम्मेवारी सम्झनु पर्छ र सो शब्दले अस्थायी कार्यालयमा दिइने कार्यालय प्रमुखको जिम्मेवारीलाई समेत जनाउँछ।

(छ) "कमाण्ड तथा स्टाफ कोर्ष" भन्नाले दफा १२३ बमोजिमको एपिएफ कमाण्ड तथा स्टाफ कलेजमा सञ्चालन गरिने एपिएफ कमाण्ड तथा स्टाफ कोर्ष सम्झनु पर्छ र सो शब्दले अन्य मुलुक वा निकायमा सञ्चालन हुने कमाण्ड तथा स्टाफ कोर्षलाई समेत जनाउँछ।

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

(ञ) "कार्यालय प्रमुख" भन्नाले तोकिए बमोजिमको कार्यालयको प्रमुखको रुपमा काम गर्ने सशस्त्र प्रहरी अधिकृत सम्झनु पर्छ।

(झ) "जवान" भन्नाले सशस्त्र प्रहरी जवान सम्झनु पर्छ।

(ञ) "जुनियर अधिकृत" भन्नाले सशस्त्र प्रहरी सहायक निरीक्षक, सशस्त्र प्रहरी नायब निरीक्षक र सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक पदको सशस्त्र प्रहरी कर्मचारी सम्झनु पर्छ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ठ) "पदपूर्ति समिति" भन्नाले दफा १६ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ।

(ड) "परिवार" भन्नाले सशस्त्र प्रहरी कर्मचारीसँग बस्ने वा निजले पालन पोषण गर्नु पर्ने निजको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा वा सौतेनी आमा, बाजे र बज्यै सम्झनु पर्छ र सो शब्दले विवाहित सशस्त्र प्रहरी कर्मचारीको हकमा निजसँग बस्ने वा निजले पालन पोषण गर्नुपर्ने निजको सासू ससुरालाई समेत जनाउँछ।

(ढ) "प्रधान कार्यालय" भन्नाले सशस्त्र प्रहरी बल, नेपालको प्रधान कार्यालय सम्झनु पर्छ।

(ण) "बढुवा समिति" भन्नाले दफा २९ बमोजिमको बढुवा समिति सम्झनु पर्छ।

(त) "बिल्लादार" भन्नाले सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार र सशस्त्र प्रहरी सहायक हवल्दार सम्झनु पर्छ।

(थ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ।

(द) "राष्ट्रिय किताबखाना" भन्नाले सशस्त्र प्रहरी कर्मचारीको अभिलेख राख्ने निकाय सम्झनु पर्छ।

(ध) "सशस्त्र प्रहरी कर्मचारी" भन्नाले सशस्त्र प्रहरी सेवाका सशस्त्र प्रहरी अधिकृत, जुनियर अधिकृत, बिल्लादार, जवान वा सशस्त्र प्रहरी परिचर पदमा बहाल रहेका सशस्त्र प्रहरी कर्मचारी सम्झनु पर्छ।

(न) "सशस्त्र प्रहरी परिचर" भन्नाले सशस्त्र प्रहरी सेवाको आधारभूत श्रेणीमा बहाल रहेको सशस्त्र प्रहरी कर्मचारी सम्झनु पर्छ।

(प) "सशस्त्र प्रहरी विशेष अदालत" भन्नाले दफा ११२ बमोजिमको सशस्त्र प्रहरी विशेष अदालत सम्झनु पर्छ।

(फ) "सशस्त्र प्रहरी सेवा" भन्नाले दफा ३ बमोजिमको सशस्त्र प्रहरी सेवा सम्झनु पर्छ।

(ब) "सीमा अपराध" भन्नाले अन्तर्राष्ट्रिय सीमाबाट हुने चोरी निकासी, मानव बेचविखन वा प्रचलित कानून विपरीत गरिने हातहतियार, वन्यजन्तु, आखेटोपहार, जाली नोट, निर्माणमुखी सामग्री, वनजन्य वा वनस्पतिजन्य वस्तु, भन्सार छली गरी

ल्याइएका सामान, मदिरा तथा लागू औषध ओसारपसार तथा अन्य अन्तर्राष्ट्रिय सीमासँग सम्बन्धित अवैध कार्य सम्झनु पर्छ।

(भ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शव्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

## परिच्छेद-२

## सशस्त्र प्रहरी बल, नेपालको गठन, प्रशासन र सञ्चालन

३. **सशस्त्र प्रहरी बल, नेपालको गठनः** (१) नेपालमा एक सशस्त्र प्रहरी बल, नेपाल सङ्गठन रहनेछ।

(२) सशस्त्र प्रहरी बल, नेपालको सङ्गठन सञ्चालन गर्न सशस्त्र प्रहरी सेवा रहनेछ।

(३) सशस्त्र प्रहरी बल, नेपालको सङ्गठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ।

(४) सशस्त्र प्रहरी बल, नेपाललाई आवश्यक पर्ने हातहतियार तथा खरखजाना नेपाल सरकारले उपलब्ध गराउनेछ।

४. **सशस्त्र प्रहरी सेवामा रहने समूहः** सशस्त्र प्रहरी सेवामा विशिष्टीकृत कार्य प्रकृतिको आधारमा देहाय बमोजिमका समूह तथा उपसमूह रहनेछन्:-

(क) सशस्त्र प्रहरी साधारण समूहः

(१) साधारण उपसमूह,

(२) कानून उपसमूह,

(३) लेखा उपसमूह।

(ख) सशस्त्र प्रहरी प्राविधिक समूहः

(१) स्वास्थ्य उपसमूह,

(२) इन्जिनियरिङ्ग तथा सञ्चार प्रविधि उपसमूह।

५. **श्रेणी र पदः** (१) सशस्त्र प्रहरी सेवामा देहाय बमोजिमका श्रेणी र पद रहनेछन्:-

(क) राजपत्राङ्कित श्रेणीः

| | |
|---|---|
| (१) विशिष्ट श्रेणी | - सशस्त्र प्रहरी महानिरीक्षक |
| | - सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक |
| (२) प्रथम श्रेणी | - सशस्त्र प्रहरी नायब महानिरीक्षक |
| | - सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक |
| (३) द्वितीय श्रेणी | - सशस्त्र प्रहरी उपरीक्षक |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

- सशस्त्र प्रहरी नायब उपरीक्षक

(४) तृतीय श्रेणी - सशस्त्र प्रहरी निरीक्षक

(ख) राजपत्र अनङ्कित श्रेणीः

(१) प्रथम श्रेणी - सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक

- सशस्त्र प्रहरी नायब निरीक्षक

(२) द्वितीय श्रेणी - सशस्त्र प्रहरी सहायक निरीक्षक

(३) तृतीय श्रेणी - सशस्त्र प्रहरी वरिष्ठ हवल्दार

- सशस्त्र प्रहरी हवल्दार

- सशस्त्र प्रहरी सहायक हवल्दार

(४) चतुर्थ श्रेणी - सशस्त्र प्रहरी जवान

(ग) आधारभूत श्रेणीः परिचर वा सो सरह।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको आधारभूत श्रेणीमा देहाय बमोजिमका स्तर रहनेछन्ः-

(क) प्रथम

(ख) द्वितीय

(ग) तृतीय

(घ) चतुर्थ

(ङ) पञ्चम

(३) उपदफा (२) बमोजिमको स्तरमा हुने स्तरवृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **सङ्गठन संरचना र दरबन्दी सिर्जनाः** (१) सशस्त्र प्रहरी बल, नेपालको सङ्गठन संरचना र सशस्त्र प्रहरी कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठन संरचना र दरबन्दी निर्धारण गर्ने प्रयोजनको लागि सिफारिस गर्न विशेषज्ञ समेत रहेको तोकिए बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछ।

(३) उपदफा (२) बमोजिम सङ्गठन संरचना र दरबन्दी निर्धारण गर्दा देहाय बमोजिमका विषयलाई आधार मानिनेछः-

(क) सशस्त्र प्रहरी बल, नेपाललाई दिइएको जिम्मेवारी, कार्यक्रम, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, उपलब्ध मानवस्रोत, लागत प्रभावको विश्लेषण तथा नवीन प्रविधिको प्रयोगको अवस्था,



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

(ख) शान्ति सुरक्षाको स्थिति तथा सम्भाव्य चुनौतीहरु,

(ग) सशस्त्र प्रहरी कर्मचारीको सङ्ख्या, भौगोलिक अवस्था र जनसङ्ख्याको अनुपात,

(घ) सहरीकरण, विकास र औद्योगिकीकरण,

(ङ) सीमा सुरक्षाको संवेदनशीलता,

(च) कुनै खास प्रकृतिको सेवा, सुरक्षा प्रदान गर्नु पर्ने अवस्था,

(छ) नेपाल सरकारले समय समयमा तोके बमोजिमको थप जिम्मेबारी, र

(ज) तोकिए बमोजिमका अन्य आधार।

७. **परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षणः** (१) नेपाल सरकार, मन्त्रिपरिषद्‌ले सशस्त्र प्रहरी बल, नेपालको सञ्चालन गर्नेछ।

(२) मन्त्रालयले देहाय बमोजिमको कार्यका लागि सशस्त्र प्रहरी बल, नेपाललाई परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण गर्नेछः-

(क) अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा,

(ख) औद्योगिक क्षेत्र तथा सोको करिडोरको सुरक्षा,

(ग) रेल्वे सुरक्षा,

(घ) भन्सार सुरक्षा र राजस्व चुहावट नियन्त्रणमा सहयोग,

(ङ) लागु औषध नियन्त्रणमा सहयोग,

(च) विपद् खोज, उद्धार र व्यवस्थापन,

(छ) नेपाल सरकारले तोके बमोजिमका व्यक्ति, प्रतिष्ठान, सार्वजनिक महत्त्वका भवन, संरचना, राजमार्ग, राष्ट्रिय गौरवका आयोजना र अन्य स्थलको सुरक्षा,

(ज) अपहरित वा बन्धक व्यक्तिको उद्दार,

(झ) हुल तथा दङ्गा नियन्त्रण र व्यवस्थापन,

(ञ) प्रचलित कानून बमोजिम तोकिएका कार्य,

(ट) नेपाल सरकारले तोके बमोजिमका अन्य कार्य।

(३) नेपाल सरकार, मन्त्रिपरिषद्‌ले देहाय बमोजिमको कार्यको लागि सशस्त्र प्रहरी बल, नेपाललाई विशेष परिचालन गर्नेछः-

(क) सशस्त्र विद्रोह, सशस्त्र सङ्घर्ष वा पृथकतावादी गतिविधि नियन्त्रण,

(ख) आतङ्ककारी गतिविधि नियन्त्रण,

(ग) निर्वाचनको सुरक्षा,

(घ) खण्ड (क), (ख) वा (ग) को अवस्थामा नेपाली सेना समेत परिचालन भएकोमा सो अवधिभर सम्बन्धित ठाउँमा कार्यरत सशस्त्र प्रहरी कर्मचारी नेपाली सेनाको

प्रत्यक्ष निर्देशनमा रही कार्य गर्न,

(ङ) बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको प्रत्यक्ष निर्देशनमा रही परिचालन हुन।

(४) शान्ति, सुव्यवस्था कायम गर्न तथा नागरिकको जीउ, धन र स्वतन्त्रताको रक्षाको लागि प्रमुख जिल्ला अधिकारीको निर्देशनमा रही अन्य प्रहरीलाई सहयोग गर्न मन्त्रालयले सशस्त्र प्रहरी बल, नेपाललाई परिचालन गर्न सक्नेछ।

(५) यस दफा बमोजिम सशस्त्र प्रहरी बल, नेपाललाई परिचालन गर्दा अन्य सुरक्षा निकायको काम, कर्तव्य र अधिकारसँग दोहोरो नपर्ने गरी गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम परिचालन भएको अवस्थामा सशस्त्र प्रहरी कर्मचारी तोकिएको अधिकारीको रेखदेख, नियन्त्रण र निर्देशनमा रहनेछ।

(७) यस दफा बमोजिम परिचालन भएको सशस्त्र प्रहरी कर्मचारीलाई प्रमुख जिल्ला अधिकारी वा तोकिएको अधिकारीले निर्देशन दिँदा त्यसरी खटिएको सशस्त्र प्रहरी कार्यालयको प्रमुख मार्फत दिनु पर्नेछ।

८. <u>अन्तर्राष्ट्रिय सीमा सुरक्षा तथा सीमा अपराध नियन्त्रण गर्न परिचालन गर्न सकिने:</u> (१) नेपाल सरकारले अन्तर्राष्ट्रिय सीमा स्तम्भको सुरक्षा, संरक्षण र मर्मत गर्न तथा सीमा क्षेत्रमा हुने सीमा अपराध नियन्त्रण गर्न सशस्त्र प्रहरी बल, नेपाललाई अन्तर्राष्ट्रिय सीमा सुरक्षामा परिचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अन्तर्राष्ट्रिय सीमा सुरक्षामा परिचालन हुँदा सशस्त्र प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा रहेका सीमा स्तम्भको संरक्षण तथा रेखदेख गर्ने,

(ख) सीमा स्तम्भ तोडफोड गर्ने, भत्काउने तथा गायब गर्ने कार्यमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिई आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउने,

(ग) सीमा स्तम्भको मर्मत सम्भार गर्नुपर्ने देखिएमा सम्बन्धित निकायसँग समन्वय गरी मर्मत सम्भार गर्ने,

(घ) समकक्षी विदेशी सुरक्षा निकायसँग आवश्यक सूचना आदान प्रदान तथा समकक्षी बैठक (फ्ल्याग मिटिङ्ग) आयोजना गर्ने,

(ङ) दसगजा क्षेत्र अतिक्रमण गरी निर्माण भएका भौतिक संरचना हटाउने तथा अतिक्रमण हुनबाट जोगाउने कार्यमा समन्वय र सहकार्य गर्ने,

(च) अन्तर्राष्ट्रिय सीमा सम्बन्धी गोप्य प्रतिवेदन तथा दस्तावेजको सुरक्षा गर्ने,

(छ) सीमा अपराधमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा पठाउने,

(ज) अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा बरामद हुन आएका चोरी पैठारीका सामान वा प्रचलित कानूनद्वारा प्रतिबन्धित चिजवस्तु वा स्रोत नखुलेको अवैध रकम नियन्त्रणमा लिई प्रचलित कानून बमोजिमको कारबाहीको लागि सम्बन्धित निकायमा पठाउने,

(झ) सीमा अपराध तथा अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने सङ्गठित अपराध नियन्त्रणमा

सहयोग गर्ने,

(ञ) अध्यागमन सम्बन्धी प्रचलित कानून विपरीत बिना प्रवेशाज्ञा विदेशी नागरिक नेपालको सीमाभित्र प्रवेश गरेमा नियन्त्रणमा लिई सम्बन्धित अध्यागमन कार्यालयमा बुझाउने,

(ट) अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा गैरकानूनी गतिविधिमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिने, खानतलासी गर्ने र प्रारम्भिक जाँचबुझ गरी प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा पठाउने,

(ठ) सङ्कटापन्न वन्यजन्तु तथा वनस्पति, पशुपन्छी तथा चौपाया, प्राकृतिक स्रोत तथा नदीजन्य निर्माण सामग्री, गैरकाष्ठ वन पैदावारको अवैध ओसारपसारको नियन्त्रणमा सहयोग गर्ने,

(ड) मानव बेचबिखन र अवैध ओसारपसारजन्य कार्यलाई निगरानी गर्ने तथा त्यस्तो कार्यको नियन्त्रणमा सहयोग गर्ने।

(३) यस दफा बमोजिम अन्तर्राष्ट्रिय सीमा सुरक्षाको प्रयोजनको लागि प्रधान कार्यालयले तोकिए बमोजिम अन्तर्राष्ट्रिय सीमा नक्सा र अभिलेख तयार गरी सुरक्षित राख्नु पर्नेछ।

(४) अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सशस्त्र प्रहरी बल, नेपाललाई परिचालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. <u>**सशस्त्र प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः**</u> (१) सशस्त्र प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खटिएको स्थानमा गई आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्ने,

(ख) आचरण तथा अनुशासनमा रहने तथा कमाण्डरले दिएको आदेश तदारुकताका साथ कार्यान्वयन गर्ने,

(ग) आफू वा आफ्नो टोलीलाई सुम्पिएको कामप्रति सचेत र सतर्क रहने,

(घ) अधिकार प्राप्त अधिकारीले कानून बमोजिम दिएको आदेश पालना गर्ने,

(ङ) सुरक्षा प्रतिकूल क्रियाकलाप, शान्ति सुरक्षमा खलल पुऱ्याउने गतविधि, खराब चरित्र भएका वा शङ्कित वा फौजदारी अपराधमा अदालतबाट सजाय पाएका व्यक्ति, त्यस्ता व्यक्तिका गतिविधि र भेला हुने ठाउँबारेमा जानकारी पाएमा तत्काल आफ्नो कमाण्डरलाई प्रतिवेदन गर्ने,

(च) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित कानून बमोजिम तोकिएका अन्य काम गर्ने।

(२) दफा ७ वा ८ बमोजिम परिचालन भएको अवस्थामा कुनै घटनासँग सम्बन्धित सबुद प्रमाण लोप हुने वा नष्ट हुने सम्भावना भएमा प्रारम्भिक अनुसन्धान कार्यमा सहयोग पुग्ने गरी सशस्त्र प्रहरी कर्मचारीले घटनास्थलको सुरक्षा गर्नु पर्नेछ।

(३) दफा ७ वा ८ बमोजिम परिचालन भएको अवस्थामा सशस्त्र प्रहरी कर्मचारीले कुनै कसूरमा संलग्न रहेको वा प्रचलित कानून बमोजिम पक्राउ गर्नुपर्ने व्यक्ति वा शान्ति सुरक्षामा असर पार्न सक्ने व्यक्तिलाई नियन्त्रणमा लिन सक्नेछ।

(४) सशस्त्र प्रहरी अधिकृतले आफू खटिएको क्षेत्रको कुनै स्थान, भवन वा सवारी साधनमा प्रचलित कानून बमोजिम निषेधित वस्तु वा अपराधमा संलग्न व्यक्ति रहे बसेको छ भन्ने शङ्का गर्नु पर्ने पर्याप्त र मनासिब आधार भएमा प्रचलित कानून बमोजिम त्यस्तो स्थान, भवन वा सवारी साधनको खानतलासी गर्न र फेला परेको दसी प्रमाण बरामद गर्न वा नियन्त्रणमा लिन सक्नेछ। यसरी खानतलासी र दसी प्रमाण बरामद वा नियन्त्रण गरिएकोमा सोको प्रतिवेदन तथा बरामद भएको वा नियन्त्रणमा लिइएको दसी प्रमाण यथाशीघ्र अन्य प्रहरी वा अनुसन्धान गर्ने निकायमा बुझाउनु पर्नेछ।

(५) यस ऐन बमोजिम खटिएको सशस्त्र प्रहरी कर्मचारीलाई दिइएको जिम्मेवारी पूरा गर्न नदिने गरी कसैले जोरजुलुम गर्ने, हातहतियार उठाई वा नउठाई हमला गर्ने वा कर्तव्य पालना गर्न अवरोध पुऱ्याउने कार्य गरेमा वा त्यस्तो कार्य गर्ने प्रयत्न गरेमा यसरी खटिएको सशस्त्र प्रहरी कर्मचारीले आफ्नो जीउ वा आफूले सुरक्षा दिनुपर्ने व्यक्ति वा स्थानको सुरक्षा गर्न वा बचाउ गर्न वा पक्राउ गर्न तत्काल बल प्रयोग नगरी तोकिएको कर्तव्य पालना गर्न नसकिने अवस्था भएमा आवश्यक बल प्रयोग गर्न सक्नेछ।

(६) उपदफा (३), (४) वा (५) बमोजिम पक्राउ वा खानतलासी गर्दा शङ्कास्पद व्यक्ति पक्राउ गर्नु परेमा त्यस्तो व्यक्तिलाई पक्राउको सूचना दिई नियन्त्रणमा लिई यथाशक्य चाँडो खटिएको कमाण्डरले प्रतिवेदन सहित अन्य प्रहरी वा अनुसन्धान गर्ने निकायलाई बुझाउनु पर्नेछ।

(७) राष्ट्रिय सुरक्षामा असर पुऱ्याउने, आतङ्ककारी गतिविधि, जघन्य तथा गम्भीर कसूर, अन्तर्राष्ट्रिय सीमा सुरक्षा तथा विशिष्ट व्यक्ति लगायत महत्त्वपूर्ण संरचनामा खतरा पुऱ्याउन सक्ने गतिविधिलाई नियन्त्रण गर्न सशस्त्र प्रहरी कर्मचारीले सूचना सङ्कलन गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम सूचना सङ्कलन कार्यलाई प्रभावकारी बनाउन तोकिए बमोजिम सादा पोसाकमा समेत सशस्त्र प्रहरी कर्मचारी खटाउन सकिनेछ।

१०. **सशस्त्र प्रहरी बल, नेपालको प्रशासन र सञ्चालन:** (१) सशस्त्र प्रहरी बल, नेपालको प्रशासन र सञ्चालन यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, अन्य प्रचलित कानून र नेपाल सरकार वा मन्त्रालयले दिएको निर्देशनको अधीनमा रही सशस्त्र प्रहरी महानिरीक्षक वा निजले तोकेको सशस्त्र प्रहरी अधिकृतबाट हुनेछ।

(२) ऐन तथा प्रचलित कानूनको अधीनमा रही माथिल्लो सशस्त्र प्रहरी कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ। यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक सशस्त्र प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

११. **कार्य विवरण लागू गर्नुपर्ने:** (१) प्रत्येक सशस्त्र प्रहरी कर्मचारीलाई पद बहाली गर्दाका बखत निजले सम्पादन गर्नुपर्ने मुख्य-मुख्य काम, उत्तरदायित्व तथा कार्यक्षेत्र खुलेको कार्य विवरण दिनु प्रत्येक कार्यालय प्रमुखको दायित्व हुनेछ।

नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

(२) उपदफा (१) बमोजिमको कार्य विवरणमा उल्लेख गरिएका मुख्य-मुख्य कामलाई मापन गर्न सकिने सूचक बनाई प्रत्येक सशस्त्र प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन प्रणालीमा आवद्ध गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सशस्त्र प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा दिइएको कार्य विवरणको आधारमा गरिएको कार्य मापनबाट निस्केको परिमाणलाई समेत आधार मान्नु पर्नेछ।

(४) यस दफा बमोजिमको कार्य विवरणको ढाँचा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## सशस्त्र प्रहरी महानिरीक्षकको नियुक्ति, काम, कर्तव्य र अधिकार

१२. **सशस्त्र प्रहरी महानिरीक्षकको नियुक्तिः** नेपाल सरकारले सशस्त्र प्रहरी साधारण समूह, साधारण उपसमूहका सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू मध्येबाट र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नभएको अवस्थामा सशस्त्र प्रहरी साधारण समूह, साधारण उपसमूहका सशस्त्र प्रहरी नायब महानिरीक्षकहरू मध्येबाट सामान्यतयाः बहालवाला सशस्त्र प्रहरी महानिरीक्षक अवकाश हुनु अगावै कार्यकुशलता, कार्यक्षमता, ज्येष्ठता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिका सशस्त्र प्रहरी कर्मचारीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा एक जनालाई सशस्त्र प्रहरी महानिरीक्षक पदमा नियुक्ति गर्नेछ।

१३. **सशस्त्र प्रहरी महानिरीक्षकको काम, कर्तव्य र अधिकारः** (१) सशस्त्र प्रहरी महानिरीक्षक सशस्त्र प्रहरी बल, नेपालको प्रमुख पदाधिकारी हुनेछ।

(२) सशस्त्र प्रहरी महानिरीक्षकको काम, कर्तव्य र अधिकार यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम हुनेछ।

(३) सशस्त्र प्रहरी महानिरीक्षकले यो ऐन तथा अन्य प्रचलित कानूनको अधीनमा रही सशस्त्र प्रहरी कार्यालयका प्रमुख तथा अन्य सशस्त्र प्रहरी कर्मचारीलाई जिम्मेवारी तोकी आदेश वा निर्देशन जारी गर्न सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित सबै सशस्त्र प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

(४) सशस्त्र प्रहरी महानिरीक्षक यो ऐन तथा प्रचलित कानून बमोजिम आफूले सम्पादन गर्नुपर्ने काम, कर्तव्यको सम्बन्धमा मन्त्रालय प्रति उत्तरदायी हुनेछ।

## परिच्छेद-४

## सशस्त्र प्रहरी सेवाको पदपूर्ति

१४. **पदपूर्तिः** (१) सशस्त्र प्रहरी सेवाको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा पदपूर्ति समितिको सिफारिसको आधारमा नियुक्ति गरिनेछ।

(२) सशस्त्र प्रहरी सेवाको देहायको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-

(क) सशस्त्र प्रहरी साधारण समूहतर्फः

| पद | खुला प्रतियोगिताद्वारा | बढुवाद्वारा | आन्तरिक प्रतियोगितात्मक |
|---|---|---|---|

| | | | परीक्षाद्वारा |
|---|---|---|---|
| (१) सशस्त्र प्रहरी परिचर वा सो सरह | १००% | - | - |
| (२) सशस्त्र प्रहरी जवान | १००% | - | - |
| (३) सशस्त्र प्रहरी सहायक हवल्दार | - | १००% | - |
| (४) सशस्त्र प्रहरी हवल्दार | - | १००% | - |
| (५) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार | - | १००% | - |
| (६) सशस्त्र प्रहरी सहायक निरीक्षक | - | ७०% | ३०% |
| (७) सशस्त्र प्रहरी नायब निरीक्षक (कानून र लेखा उपसमूह बाहेक) | - | १००% | - |
| (८) सशस्त्र प्रहरी नायब निरीक्षक (कानून र लेखा उपसमूह) | १००% | - | - |
| (९) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक | - | १००% | - |
| (१०) सशस्त्र प्रहरी निरीक्षक | ६०% | ४०% | - |
| (११) सशस्त्र प्रहरी निरीक्षक भन्दा माथिका सम्पूर्ण पदहरु | - | १००% | - |

(ख) सशस्त्र प्रहरी प्राविधिक समूहतर्फः

(१) स्वास्थ्य उपसमूहः

| पद | खुला प्रतियोगिताद्वारा | बढुवाद्वारा |
|---|---|---|
| (१) प्राविधिक सशस्त्र प्रहरी नायब निरीक्षक | १००% | - |
| (२) प्राविधिक सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक | - | १००% |
| (३) प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (नर्सिङ्ग) | - | १००% |
| (४) प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) | १००% | - |
| (५) प्राविधिक सशस्त्र प्रहरी नायब उपरीक्षक (नर्सिङ्ग र विविध मेडिकल) | - | १००% |
| (६) प्राविधिक सशस्त्र प्रहरी नायब उपरीक्षक | ३०% | ७०% |

| | | |
|---|---|---|
| (चिकित्सक) | | |
| (७) प्राविधिक सशस्त्र प्रहरी नायब उपरीक्षक भन्दा माथिका सम्पूर्ण पदहरु (चिकित्सक) | - | १००% |

(२) इन्जिनियरिङ्ग तथा सञ्चार प्रविधि उपसमूहः

| पद | खुला प्रतियोगिताद्वारा | बढुवाद्वारा |
|---|---|---|
| (१) प्राविधिक सशस्त्र प्रहरी हवल्दार | १००% | - |
| (२) प्राविधिक सशस्त्र प्रहरी वरिष्ठ हवल्दार | - | १००% |
| (३) प्राविधिक सशस्त्र प्रहरी सहायक निरीक्षक | ३०% | ७०% |
| (४) प्राविधिक सशस्त्र प्रहरी नायब निरीक्षक | ६०% | ४०% |
| (५) प्राविधिक सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक | - | १००% |
| (६) प्राविधिक सशस्त्र प्रहरी निरीक्षक | ६०% | ४०% |
| (७) प्राविधिक सशस्त्र प्रहरी नायब उपरीक्षक भन्दा माथिका सम्पूर्ण पदहरु | - | १००% |

(३) उपदफा (२) को खण्ड (क) को उपखण्ड (११) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०८५ साल साउन १ गते देखि साधारण समूह, साधारण उपसमूहको सशस्त्र प्रहरी उपरीक्षक र सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक पदमा बढुवा गर्दा रिक्त पदलाई शतप्रतिशत मानी देहाय बमोजिमको तालिम पूरा गरेको आधारमा तालिम समूह छुट्याई देहाय बमोजिमको बढुवा प्रतिशत निर्धारण गरी पूर्ति गर्नु पर्नेछः-

(क) सशस्त्र प्रहरी उपरीक्षक पदमा बढुवा गर्दा कमाण्ड तथा स्टाफ कोर्ष समूहबाट साठी प्रतिशत र गणपति तालिम समूहबाट चालिस प्रतिशत,

(ख) सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक पदमा बढुवा गर्दा कमाण्ड तथा स्टाफ कोर्ष समूहबाट सत्तरी प्रतिशत र गणपति तालिम समूहबाट तिस प्रतिशत।

(४) यस दफा बमोजिम सशस्त्र प्रहरी नायब महानिरीक्षक पदमा बढुवा गर्दा बढुवा हुने पदलाई शतप्रतिशत मानी सिनियर कमाण्ड तथा लिडरसीप तालिम समूहबाट असी प्रतिशत र तोकिएको दर्जागत अनिवार्य तालिम समूहबाट बिस प्रतिशत पद छुट्याई बढुवा गर्नु पर्नेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम कुनै कोर्ष वा तालिम समूहको लागि छुट्याएको पदमा पर्याप्त उम्मेदवार नभएमा बाँकी पदको लागि सम्बन्धित पदको अर्को कोर्ष वा तालिम समूहबाट बढुवा गरी पूर्ति गर्नु पर्नेछ।

(६) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि नेपाल प्रहरीबाट सशस्त्र प्रहरी निरीक्षक वा सो भन्दा माथिल्लो पदमा स्थानान्तरण भई आएका अधिकृतलाई सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक पदमा बढुवा गर्दा कमाण्ड तथा स्टाफ कोर्ष समूहको लागि र सशस्त्र प्रहरी नायब महानिरीक्षक पदमा बढुवा गर्दा सिनियर कमाण्ड तथा लिडरशीप तालिम समूहको लागि निर्धारण गरिएको पदमा समावेश गरिनेछ।

(७) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सिनियर कमाण्ड तथा लिडरसीप तालिम सञ्चालन नभएसम्मको लागि उच्चस्तरीय व्यवस्थापन तालिमलाई नै सिनियर कमाण्ड तथा लिडरसीप तालिम सरह मानिनेछ।

(८) सशस्त्र प्रहरी सेवाको पदमा दरबन्दी रिक्त भएमा तीन महिना भित्र पदपूर्ति गरिसक्नु पर्नेछ।

तर खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा लोकसेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम हुनेछ।

(९) यो ऐन प्रारम्भ हुँदाका बखत सशस्त्र प्रहरी सेवाको साधारण समूह, लेखा उपसमूहतर्फ सशस्त्र प्रहरी सहायक निरीक्षक र प्राविधिक समूह अन्तर्गतको इन्जिनियरिङ्ग तथा सञ्चार प्रविधि उपसमूहतर्फका प्राविधिक सशस्त्र प्रहरी हवल्दार भन्दा तल्लो पदमा बहाल रहेका सशस्त्र प्रहरी कर्मचारीलाई बढुवाको लागि तोकिएको न्यूनतम योग्यता पूरा भएमा बिशेष दरबन्दी सिर्जना गरी माथिल्लो पदमा बढुवा गरिनेछ। यसरी बढुवा भए पछि बढुवा हुनु अघि कायम रहेको पद स्वतः खारेज भएको मानिनेछ।

(१०) सशस्त्र प्रहरी सेवाको प्राविधिक समूह, स्वास्थ्य उपसमूहतर्फको खुला प्रतियोगिताद्धारा पूर्ति गरिने सशस्त्र प्रहरी नायव उपरीक्षक पदमा सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेका विशेषज्ञ चिकित्सक मध्येबाट पूर्ति गरिनेछ।

(११) उपदफा (२) को खण्ड (क) को उपखण्ड (६) बमोजिम आन्तरिक प्रतियोगिताको लागि छुट्याइएको सशस्त्र प्रहरी सहायक निरीक्षक पदमा आधारभूत तालिम पूरा गरेका र तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा गरेका सशस्त्र प्रहरी परिचर, जवान तथा बिल्लादार सशस्त्र प्रहरी कर्मचारीले प्रतिस्पर्धा गर्न पाउनेछन्।

(१२) यस दफा बमोजिम सशस्त्र प्रहरी सेवाका पदमा पदपूर्ति गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. <u>पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाः</u> (१) सशस्त्र प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराइ नियुक्ति गरिनेछः-

(क) महिला - बिस प्रतिशत

(ख) आदिवासी जनजाति - सत्ताइस प्रतिशत

(ग) मधेसी - चौबिस प्रतिशत

(घ) दलित - पन्ध्र प्रतिशत

(ङ) थारु - पाँच प्रतिशत

(च) मुस्लिम - चार प्रतिशत

(छ) पिछडिएको क्षेत्र - पाँच प्रतिशत

स्पष्टीकरण :

(१) खण्ड (क), (ख), (ग), (घ), (ङ) वा (च) को प्रयोजनको लागि "महिला, आदिवासी जनजाति, मधेशी, दलित, थारु वा मुस्लिम" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी जनजाति, मधेशी, दलित, थारु वा मुस्लिम सम्झनु पर्छ।

(२) खण्ड (छ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले तोकिए बमोजिमका जिल्ला वा स्थानीय तह सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यक्तिले सो उपदफा बमोजिमको एक भन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने निजले रोजेको सो उपदफा बमोजिमको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउनेछ।

तर महिला उम्मेदवारले अन्य कुनै एक समूहको अतिरिक्त महिला समूहतर्फ प्रतिस्पर्धा गर्न बाधा पर्ने छैन।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खुला प्रतियोगिताद्वारा पूर्ति गरिने कुल रिक्त पद मध्ये दुई प्रतिशत पदमा अमर सशस्त्र प्रहरी वा चुनौतीपूर्ण जिम्मेवारी निर्वाहको क्रममा अशक्त भएको सशस्त्र प्रहरी कर्मचारीको परिवारको सदस्य र खुला प्रतियोगिताद्वारा पूर्ति गरिने सशस्त्र प्रहरी जवानको रिक्त पद मध्ये दुई प्रतिशत पदमा अन्तर्राष्ट्रिय सीमा जोडिएको स्थानीय तहको सीमा जोडिएको वडामा बसोबास गर्ने नेपाली नागरिक मध्येबाट यस ऐन वा नियम बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरु बिच प्रतिस्पर्धा गराई पूर्ति गरिनेछ।

(४) उपदफा (१) वा (३) बमोजिम छुट्याईएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारामसँग त्यसरी छुट्याईएको पदमा आफू उम्मेदवार हुन योग्य भएको प्रमाणित हुने तोकिए बमोजिमको कागजात पेस गर्नु पर्नेछ।

(५) उपदफा (१) वा (३) बमोजिम छुट्याईएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी पदपूर्ति हुन नसकेमा त्यस्तो पद सोही विज्ञापनबाटै खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरिनेछ।

(६) नेपाल सरकारले यस दफा बमोजिम पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दस वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(७) यस दफा बमोजिमको सुविधा एक व्यक्तिले सेवा अवधिभर एक पटक मात्र लिन पाउनेछ।

१६. **<u>पदपूर्ति समितिको गठनः</u>** (१) सशस्त्र प्रहरी सेवाको पदमा खुल्ला प्रतियोगिताद्वारा छनोट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति गठन हुनेछः-

(क) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेवा आयोगको सदस्य - सदस्य

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) सशस्त्र प्रहरी महानिरीक्षक - सदस्य

(घ) प्रतिनिधि (विशिष्ट श्रेणी), नेपाली सेना - सदस्य

(ङ) सशस्त्र प्रहरी महानिरीक्षकले तोकेको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक -सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरी निरीक्षकभन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनोट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न पदपूर्ति समितिले लोकसेवा आयोग र मन्त्रालयको प्रतिनिधि समेत रहने गरी बढीमा पाँच सदस्य रहेको छुट्टै पदपूर्ति उपसमिति गठन गरी उम्मेदवार छनोट वा परीक्षा सञ्चालन गर्न आवश्यक अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको पदपूर्ति समिति वा उपदफा (२) बमोजिमको पदपूर्ति उपसमितिले उम्मेदवार छनोटको लागि आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१७. **<u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा १४ र १५ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गरी स्वीकृतिका लागि लोक सेवा आयोगमा पठाउने,

(ख) खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गरी स्वीकृतिका लागि लोक सेवा आयोगमा पठाउने,

(ग) पदपूर्ति कार्यतालिका बनाउने,

(घ) परीक्षाको किसिम तोक्ने,

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(च) लिखित परीक्षा बाहेकका अन्य परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(छ) नियुक्तिको लागि सिफारिस गर्ने,

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) पदपूर्ति समितिले लोक सेवा आयोग र मन्त्रालयका प्रतिनिधिको उपस्थितिमा तोकिए बमोजिमको शारीरिक तन्दुरुस्ती (बाधापार) लगायतका अन्य आवश्यक परीक्षा लिनु पर्नेछ।

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

(३) पदपूर्ति समितिले खुला प्रतियोगिता तथा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई लागू गर्न सक्नेछ।

१८. **<u>उमेर र योग्यताः</u>** (१) सशस्त्र प्रहरी सेवाको खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा देहाय बमोजिमको उमेरका नेपाली नागरिकले प्रतिस्पर्धा गर्न पाउनेछन्:-

(क) सशस्त्र प्रहरी निरीक्षक पदमा एक्काइस वर्ष पूरा भई सत्ताइस वर्ष ननाघेको,

(ख) सशस्त्र प्रहरी नायव निरीक्षक (कानून र लेखा उपसमुह) पदमा अठार वर्ष पूरा भई पच्चिस वर्ष ननाघेको,

(ग) सशस्त्र प्रहरी जवान पदमा अठार वर्ष पूरा भई बाइस वर्ष ननाघेको,

(घ) सशस्त्र प्रहरी परिचर पदमा अठार वर्ष पूरा भई पच्चिस वर्ष ननाघेको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरी प्राविधिक समूहको हकमा देहाय बमोजिमको उमेर पुगेका नेपाली नागरिकले प्रतिस्पर्धा गर्न पाउनेछः-

(क) प्राविधिक सशस्त्र प्रहरी नायब उपरीक्षक पदमा तेइस वर्ष पूरा भई पैंतिस वर्ष ननाघेको,

(ख) प्राविधिक सशस्त्र प्रहरी निरीक्षक पदमा एक्काइस वर्ष पूरा भई बत्तिस वर्ष ननाघेको,

(ग) प्राविधिक सशस्त्र प्रहरी नायब निरीक्षक पदमा अठार वर्ष पूरा भई तिस वर्ष ननाघेको,

(घ) प्राविधिक सशस्त्र प्रहरी हवल्दार पदमा अठार वर्ष पूरा भई चौबिस वर्ष ननाघेको।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुला तथा आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने सशस्त्र प्रहरी सेवाको पदको लागि लिईने परीक्षामा तिस वर्ष उमेर ननाघेको र आधारभूत तालिम पूरा गरेको सशस्त्र प्रहरी कर्मचारी सहभागी हुन सक्नेछ।

(४) सशस्त्र प्रहरी सेवाको पदमा खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्दा आवश्यक पर्ने अन्य योग्यता तोकिए बमोजिम हुनेछ।

१९. **<u>नियुक्तिः</u>** (१) सशस्त्र प्रहरी सेवाको देहायको पदमा नियुक्ति गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः-

| | | |
|---|---|---|
| (क) | सशस्त्र प्रहरी महानिरीक्षक र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक | - नेपाल सरकार |
| (ख) | सशस्त्र प्रहरी नायव महानिरीक्षक र सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक | - नेपाल सरकारको गृहमन्त्री |
| (ग) | सशस्त्र प्रहरी उपरीक्षक र सशस्त्र प्रहरी नायव उपरीक्षक | - मन्त्रालयको सचिव |
| (घ) | सशस्त्र प्रहरी निरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ | |

| | | | |
|---|---|---|---|
| | नायब निरीक्षक र सशस्त्र प्रहरी नायब निरीक्षक | - | सशस्त्र प्रहरी महानिरीक्षक |
| (ङ) | सशस्त्र प्रहरी सहायक निरीक्षक | - | सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वा सशस्त्र प्रहरी नायब महानिरीक्षक |
| (च) | सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार, सशस्त्र प्रहरी सहायक हवल्दार र सशस्त्र प्रहरी जवान | - | सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक वा सशस्त्र प्रहरी उपरीक्षक |
| (छ) | सशस्त्र प्रहरी परिचर | - | सशस्त्र प्रहरी नायब उपरीक्षक |

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले पदपूर्ति समिति वा बढुवा समितिको सिफारिस बमोजिम योग्यताक्रमको आधारमा सिफारिस प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नियुक्ति दिनु पर्नेछ।

२०. **परीक्षणकालः** खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरिने पदमा नियुक्ति पाएको सशस्त्र प्रहरी कर्मचारीलाई नियुक्ति पाएको मितिले एक वर्षको अवधिसम्म परीक्षणकालमा राखिनेछ।

२१. **नियुक्ति बदर गर्न सक्नेः** अख्तियारवालाले देहायको अवस्थामा कुनै सशस्त्र प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछः-

(क) तोकिएको अवधि भित्र नियुक्ति लिन नआएमा,

(ख) नियुक्ति लिई तोकिएको समयमा तालिममा सहभागी हुन नआएमा वा तालिम छोडी भागेमा,

(ग) परीक्षणकालमा जिम्मेवारी वहन गर्न असक्षम देखिएमा वा नोकरी छाडी भागेमा वा आचरण सन्तोषजनक नभएमा,

(घ) सशस्त्र प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिँदा समेत त्यस्तो तालिममा पुनः असफल भएमा, वा

(ङ) यस ऐन अन्तर्गतको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा।

२२. **नियुक्ति सदर भएको मानिनेः** (१) परीक्षणकालमा काम सन्तोषजनक रहेको सशस्त्र प्रहरी कर्मचारीको परीक्षणकाल समाप्त भएपछि निजको नियुक्ति स्वतः सदर भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति सदर भएका सशस्त्र प्रहरी कर्मचारीको सेवा अवधि सुरु नियुक्ति भएको मितिदेखि नै कायम हुनेछ।

२३. **शपथ ग्रहण गर्नु पर्नेः** आधारभूत तालिममा उत्तीर्ण भएको सशस्त्र प्रहरी कर्मचारीले नेपालको राष्ट्रिय झण्डा, नेपालको संविधान र सशस्त्र प्रहरी बल, नेपालको झण्डा छोई तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ।

२४. **कायम मुकायम मुकरर र निमित्तः** (१) कार्यालय प्रमुखको पद रिक्त रहेको अवस्था परी कार्यालयको


नेपाल सरकार गृह मन्त्रालय
गृह मन्त्री

दैनिक कार्य सञ्चालन गर्न बाधा पर्न गएमा बढुवाको लागि सम्भाव्य उम्मेदवार भएको निकटतम एक तह मुनिको वरिष्ठ सशस्त्र प्रहरी कर्मचारीलाई तोकिएको अधिकारीले कायम मुकायम मुकरर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कायम मुकायम मुकरर भएको सशस्त्र प्रहरी कर्मचारीले कायम मुकायम मुकरर भएको पदको दर्ज्यानी चिन्ह र सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ।

(३) कुनै एक पदमा एकै अवधिमा एक भन्दा बढी सशस्त्र प्रहरी कर्मचारी कायम मुकायम मुकरर हुन सक्ने छैन।

(४) कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएको र उपदफा (१) बमोजिम कायम मुकायम मुकरर नगरिएको अवस्थामा सोही कार्यालयको सबैभन्दा वरिष्ठ सशस्त्र प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछ। यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने सशस्त्र प्रहरी कर्मचारीको हुनेछ।

(५) कायम मुकायम मुकरर वा निमित्त भई काम गर्ने सशस्त्र प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन सुविधा पाउनेछ।

तर पन्ध्र दिन भन्दा कम अवधि निमित्त भई काम गरे बापत त्यस्तो तलब भत्ता र रासन सुविधा पाउने छैन।

(६) निमित्त भई काम गर्ने सशस्त्र प्रहरी कर्मचारीले उपदफा (५) बमोजिम पाउने तलब भत्ताको अङ्क निजले माथिल्लो पदमा बढुवा हुँदा पाउने तलब भत्ता भन्दा बढी हुने छैन।

(७) उपदफा (१) वा (३) विपरीत कुनै सशस्त्र प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट असुल उपर गरिनेछ।

२५. **<u>पदाधिकार कायम रहने:</u>** देहायको अवस्थामा सशस्त्र प्रहरी कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरिरहँदा सम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाईने म्याद सम्म,

(ग) बिदामा रहेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) माथिल्लो पदमा कायम मुकायम भई काम गरेको अवधिभर,

(च) काजमा खटिएको अवधिभर,

(छ) तालिम तथा संयुक्त राष्ट्रसङ्घीय मिशनमा खटिएको अवधिभर,

(ज) नेपाल सरकारले तोकेको अन्य जिम्मेवारीमा रहँदासम्म।

नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

## परिच्छेद-५

## सरुवा, काज र कमाण्ड

२६. **सरुवाः** (१) यस ऐनको अधीनमा रही सशस्त्र प्रहरी कर्मचारीलाई सरूवा गर्दा आवश्यकता अनुसार व्यक्तिगत वा संरचनागत फर्मेशन बमोजिम युनिट सरुवाको अवधारणा अनुरुप गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा भौगोलिक अवस्था, कार्यबोझ तथा कार्य विविधता समेतको आधारमा समान अवसर प्राप्त हुने तथा अनुमान योग्य हुने गरी सम्बन्धित समूह-उपसमूह भित्र गरिनेछ।

(३) सशस्त्र प्रहरी कर्मचारीको सरुवालाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन प्रधान कार्यालयले सरुवाको समय तालिका सहितको मापदण्ड र स्वचालित प्रणाली निर्माण गर्न सक्नेछ। त्यस्तो मापदण्ड र प्रणाली मन्त्रालयले स्वीकृत गरे पछि लागू हुनेछ।

(४) सशस्त्र प्रहरी कर्मचारीको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **काजः** (१) सशस्त्र प्रहरी कर्मचारीलाई सामान्यतया काज खटाइने छैन।

तर न्यून दरबन्दी रहेका कार्यालयको कार्यबोझका आधारमा त्यस्तो कार्यालयमा काज खटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम काजमा खटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. **कमाण्डको जिम्मेवारी दिनेः** (१) सशस्त्र प्रहरी अधिकृतलाई कमाण्डको जिम्मेवारीमा सरुवा गर्दा वा काजमा खटाउँदा समान अवसर प्राप्त हुने गरी सरुवा गरिने वा काजमा खटाइनेछ।

तर प्राविधिक सशस्त्र प्रहरी अधिकृतलाई कमाण्डको जिम्मेवारीमा सरुवा गर्दा वा काजमा खटाउँदा प्राविधिक समूहका सम्बन्धित समूह र उपसमूहमा मात्र सरुवा गरिने वा काजमा खटाइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा अवधिको अन्तिम तीन महिना बाँकी रहेका अधिकृतलाई प्रधान कार्यालय बाहेकका अन्य कुनै पनि कार्यालयमा कमाण्डको जिम्मेवारीमा सरुवा गरिने वा काजमा खटाइने छैन।

(३) उपदफा (१) बमोजिम कमाण्डको जिम्मेवारीमा खटिने सशस्त्र प्रहरी अधिकृतले कमाण्डमा जानुअघि र कमाण्ड समाप्त गरी फिर्ता भएपछि प्रधान कार्यालयमा व्यक्तिगत सम्पत्ति विवरण पेस गर्नु पर्नेछ।

(४) कमाण्डमा रहेको वा कमाण्डबाट फिर्ता भएको अधिकृत उपर उजुरी प्राप्त भई शङ्कास्पद लागेमा सशस्त्र प्रहरी महानिरीक्षकले उपदफा (३) बमोजिम बुझाइएको व्यक्तिगत सम्पत्ति विवरण जाँचबुझको लागि सम्बन्धित निकायमा सिफारिससाथ पठाउन सक्नेछ।

(५) प्रधान कार्यालयले कमाण्डको जिम्मेवारीमा खटाइने अधिकृतको केन्द्रिय ज्येष्ठता, कमाण्ड गरेको अवधि र कार्यसम्पादन मूल्याङ्कनको आधारमा छ महिना अगावै कमाण्ड पूर्वानुमान सूची प्रकाशन

गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम कमाण्डको जिम्मेवारी दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६
## बढुवा

२९. **बढुवा समितिः** (१) सशस्त्र प्रहरी सेवाको देहायको पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमका बढुवा समिति रहनेछन्ः-

(क) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदका लागिः

| | | |
|---|---|---|
| (१) | सचिव, मन्त्रालय | - अध्यक्ष |
| (२) | मुख्य सचिवले तोकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव | - सदस्य |
| (३) | सशस्त्र प्रहरी महानिरीक्षक | - सदस्य सचिव |

(ख) सशस्त्र प्रहरी नायब महानिरीक्षक तथा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक पदका लागिः

| | | |
|---|---|---|
| (१) | सचिव, मन्त्रालय | - अध्यक्ष |
| (२) | सशस्त्र प्रहरी महानिरीक्षक | - सदस्य |
| (३) | सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (मानवस्रोत हेर्ने) | - सदस्य सचिव |

(ग) सशस्त्र प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी नायब उपरीक्षक र सशस्त्र प्रहरी निरीक्षक पदका लागिः

| | | |
|---|---|---|
| (१) | सशस्त्र प्रहरी महानिरीक्षक | - अध्यक्ष |
| (२) | सहसचिव, मन्त्रालय | - सदस्य |
| (३) | सशस्त्र प्रहरी नायब महानिरीक्षक (मानवस्रोत हेर्ने) | - सदस्य सचिव |

(घ) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक र सशस्त्र प्रहरी नायब निरीक्षक पदका लागिः

| | | |
|---|---|---|
| (१) | सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (मानवस्रोत हेर्ने) | - अध्यक्ष |
| (२) | सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक | - सदस्य |
| (३) | सशस्त्र प्रहरी उपरीक्षक | -सदस्य सचिव |

(ङ) सशस्त्र प्रहरी सहायक निरीक्षक पदका लागिः

| | | |
|---|---|---|
| (१) | सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक | - अध्यक्ष |
| (२) | सशस्त्र प्रहरी उपरीक्षक | - सदस्य |
| (३) | सशस्त्र प्रहरी नायब उपरीक्षक | - सदस्य सचिव |

(च) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार र सशस्त्र प्रहरी सहायक हवल्दार पदका लागिः

(१) सशस्त्र प्रहरी नायब उपरीक्षक - अध्यक्ष

(२) सशस्त्र प्रहरी निरीक्षक - सदस्य

(३) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक - सदस्य सचिव

(२) बढुवा समितिमा रहेका सशस्त्र प्रहरी कर्मचारी वा निजामती कर्मचारीको नजिकको नातेदार बढुवाको लागि सम्भाव्य उम्मेदवार भएमा सशस्त्र प्रहरी कर्मचारीको हकमा सशस्त्र प्रहरी महानिरीक्षकले र निजामती कर्मचारीको हकमा मन्त्रालयको सचिवले त्यस्तो कर्मचारीको सट्टा समान तहको अर्को कर्मचारीलाई बढुवा समितिमा काम गर्ने गरी तोक्नेछ।

<u>स्पष्टीकरण</u>ः यस उपदफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले बाबु, आमा, सौतेनी आमा, पति, पत्नी, छोरा, छोरा बुहारी, छोरी, छोरीज्वाइँ, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, भिनाजु, बहिनी, बहिनीज्वाइँ, नाति, नातिनीबुहारी, नातिनी, नातिनीज्वाइँ, भान्जा, भान्जीबुहारी, भान्जी, भान्जीज्वाइँ, भतिजा, भतिजाबुहारी, भतिजी, भतिजीज्वाइँ, सासू, ससुरा, देवर, देउरानी, नन्द, आमाजु, जेठाजु, जेठानी, जेठान, जेठीसासू, साला, साली सम्झनु पर्छ।

(३) सशस्त्र प्रहरी सेवामा बढुवाद्वारा पूर्ति गर्नु पर्ने पद रिक्त भएको तीन महिना भित्र पूर्ति गरी सक्नु पर्नेछ।

तर दफा १४ बमोजिम प्रतिशत निर्धारण हुनु पर्ने पदको हकमा त्यस्तो प्रतिशत निर्धारण भई बढुवाद्वारा पूर्ति गर्न छुट्याइएको पदमा त्यसरी प्रतिशत निर्धारण भएको मितिले तीन महिना भित्र बढुवाद्वारा पूर्ति गरी सक्नु पर्नेछ।

३०. **<u>बढुवाको लागि उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधिः</u>** (१) सशस्त्र प्रहरी सेवामा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बढुवा हुने पद भन्दा एक श्रेणी वा तह मुनिको पदमा देहाय बमोजिमको सेवा अवधि पूरा भएको हुनु पर्नेछः-

(क) राजपत्राङ्कित पदबाट राजपत्राङ्कित पदमा बढुवाको लागि तीन वर्ष,

(ख) राजपत्र अनङ्कित पदबाट राजपत्राङ्कित पदमा बढुवाको लागि पाँच वर्ष,

(ग) राजपत्र अनङ्कित पदबाट राजपत्र अनङ्कित पदमा बढुवाको लागि तीन वर्ष।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरी नायब महानिरीक्षक वा सो भन्दा माथिल्लो पदमा, सशस्त्र प्रहरी निरीक्षक पदमा र सशस्त्र प्रहरी सहायक हवल्दार पदमा बढुवाको लागि आवश्यक सङ्ख्यामा न्यूनतम सेवा अवधि पूरा भएका सम्भाव्य उम्मेदवार नभएमा बाँकी पदको लागि न्यूनतम सेवा अवधि पूरा नगरेका एक श्रेणी वा तह मुनिका सशस्त्र प्रहरी कर्मचारी



नेपाल सरकार गृह मन्त्रालय
गृह मन्त्री

समेत सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

३१. **बढुवाको लागि उम्मेदवार हुन नपाउनेः** (१) दफा ३० मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवधिभर कुनै पनि सशस्त्र प्रहरी कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्ष,

(ग) तल्लो पदमा घटुवा भएकोमा घटुवा भएको मितिले दुई वर्ष,

(घ) तलब वृद्धि रोक्का वा बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ङ) खाइपाई आएको तलब वृद्धि घटुवा भएको वा हालको पदको ज्येष्ठता सहित सुरु तलब स्केलमा घटुवा भएकोमा घटुवा भएको मितिले एक वर्ष,

(च) पदमा पुनर्बहाली भएको सशस्त्र प्रहरी कर्मचारीको हकमा पुनर्बहाली भएको मितिले एक वर्ष।

(२) कमाण्ड तथा स्टाफ कोर्ष नगरेका सशस्त्र प्रहरी नायब महानिरीक्षक सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवाको लागि उम्मेदवार हुन पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनु अघि नेपाल प्रहरीबाट सशस्त्र प्रहरी निरीक्षक वा सो भन्दा माथिल्लो पदमा स्थानान्तरण भई आएका अधिकृतको हकमा यो व्यवस्था लागू हुने छैन।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खुला प्रतियोगिताद्वारा नियुक्ति भएको सशस्त्र प्रहरी कर्मचारीले अनिवार्य आधारभूत तालिम र बढुवाद्वारा पूर्ति हुने पदमा तोकिए बमोजिमको अनिवार्य तालिम पूरा नगरेमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैन।

३२. **बढुवाका आधारः** (१) बढुवा समितिले सशस्त्र प्रहरी कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अङ्कको आधारमा बढुवाका लागि सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा एकसय अङ्क दिइनेछः-

| | | |
|---|---|---|
| (क) | कार्यसम्पादन मूल्याङ्कन बापत | - चालिस अङ्क |
| (ख) | ज्येष्ठता बापत | - पच्चिस अङ्क |
| (ग) | शैक्षिक योग्यता बापत | - पाँच अङ्क |
| (घ) | तालिम बापत | - बाइस अङ्क |
| (ङ) | चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत | - पाँच अङ्क |
| (च) | बढुवा समितिले दिने | - तीन अङ्क |

(३) सम्भाव्य उम्मेद्वारको कार्यसम्पादन मूल्याङ्कन र चुनौतीपूर्ण कार्य बापतको अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा सो बढुवाको लागि बढुवा समितिको



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

पहिलो बैठक बसेको मितिसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

३३. **कार्यसम्पादन मूल्याङ्कनः** (१) सशस्त्र प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) सुपरिवेक्षकले दिनसक्ने अधिकतम पच्चिस अङ्क,

(ख) पुनरावलोकनकर्ताले दिनसक्ने अधिकतम दस अङ्क,

(ग) पुनरावलोकन समितिले दिनसक्ने अधिकतम पाँच अङ्क।

(२) सशस्त्र प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा तोकिए बमोजिमका सुपरिवेक्षक र पुनरावलोकनकर्ता तथा देहाय बमोजिमका पुनरावलोकन समितिबाट आर्थिक वर्षको हिसाबले वार्षिक रुपमा गरिनेछः-

(क) सशस्त्र प्रहरी महानिरीक्षकको कार्यसम्पादन मूल्याङ्कनको लागिः

(१) नेपाल सरकारको मुख्य सचिव -अध्यक्ष

(२) मन्त्रालयका सचिव -सदस्य

(ख) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक र सशस्त्र प्रहरी नायव महानिरीक्षकको कार्यसम्पादन मूल्याङ्कनको लागिः

(१) नेपाल सरकारको मुख्य सचिव -अध्यक्ष

(२) मन्त्रालयका सचिव -सदस्य

(३) सशस्त्र प्रहरी महानिरीक्षक -सदस्य-सचिव

(ग) सशस्त्र प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक र सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकको कार्यसम्पादन मूल्याङ्कनको लागिः

(१) सशस्त्र प्रहरी महानिरीक्षक -अध्यक्ष

(२) सशस्त्र मन्त्रालयको सहसचिव -सदस्य

(३) सशस्त्र प्रहरी नायव महानिरीक्षक -सदस्य-सचिव

(घ) सशस्त्र प्रहरी सहायक निरीक्षक, सशस्त्र प्रहरी नायव निरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक र सशस्त्र प्रहरी निरीक्षक पदका लागिः

(१) सशस्त्र प्रहरी महानिरीक्षक -अध्यक्ष

(२) सशस्त्र प्रहरी नायव महानिरीक्षक -सदस्य

(३) सशस्त्र प्रहरी नायब उपरीक्षक -सदस्य-सचिव



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

(ङ) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार, सशस्त्र प्रहरी सहायक हवल्दार र सशस्त्र प्रहरी जवान पदको लागि तोकिए बमोजिमको पुनरावलोकन समिति।

(३) उपदफा (२) बमोजिम सुपरीवेक्षकले कार्यसम्पादन मूल्याङ्कन गर्दा नब्बे प्रतिशत भन्दा बढी र सत्तरी प्रतिशत भन्दा कम अङ्क दिनुपरेमा तथ्यपरक कारण समेत उल्लेख गर्नु पर्नेछ र सुपरीवेक्षकको औसत अङ्कको आधारमा पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले अङ्क प्रदान गर्नु पर्नेछ।

(४) सशस्त्र प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा निज कार्यरत कार्यालयमा सुपरीवेक्षक नभएको अवस्थामा सो भन्दा माथिल्लो कार्यालयको माथिल्लो पदको अधिकृतले सुपरिवेक्षकको रुपमा मूल्याङ्कन गर्नेछ।

(५) यस दफा बमोजिम कार्यसम्पादन मूल्याङ्कन गर्नको लागि प्रधान कार्यालयले उपयुक्त सफ्टवेयरको निर्माण गरी लागू गर्न सक्नेछ।

(६) सशस्त्र प्रहरी कर्मचारीले कार्यसम्पादन मूल्याङ्कन फाराम भरी बुझाउने र मूल्याङ्कनकर्ताले मूल्याङ्कन गर्ने अवधि, कार्यसम्पादन मूल्याङ्कन गरी अङ्क दिने आधार तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. **ज्येष्ठताको मूल्याङ्कनः** सशस्त्र प्रहरी कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क दिँदा देहाय बमोजिम बढीमा पच्चिस अङ्क दिइनेछः-

(क) सशस्त्र प्रहरी नायब उपरीक्षक र सो भन्दा तलका सशस्त्र प्रहरी कर्मचारीको हकमा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि एक दशमलव पाँच अङ्कका दरले,

(ख) सशस्त्र प्रहरी उपरीक्षकको हकमा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि तीन अङ्कका दरले,

(ग) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकको हकमा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि तीन दशमलब छ अङ्कका दरले,

(घ) सशस्त्र प्रहरी नायब महानिरीक्षकको हकमा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि पाँच अङ्कका दरले।

तर,

(१) एक वर्षभन्दा बढी महिना वा दिनका लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ।

(२) गयलकट्टी भएको अवधिको ज्येष्ठता बापतको अङ्क दिइने छैन।

३५. **शैक्षिक योग्यताको मूल्याङ्कनः** (१) सशस्त्र प्रहरी कर्मचारीलाई बढुवा प्रयोजनको लागि शैक्षिक योग्यताको अङ्क गणना गर्दा देहाय बमोजिम बढीमा पाँच अङ्क दिइनेछः-

(क) बढुवा हुने पदमा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत -चार अङ्क

(ख) न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता बापत थप - एक अङ्क

(ग) बढुवा हुने पदमा आवश्यक पर्ने खण्ड (क) बमोजिमको न्यूनतम शैक्षिक योग्यता नभएमा सो भन्दा एक तह मुनिको शैक्षिक योग्यता बापत -दुई अङ्क

(२) सशस्त्र प्रहरी नायब उपरीक्षक वा सोभन्दा माथिको पदमा बढुवाका लागि शैक्षिक योग्यताको अङ्क गणना गर्दा खुला प्रतियोगिताद्वारा सशस्त्र प्रहरी निरीक्षक पदमा नियुक्तिका लागि आवश्यक पर्ने शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ।

(३) साधारण लेखपढ गर्न जान्ने मात्र शैक्षिक योग्यता तोकिएको पदमा नियुक्त भएका सशस्त्र प्रहरी कर्मचारीको शैक्षिक योग्यताको मूल्याङ्कन गर्दा एसएलसी वा एसईई वा सो सरह भन्दा मुनिको योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानी सो बापत अङ्क दिइनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरी बल स्थापना हुँदा नेपाल प्रहरीबाट स्थानान्तरण भई आएका र २०६३ साल वैशाख १ गतेभन्दा अगाडि सशस्त्र प्रहरी सेवामा प्रवेश गरेका सशस्त्र प्रहरी कर्मचारीको हकमा सशस्त्र प्रहरी नायब उपरीक्षक पदसम्म बढुवाको लागि शैक्षिक योग्यताको अङ्क गणना गर्दा उपदफा (१) को खण्ड (ग) बमोजिमको शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मानी चार अङ्क दिइनेछ।

(५) सशस्त्र प्रहरी सेवाका प्राविधिक समूहतर्फका सशस्त्र प्रहरी कर्मचारीको शैक्षिक योग्यताको अङ्क विभाजन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३६. <u>तालिमको मूल्याङ्कन</u>: (१) सशस्त्र प्रहरी कर्मचारीलाई बढुवा प्रयोजनको लागि तालिम बापत अङ्क दिँदा तालिममा प्राप्त गरेको ग्रेडिङ्गको आधारमा देहाय बमोजिम बढीमा बाइस अङ्क दिइनेछः-

(क) दर्जागत अनिवार्य तालिम बापत - नौ अङ्क

(ख) कुनै दुई सेवाकालिन तालिम बापत - बाह्र अङ्क

(ग) कुनै एक दर्जागत अनिवार्य तालिममा प्रशिक्षक योग्य ग्रेडिङ्ग प्राप्त गरे बापत - एक अङ्क

(२) उपदफा (१) बमोजिम अङ्क प्रदान गर्ने प्रयोजनको लागि तालिमको श्रेणी विभाजन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) सशस्त्र प्रहरी कर्मचारीले बढुवाको लागि तोकिए बमोजिमका दर्जागत अनिवार्य र सेवाकालिन तालिम लिनु पर्नेछ।

३७. <u>चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत प्रदान गरिने अङ्क :</u> (१) कुनै सशस्त्र प्रहरी कर्मचारीले चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरे बापत अङ्क दिँदा देहाय बमोजिम बढीमा पाँच अङ्क दिइनेछः-

(क) अति चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत -पाँच अङ्क

(ख) मध्यमस्तरको चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत -चार अङ्क

(ग) सामान्य चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत -तीन अङ्क

(२) उपदफा (१) बमोजिमको अङ्क दिँदा सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीले सम्पादन गरेको चुनौतीपूर्ण कार्य वा विशेष जिम्मेवारीको विवरण उल्लेख गर्नु पर्नेछ।

(३) देहाय बमोजिमको अधिकारीले आफू मातहतको सशस्त्र प्रहरी कर्मचारीले निर्वाह गरेको चुनौतीपूर्ण वा विशेष जिम्मेवारीको सम्बन्धमा मूल्याङ्कन गरी सम्बन्धित बढुवा समितिको सचिवालयमा प्रत्येक वर्ष असोज २२ गते भित्र सिलबन्दी गरी पठाउनु पर्नेछः-

(क) सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षकदेखि सशस्त्र प्रहरी नायव महानिरीक्षकसम्मको सशस्त्र प्रहरी अधिकृतले आफ्नो कार्यक्षेत्रमा सम्पादन गरेको चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापतको अङ्क सम्बन्धित विभागीय प्रमुख र सम्बन्धित कार्यालय प्रमुखको सिफारिसमा सशस्त्र प्रहरी महानिरीक्षकले,

(ख) सशस्त्र प्रहरी सहायक निरीक्षक र सशस्त्र प्रहरी नायव निरीक्षकले आफ्नो कार्य क्षेत्रमा सम्पादन गरेको चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापतको अङ्क सम्बन्धित शाखा, महाशाखा र जिल्ला स्थित सशस्त्र प्रहरी कार्यालयका प्रमुखको सिफारिसमा सम्बन्धित सशस्त्र प्रहरी नायब महानिरीक्षकले,

(ग) सशस्त्र प्रहरी जवान, सशस्त्र प्रहरी सहायक हवल्दार, सशस्त्र प्रहरी हवल्दार र सशस्त्र प्रहरी वरिष्ठ हवल्दारले आफ्नो कार्यक्षेत्रमा सम्पादन गरेको चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापतको अङ्क सम्बन्धित सशस्त्र प्रहरी निरीक्षकको सिफारिसमा सम्बन्धित कार्यालयको सशस्त्र प्रहरी नायव उपरीक्षकले।

(४) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापतको अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको चुनौतीपूर्ण वा विशेष जिम्मेवारीको मूल्याङ्कनको औसतबाट गणना गरिनेछ।

(५) चुनौतीपूर्ण वा विशेष जिम्मेवारीको मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. <u>बढुवा समितिले दिने अङ्कः</u> (१) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने सशस्त्र प्रहरी कर्मचारीले आफ्नो पदमा रहँदा गरेको कार्यसम्पादन स्तर, बहन गरेको नेतृत्व, कमाण्ड, विशेष जिम्मेवारी, चुनौतीपूर्ण कार्यमा खटिई निर्वाह गरेको भूमिका समेतको आधारमा बढुवा समितिले अधिकतम तीन अङ्क दिनेछ।

(२) बढुवा समितिले दिने अङ्कको प्रयोजनको लागि बढुवा समितिका सबै पदाधिकारीले प्रत्येक वर्षको असोज २२ गते भित्र अङ्क दिई सिलबन्दी गरी बढुवा समितिको सचिवालयमा सुरक्षित राख्नु पर्नेछ र त्यसरी दिइएको अङ्क सो आर्थिक वर्ष भित्र हुने बढुवा तथा अर्को आर्थिक वर्षमा बढुवा समितिले अङ्क नदिएसम्म हुने बढुवाको प्रयोजनको लागि गणना गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले अङ्क दिइसकेपछि कुनै सशस्त्र प्रहरी कर्मचारीलाई कुनै विभागीय सजाय भएको अवस्थामा बढुवा सिफारिस गर्नु अघि बढुवा समितिले त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई दिइएको अङ्क पुनरावलोकन गर्न सक्नेछ।

३९. **बढुवा समितिले सिफारिस गर्ने:** (१) दफा ३२ बमोजिम कार्यक्षमता मूल्याङ्कन बापत सशस्त्र प्रहरी कर्मचारीले प्राप्त गरेको अङ्क गणना गरी बढुवा समितिले सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सशस्त्र प्रहरी कर्मचारीलाई योग्यताक्रम अनुसार बढुवाका लागि सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बढुवा समितिले बढुवाका लागि सिफारिस गरेको सशस्त्र प्रहरी कर्मचारीको नामावली र निजले प्राप्त गरेको कुल प्राप्ताङ्क सहितको सिफारिस सूची सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गर्नु पर्नेछ।

४०. **बढुवा उपरको उजुरी:** (१) बढुवा समितिले गरेको बढुवा सिफारिसमा चित्त नबुझ्ने सशस्त्र प्रहरी कर्मचारीले बढुवा सिफारिसको सूचना प्रकाशित भएको मितिले सात दिनभित्र देहायको बढुवाको उजुरी सुन्ने समिति समक्ष उजुरी दिन सक्नेछ:-

| क्र.सं. | बढुवाको सिफारिस गर्ने समिति | बढुवा उपरको उजुरी सुन्ने समिति |
|---|---|---|
| (१) | दफा २९ को उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिमको बढुवा समिति | (क) लोक सेवा आयोगका अध्यक्ष –अध्यक्ष<br>(ख) नेपाल सरकारको मुख्यसचिव –सदस्य<br>(ग) कानून,न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव –सदस्य |
| (२) | दफा २९ को उपदफा (१) को खण्ड (ग) बमोजिमको बढुवा समिति | (क) लोक सेवा आयोगका अध्यक्षले तोकेको सो आयोगको सदस्य -अध्यक्ष<br>(ख) मुख्य सचिवले तोकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव -सदस्य<br>(ग) मन्त्रालयको सचिव -सदस्य |
| (३) | दफा २९ को उपदफा (१) को खण्ड (घ), (ङ) वा (च) बमोजिमको बढुवा समिति | (क) मन्त्रालयको सचिव -अध्यक्ष<br>(ख) सशस्त्र प्रहरी महानिरीक्षकले तोकेको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक -सदस्य<br>(ग) मन्त्रालयको सचिवले तोकेको सहसचिव -सदस्य |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिमा रही बढुवा सिफारिस गर्ने पदाधिकारीले नै सो बढुवा उपरको उजुरी सुन्ने अवस्था रहेमा निज बाहेकका बाँकी सदस्यहरुले मात्र बढुवा उजुरी उपर निर्णय गर्नु पर्नेछ।

(३) बढुवा उपरको उजुरी सुन्ने समितिको सचिवालयले उपदफा (१) बमोजिम उजुरी प्राप्त भएपछि उजुरी गर्ने म्याद समाप्त भएको भोलिपल्ट बढुवा समितिको राय प्रतिक्रिया र उजुरीसँग सम्बन्धित कागजात पठाउन बढुवा समितिको सचिवालयमा लेखी पठाउनु पर्नेछ। त्यसरी लेखी आएमा सम्बन्धित बढुवा समितिको सचिवालयले तीन दिनभित्र आफ्नो राय प्रतिक्रिया सहित उजुरीसँग सम्बन्धित कागजात उजुरी सुन्ने समिति समक्ष पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम परेको उजुरीमा बढुवा उजुरी सुन्ने समितिले उजुरी गर्ने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र टुङ्गो लगाइसक्नु पर्नेछ। बढुवाको उजुरी सुन्ने समितिले बढुवा समितिले बढुवाका आधारहरूको मूल्याङ्कन गर्दा कुनै कारण वा आधार खुलाउनु पर्नेमा सो नखुलाएकोमा त्यस्तो कारण वा आधार खुलाउन अवधि तोकी लेखी पठाउन सक्नेछ।

(५) बढुवा समितिको सिफारिस उपर बढुवाको उजुरी सुन्ने समितिले कुनै उम्मेदवारले यस ऐन बमोजिम प्राप्त गर्नु पर्ने अङ्क प्राप्त नगरेको वा प्राप्त नगर्ने अङ्क प्राप्त गरेको आधारमा बढुवा समितिको सिफारिस संशोधन गर्नुपर्ने देखिएमा सो समेत गरी बढुवा समिति समक्ष पठाउनु पर्नेछ र बढुवा समितिले बढुवाको उजुरी सुन्ने समितिबाट लेखी आए बमोजिम नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम परेको उजुरीको टुङ्गो लागेपछि मात्र बढुवा समितिको सिफारिस कार्यान्वयन गरिनेछ।

(७) दफा २९ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको बढुवा समितिको बढुवा सिफारिस उपर बढुवा उजुरी सुन्ने समितिको सचिवालयको काम लोकसेवा आयोगको सम्बन्धित शाखाले र सोही उपदफाको खण्ड (घ), (ङ) र (च) बमोजिमको बढुवा समितिको बढुवाको सिफारिस उपर बढुवा उजुरी सुन्ने समितिको सचिवालयको काम मन्त्रालयको सम्बन्धित महाशाखाले गर्नेछ।

४१. **बढुवा मिति र बढुवा नियुक्तिः** (१) दफा ३९ बमोजिम बढुवा समितिले सिफारिस गरेपछि बढुवा उजुरीको प्रयोजनका लागि सो नतिजा प्रकाशन भएको मितिबाट सात दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिनेछ। त्यस्तो बढुवा सिफारिसउपर उजुरी नपरेमा सो नामावली प्रकाशन भएको मितिले आठौं दिनदेखि बढुवा हुने पदको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ।

(२) बढुवा सिफारिस उपर उजुरी परेमा देहाय बमोजिम ज्येष्ठता मिति कायम गरी नियुक्ति दिनु पर्नेछः-

(क) दफा ४० को उपदफा (५) बमोजिम बढुवा सिफारिस संशोधन गर्ने निर्णय भएमा सोबमोजिम संशोधित नतिजा प्रकाशन भएको मितिदेखि,

(ख) उजुरी खारेज भएमा वा पहिलेको बढुवा सिफारिस नै कायम भएमा पहिलो पटक बढुवा नतिजा प्रकाशन भएको मितिले आठौं दिनदेखि।


नेपाल सरकार गृह मन्त्रालय
गृह मन्त्री

(३) कुनै बढुवा सम्बन्धमा अदालतमा मुद्दा परी बढुवा बदर भई पुनः बढुवा समितिबाट बढुवासम्बन्धी निर्णय गरेमा पछिल्लो पटक बढुवा समितिबाट निर्णय भएको मितिदेखि ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ।

४२. **<u>बढुवा नियुक्तिको रोक्का:</u>** (१) बढुवाको लागि सिफारिस भईसकेको कुनै सशस्त्र प्रहरी कर्मचारीले बढुवा नियुक्ति नपाउँदै त्यस्तो सशस्त्र प्रहरी कर्मचारी निलम्बन भएमा वा निजले दफा ८७ को खण्ड (क) बमोजिमको विभागीय सजाय पाएमा दफा ३१ को उपदफा (१) बमोजिमको अवधिभर निजको बढुवा नियुक्ति रोक्का गरी सो अवधि समाप्त भएको भोलिपल्टको मितिबाट ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति दिइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निलम्बन भएको सशस्त्र प्रहरी कर्मचारीले लागेको आरोपबाट सफाइ पाएमा वा निजको निलम्बन अवधि समाप्त भएमा निजको बढुवाको योग्यताक्रम अनुसार नै नियुक्ति दिइनेछ।

४३. **<u>बढुवा सम्बन्धी विशेष व्यवस्था :</u>** (१) निवृत्तिभरण पाउने सेवा अवधि पुगेका र एउटै पदमा कम्तीमा आठ वर्ष बहाल रहेका सशस्त्र प्रहरी उपरिक्षक वा सो भन्दा मुनिका सशस्त्र प्रहरी परिचर बाहेकका सशस्त्र प्रहरी कर्मचारी अनिवार्य अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक श्रेणी वा तह माथिको पदमा बढुवा गरिनेछ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत सशस्त्र प्रहरी उपरीक्षक वा सो भन्दा मुनिको पदमा बहाल रहेका सशस्त्र प्रहरी कर्मचारी कम्तीमा पाँच वर्ष सोही पदमा रही अनिवार्य अवकाश हुने भई अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक श्रेणी वा तह माथिको पदमा बढुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिम बढुवा गर्दा सशस्त्र प्रहरी हवल्दार र सशस्त्र प्रहरी वरिष्ठ हवल्दारलाई सशस्त्र प्रहरी सहायक निरीक्षक पदमा तथा सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक र सशस्त्र प्रहरी नायव निरीक्षकलाई सशस्त्र प्रहरी निरीक्षक पदमा बढुवा गरिनेछ। यसरी सशस्त्र प्रहरी वरिष्ठ हवल्दारलाई सशस्त्र प्रहरी सहायक निरीक्षक पदमा बढुवा गर्दा सशस्त्र प्रहरी हवल्दार पदको सेवा अवधि र सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षकलाई सशस्त्र प्रहरी निरीक्षकमा बढुवा गर्दा सशस्त्र प्रहरी नायब निरीक्षक पदको सेवा अवधि समेत गणना गरिनेछ।

(३) उपदफा (१) बमोजिम बढुवा गर्नको लागि स्वतः विशेष पद सिर्जना हुनेछ र त्यस्तो सशस्त्र प्रहरी कर्मचारी अवकाश भएपछि त्यस्तो पद स्वतः खारेज हुनेछ।

(४) उपदफा (१) बमोजिम विशेष बढुवा भएका सशस्त्र प्रहरी कर्मचारीलाई निजले तल्लो पदबाट अवकाश लिंदा पाउने सुविधा भन्दा कम नहुने गरी सुविधा दिइनेछ।

(५) देहाय बमोजिमको उत्कृष्ट कार्य गर्ने राजपत्र अनङ्कित श्रेणीका सशस्त्र प्रहरी कर्मचारीलाई सशस्त्र प्रहरी महानिरीक्षकले राजपत्र अनङ्कित श्रेणीसम्मको एक तह माथिको रिक्त पदमा बढुवा गर्दा रिक्त पद मध्ये प्रतिशत निर्धारण भई बढुवा तर्फ निर्धारित भएको पदमध्ये तोकिएको संख्यामा मात्र बढुवा गर्न सक्नेछः-

(क) राष्ट्र, सशस्त्र प्रहरी बल, नेपाल तथा आफू सेवारत सशस्त्र प्रहरी कार्यालयको मान, प्रतिष्ठा र गौरव बढाउन प्रशंसनीय, सृजनात्मक र लगनशील कार्य गरेको,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न विधामा उत्कृष्ट कार्य गरी राष्ट्र र सशस्त्र प्रहरी सङ्गठनको छवि उच्च राख्न विशेष योगदान पुऱ्याएको,

(ग) सशस्त्र प्रहरी सेवामा रही कर्तव्य निर्वाह गर्दाको सिलसिलामा वीरगति प्राप्त गरेको,

(घ) काम गर्दा शारीरिक रूपमा अशक्त भई सेवाबाट अवकाश लिनु पर्ने अवस्थाको, वा

(ङ) सशस्त्र प्रहरी कारवाहीको अवस्थामा आफ्नो कर्तव्य पालनामा बहादुरी देखाएको भनी सम्बन्धित फिल्ड कमाण्डर वा एकाइबाट सिफारिस भएको।

(६) उपदफा (५) बमोजिम बढुवा भएका सशस्त्र प्रहरी कर्मचारीको नाम, पद, बढुवा गर्नुपर्नाको आधार र औचित्य सहितको लिखित विवरण प्रधान कार्यालयले बढुवा गरिएको पन्ध्र दिनभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(७) उपदफा (५) बमोजिम गरिने बढुवा एक आर्थिक वर्षमा दस जनाभन्दा बढीलाई गरिने छैन।

(८) यस दफा बमोजिम हुने विशेष बढुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. **बढुवाका सर्तमा परिवर्तनः** दफा ३०, ३१, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४०, ४१, ४२, ४३ र सो अन्तर्गत बनेको नियममा भएको बढुवाका सर्त सम्बन्धी व्यवस्था संशोधन भएमा त्यस्तो संशोधित व्यवस्था संशोधन भएको मितिले एक वर्ष पछिको मितिदेखि मात्र लागू हुनेछ ।

## परिच्छेद-७
## तलब, भत्ता तथा अन्य सुविधा

४५. **तलब भत्ताः** (१) सशस्त्र प्रहरी कर्मचारीले आफ्नो पदमा बहाल भएको मितिदेखिको तलब, भत्ता र रासन पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काठमाडौं उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीको हकमा राष्ट्रिय किताबखानाबाट र अन्य जिल्लामा रहेका कार्यालयमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीको हकमा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराइ तलब भुक्तानी गर्नु हुँदैन।

(३) उपदफा (२) बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीले पाएको तलब, भत्ता त्यसरी तलब भुक्तानी गर्ने पदाधिकारीबाट असुल गरिनेछ।

(४) सशस्त्र प्रहरी कर्मचारीले सशस्त्र प्रहरी सेवामा रही काम गरे बापत पाउने तलब भत्ता नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ।

(५) प्रत्येक सशस्त्र प्रहरी कर्मचारीले एक वर्षको सेवा पूरा गरेपछि तोकिए बमोजिमको तलब वृद्धि (ग्रेड) पाउनेछ।

(६) माथिल्लो तलबमानको कुनै पदमा बढुवा पाउने सशस्त्र प्रहरी कर्मचारीले बढुवा भएको


नेपाल सरकार गृह मन्त्रालय
गृह मन्त्री

पदको सुरु तलब स्केल पाउनेछ।

तर निजले हाल खाइपाई आएको तलब माथिल्लो पदको तलबमानको न्यूनतम तलब बराबर वा सो भन्दा बढी भएमा माथिल्लो पदको तलबमानमा निजको तलब तोक्दा देहाय बमोजिम गरी तोकिनेछः-

(क) साविक पदमा खाइपाई आएको तलब माथिल्लो तलबमानको सुरु तलब बराबर मात्र भएमा सो तलबमा एक तलब वृद्धि थप गरी, र

(ख) साविक पदमा खाइपाई आएको तलब भन्दा बढुवा भएको पदको सुरुको तलव कम भएमा हाल खाइपाई आएको तलबमा नपुगेसम्मको तलब वृद्धि थप गरी माथिल्लो पदको एक तलब वृद्धि समेत थप गरी।

४६. <u>सञ्चय कोषमा रकम जम्मा गर्ने:</u> सशस्त्र प्रहरी कर्मचारीको मासिक तलबबाट दस प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा नेपाल सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरी दिनेछ।

४७. <u>बीमा गर्ने:</u> (१) नेपाल सरकारले सशस्त्र प्रहरी कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सावधिक जीवन बीमाको व्यवस्थापन गर्न एक सावधिक जीवन बीमा कोषको स्थापना गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभांश सहित सशस्त्र प्रहरी कर्मचारीलाई बढी सुविधा दिने प्रचलित कानून बमोजिम स्थापित कोष मार्फत सावधिक जीवन बीमाको व्यवस्थापन गर्न सकिनेछ।

(४) नेपाल सरकारले सशस्त्र प्रहरी कर्मचारीलाई तोकिए बमोजिम दुर्घटना बीमाको व्यवस्था गर्नेछ।

(५) यो ऐन प्रारम्भ भए पछि सशस्त्र प्रहरी कर्मचारीका बढीमा दुई सन्ततिलाई स्नातक तहसम्म अध्ययन गर्न आवश्यक पर्ने खर्चको निमित्त तोकिए बमोजिम शैक्षिक बीमा योजना लागू गर्न सकिनेछ।

(६) यस दफा बमोजिमको सावधिक जीवन बीमा तथा बीमा कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४८. <u>उपचार खर्च:</u> (१) सशस्त्र प्रहरी कर्मचारीले सेवा अवधि भरमा अधिकृत भए बाह्र महिना, जुनियर अधिकृत भए अठार महिना, अन्य पद र परिचर भए एक्काइस महिनाको खाइपाई आएको तलब बराबरको रकम उपचार खर्च बापत पाउनेछ।

(२) कुनै सशस्त्र प्रहरी कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भएमा उपदफा (१) बमोजिम पाउने रकममा नबढ्ने गरी तोकिए बमोजिम भएको खर्चको रकम दिइनेछ।

(३) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएकोमा बाहेक अन्य अवस्थामा सेवाबाट अलग हुने सशस्त्र प्रहरी कर्मचारीले यस दफा बमोजिम सेवा



नेपाल सरकार
गृह मन्त्रालय
गृह मन्त्री

अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी भएको भए त्यस्तो बाँकी रकम एकमुस्ट लिन पाउनेछ।

(४) बिस वर्ष, पच्चिस वर्ष र सोभन्दा बढी सेवा अवधि पूरा गरी निवृत्तिभरण पाउने गरी सेवाबाट अलग भएको सशस्त्र प्रहरी कर्मचारी वा निजको हकवालाले उपदफा (३) बमोजिम पाउने उपचार खर्चमा लिन बाँकी रकमको क्रमशः दस, पन्ध्र र बिस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट पाउनेछ।

(५) पाँच वर्षभन्दा बढी सेवा गरी दस वर्षको सेवा अवधि नपुग्दै कुनै सशस्त्र प्रहरी कर्मचारी भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएकोमा बाहेक अरु जुनसुकै व्यहोराबाट सेवाबाट अलग भएमा उपदफा (१) बमोजिमको रकमलाई दस वर्ष सेवा गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

(६) दुर्गम क्षेत्रमा रहेका सशस्त्र प्रहरी कर्मचारी बिरामी भई स्थानीय स्वास्थ्य संस्थाबाट उपचार हुन नसकी ज्यान समेत जोखिम हुने अवस्था परेको भनी जिल्लास्थित अस्पताल वा स्वास्थ्य संस्थाले सिफारिस गरेकोमा सोको आधारमा तोकिए बमोजिम सशस्त्र प्रहरी महानिरीक्षकको स्वीकृति लिई उपचारको सुविधा भएको ठाउँमा लैजाँदा र त्यहाँबाट फर्काउँदा लाग्ने खर्च पाउनेछ।

(७) झुट्टा व्यहोरा पेस गरी यस दफा बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने सशस्त्र प्रहरी कर्मचारलाई विभागीय कारबाही गरिनेछ र त्यस्तो झुट्टा व्यहोरा प्रमाणित गर्ने सरकारी चिकित्सकको हकमा विभागीय कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ र अन्य चिकित्सकको हकमा आवश्यक कारबाहीको लागि त्यस्तो चिकित्सक दर्ता भएको व्यवसायिक परिषद्मा लेखी पठाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम लेखी आएमा सम्बन्धित निकायले सो उपर आवश्यक कारबाही गरी सोको जानकारी यसरी लेखी पठाउने निकाय वा अधिकारीलाई दिनु पर्नेछ।

(९) उपदफा (७) बमोजिम कुनै सशस्त्र प्रहरी कर्मचारीले झुट्टा व्यहोरा पेस गरी उपचार खर्च लिई सकेको भए सो रकम समेत त्यस्तो सशस्त्र प्रहरी कर्मचारीबाट असुल गरिनेछ।

(१०) कुनै सशस्त्र प्रहरी कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटना, प्राकृतिक विपद् वा द्वन्द्वमा परी घाइते भएमा वा अङ्गभङ्ग भएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीको उपचारमा लाग्ने सम्पूर्ण खर्च नेपाल सरकारले बेहोर्नेछ। यसरी उपचार गराउँदा उपलब्ध भएसम्म सरकारी अस्पतालमा गराउनु पर्नेछ।

तर सरकारी अस्पतालमा उपचार सम्भव नभएको अवस्थामा नेपाल भित्रका वा विदेश स्थित अन्य अस्पतालमा उपचार गर्न बाधा पर्ने छैन। यसरी विदेशमा उपचार गराउनु पर्ने भएमा नेपाल सरकारको सहमति लिनु पर्नेछ।

४९. <u>चाडपर्व खर्च पाउनेः</u> (१) सशस्त्र प्रहरी कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने चाडपर्वको लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ। यस्तो रकम सशस्त्र प्रहरी कर्मचारीले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ।

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

(२) उपदफा (१) बमोजिमको चाडपर्व खर्च निलम्बनमा रहेको सशस्त्र प्रहरी कर्मचारीले समेत पाउनेछ।

(३) निवृत्तिभरण पाउने गरी अवकाश भएको सशस्त्र प्रहरी कर्मचारीलाई निजले पाउने एक महिनाको निवृत्तिभरण बराबरको रकम चाडपर्व खर्चको रुपमा दिईनेछ।

## परिच्छेद-८
## अवकाश, उपदान तथा निवृत्तिभरण

५०. **अनिवार्य अवकाशः** (१) देहायका सशस्त्र प्रहरी कर्मचारीले देहाय बमोजिमको कुनै एक आधारमा सशस्त्र प्रहरी सेवाबाट अनिवार्य अवकाश पाउनेछः-

(क) देहायको पदमा बहाल रहेका सशस्त्र प्रहरी कर्मचारीको देहाय बमोजिमको उमेर पूरा भएमाः-

| | | |
|---|---|---|
| (१) | सशस्त्र प्रहरी महानिरीक्षक | - साठी वर्ष |
| (२) | सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक र सशस्त्र प्रहरी नायब महानिरीक्षक | - उन्नान्साठी वर्ष |
| (३) | सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक र सशस्त्र प्रहरी उपरीक्षक | - अन्ठाउन्न वर्ष |
| (४) | सशस्त्र प्रहरी नायब उपरीक्षक र सशस्त्र प्रहरी निरीक्षक | - सन्ताउन्न वर्ष |
| (५) | सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक, सशस्त्र प्रहरी नायब निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक | - चौवन्न वर्ष |
| (६) | सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार, सशस्त्र प्रहरी सहायक हवल्दार र सशस्त्र प्रहरी जवान | - एकाउन्न वर्ष |
| (७) | सशस्त्र प्रहरी परिचर | - पचपन्न वर्ष |

(ख) देहायका पदमा देहायको अवधिसम्म बहाल रहेको सशस्त्र प्रहरी कर्मचारीले सो अवधि भुक्तान गरेको आधारमा अवकाश पाउनेछः-

| | | |
|---|---|---|
| (१) | सशस्त्र प्रहरी महानिरीक्षक | -तीन वर्ष |
| (२) | सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक | -तीन वर्ष |
| (३) | सशस्त्र प्रहरी नायब महानिरीक्षक | -पाँच वर्ष |
| (४) | सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक | -आठ वर्ष |
| (५) | सशस्त्र प्रहरी उपरीक्षक | -दस वर्ष |

(२) उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि कायम मुकायम मुकरर भएमा त्यस्तो अवधि सो पदको अवधिमा गणना हुने छैन।

तर तल्लो पदमा नोकरीको अवधि लागू हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा बढुवा हुन नसकेमा माथिल्लो पदमा कायम मुकायम भएको अवधि समेत तल्लो पदको अवधिमा गणना



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

हुनेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम पदावधि लागू हुने सशस्त्र प्रहरी कर्मचारीले खण्ड (क) बमोजिमको उमेरको हद वा खण्ड (ख) बमोजिमको पदावधि मध्ये पहिले अवकाश हुने मितिको आधारमा सेवाबाट अवकाश पाउनेछ।

(४) सशस्त्र प्रहरी कर्मचारीको उमेरको गणना गर्दा निजले सेवामा प्रवेश गर्दा पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा किटान गरिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटान गरिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा उल्लेख भएको जन्म मिति वा वर्षबाट हुन आएको उमेरमध्ये निज पहिले अवकाश हुने मितिको आधारमा गणना गरिनेछ।

(५) उपदफा (४) को प्रयोजनको लागि सशस्त्र प्रहरी कर्मचारीको उमेरको हिसाब देहाय बमोजिम हुनेछः-

(क) सेवामा प्रवेश गर्दा निजले पेस गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक विवरण (सिटरोल) मा जन्ममिति, वर्ष, महिना र गते समेत खुलेको र सबैमा एउटै मिति नरहेको भएमा जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिको आधारमा,

(ख) वर्ष वा संवत् मात्र उल्लेख भएको प्रमाणपत्रका आधारमा जन्ममिति कायम गर्दा नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मिति, शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मिति र वैयक्तिक अभिलेख (सिटरोल) को हकमा सुरु भर्ना भएको मितिको आधारमा,

(ग) कुनै प्रमाणपत्रमा वर्षमात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको रहेछ र त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्ममितिको बिचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा खुलेको जन्ममितिको आधारमा।

तर यसरी छुट्टाछुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिको अन्तर एक वर्षभन्दा बढी भएमा पहिलो जन्ममिति भएको प्रमाणपत्रको आधारमा खण्ड (ख) बमोजिम जन्ममिति कायम गरिनेछ।

५१. **राजीनामा दिन सक्नेः** (१) सशस्त्र प्रहरी कर्मचारीले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही राजीनामा स्वीकृत गराइ सेवावाट अवकाश लिन सक्नेछ।

(२) सशस्त्र प्रहरी कर्मचारीको राजीनामा स्वीकृत गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ।

५२. **नोकरी छोड्न नपाउनेः** (१) दफा ५१ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको सशस्त्र प्रहरी कर्मचारीले नोकरी छोड्न पाउने छैनः-

(क) आधारभूत तालिम पूरा नगरेको,

(ख) नियुक्ति भएको पाँच वर्ष पूरा नभएको।

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियुक्ति भएको पाँच वर्ष पूरा नभएको कुनै सशस्त्र प्रहरी कर्मचारीले मनासिब कारण परी राजिनामा दिनु परेमा निजले कारण खोली राजपत्राङ्कित सशस्त्र प्रहरी कर्मचारी भए प्रधान कार्यालय मार्फत मन्त्रालय समक्ष र राजपत्र अनङ्कित सशस्त्र प्रहरी कर्मचारी भए सम्बन्धित सशस्त्र प्रहरी कार्यालय मार्फत सशस्त्र प्रहरी महानिरीक्षक समक्ष निवेदन दिनु पर्नेछ र कारण मनासिब भएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई नोकरी छाड्न अनुमति दिन सकिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य सरकारी सेवामा सेवा प्रवेश गरेको कारण सशस्त्र प्रहरी सेवाको नोकरी छाड्न यस दफाको कुनै व्यवस्थाले बाधा पार्ने छैन।

तर अन्य सुरक्षा निकायमा खुल्ला प्रतियोगिताबाट पदपूर्ति हुने समान पदमा नयाँ नियुक्ति लिई सेवा प्रवेश गर्न पाइने छैन।

(४) उपदफा (२) वा (३) को अवस्थामा बाहेक उपदफा (१) विपरीत नोकरी छोड्ने सशस्त्र प्रहरी कर्मचारीले खाइपाई आएको तलव, भत्ता तथा सुविधा बराबर हुन आउने रकम निजबाट असुल उपर गरिनेछ।

५३. **उपदानः** (१) पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको सशस्त्र प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा वा अनिवार्य अवकाश पाएमा वा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहाय बमोजिम उपदान पाउनेछः-

(क) पाँच वर्ष भन्दा बढी दस वर्षसम्म नोकरी गरेको सशस्त्र प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दस वर्ष भन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको सशस्त्र प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्ष भन्दा बढी बिस वर्ष भन्दा कम नोकरी गरेको सशस्त्र प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएको वा भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त भएको सशस्त्र प्रहरी कर्मचारीलाई उपदान दिइने छैन।

५४. **निवृत्तिभरणः** (१) सशस्त्र प्रहरी कर्मचारीले देहाय बमोजिम वा सो भन्दा बढी अवधिसम्म सशस्त्र प्रहरी सेवामा काम गरी नोकरीबाट अवकाश भएमा मासिक निवृत्तिभरण आजीवन पाउनेछः-

(क) राजपत्राङ्कित अधिकृत -बिस वर्ष

(ख) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक, सशस्त्र प्रहरी नायब निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक -अठार वर्ष

(ग) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार,


नेपाल सरकार गृह मन्त्रालय
गृह मन्त्री

सशस्त्र प्रहरी सहायक हवल्दार, सशस्त्र प्रहरी जवान

र सशस्त्र प्रहरी परिचर -सोह्र वर्ष

(२) उपदफा (१) बमोजिम दिइने निवृत्तिभरणको हिसाब देहाय बमोजिम हुनेछः-

(क) सशस्त्र प्रहरी निरीक्षक र सो भन्दा माथिल्लो पदका सशस्त्र प्रहरी अधिकृतको निमित्तः-

$$\frac{\text{नोकरी अवधि} \times \text{आखिरी तलब}}{\text{५०}}$$

(ख) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक र सो भन्दा तल्लो पदका सशस्त्र प्रहरी कर्मचारीको निमित्तः-

$$\frac{\text{नोकरी अवधि} \times \text{आखिरी तलब}}{\text{४०}}$$

(३) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको अवधि पूरा भएको तर बिस वर्ष सेवा अवधि पूरा नगरेको सशस्त्र प्रहरी कर्मचारीले स्वेच्छिक अवकाश लिएमा निजलाई सशस्त्र प्रहरी सेवामा सुरु नियुक्ति भएको मितिले बिस वर्ष सेवा अवधि पूरा भएपछि मात्र निवृत्तिभरण दिइनेछ।

(४) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार र सोभन्दा मुनिको पदबाट अवकाश भई निवृत्तिभरण पाइरहेका व्यक्तिको उमेर साठी वर्ष पूरा भएपछि निजले पाइरहेको निवृत्तिभरणको अङ्कमा तिस प्रतिशत थप गरिनेछ।

(५) सशस्त्र प्रहरी सेवाबाट अवकाश पाई निवृत्तिभरण पाईरहेका व्यक्तिको उमेर पचहत्तर वर्ष पूरा भएपछि खाइपाई आएको निवृत्तिभरण रकमको दस प्रतिशत र पचासी वर्ष पूरा भएपछि थप दस प्रतिशत रकम उपचार खर्च बापत थप गरी निवृत्तिभरण दिईनेछ।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला सशस्त्र प्रहरी कर्मचारीको तलब स्केलको सुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला सशस्त्र प्रहरी कर्मचारीको तलबको सुरु स्केलभन्दा बढी हुने छैन।

(७) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा निवृत्तिभरणको लागि आवश्यक पर्ने सेवा अवधि पुऱ्याउन चाहिने वर्ष थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिईनेछ।

(८) बहालवाला सशस्त्र प्रहरी कर्मचारीको तलबवृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाइ रकम समान पदका निवृत्त सशस्त्र प्रहरी कर्मचारीको निवृत्तिभरण रकममा पनि थप गरिनेछ।

(९) नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएको वा भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त भएको सशस्त्र प्रहरी कर्मचारीले यस ऐन बमोजिमको निवृत्तिभरण पाउने छैन।

(१०) यस दफा बमोजिम पाउने निवृत्तिभरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५५. **पारिवारिक निवृत्तिभरण र उपदानः** (१) कुनै सशस्त्र प्रहरी कर्मचारीको सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा दफा ५३ वा ५४ बमोजिमको उपदान वा निवृत्तिभरण निजले आफ्नो परिवारको कुनै सदस्य वा नाबालक भाइ वा बहिनीलाई प्राप्त हुनेछ।

तर निवृत्तिभरणको हकमा यस्तो निवृत्तिभरण सात वर्षभन्दा बढी समय प्राप्त हुने छैन। निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएको सशस्त्र प्रहरी कर्मचारीको परिवार वा नाबालक भाइ वा बहिनी वा हकवालालाई सात वर्ष पुगेपछि निवृत्तिभरण प्राप्त हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिमको पारिवारिक निवृत्तिभरण त्यस्तो मृतक सशस्त्र प्रहरी कर्मचारीको पति वा पत्नीले पाउने भएमा देहाय बमोजिमको अवधि पछि निजले पाउने निवृत्तिभरणको आधा रकम मृतक सशस्त्र प्रहरी कर्मचारीको पति वा पत्नीले आजीवन पाउनेछः-

(क) सेवामा छँदै मृत्यु भएमा मृत्यु भएको सात वर्ष पछि,

(ख) निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निवृत्तिभरण पाउन थालेको सात वर्ष अवधि व्यतित भएपछि, र

(ग) निवृत्तिभरण पाउन थालेको सात वर्ष व्यतित भएपछि मृत्यु भएमा निज सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएको मितिदेखि।

तर त्यस्तो पति वा पत्नी मासिक पारिश्रमिक पाउने कुनै सरकारी लाभको पदमा रहेको भए सो अवधिभर वा निजले अर्को विवाह गरेमा यस उपदफा बमोजिमको निवृत्तिभरण सुविधा पाउने छैन।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको सशस्त्र प्रहरी कर्मचारीको पति वा पत्नी नभएमा वा निजले अर्को विवाह गरेमा वा निजको मृत्यु भएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीको छोराछोरीले अठार वर्ष उमेर पूरा नभएसम्म उपदफा (१) वा (२) बमोजिमको निवृत्तिभरणको रकम तोकिए बमोजिम दामासाहीले पाउनेछ।

(४) उपदफा (१) बमोजिम मृत्यु भएको सशस्त्र प्रहरी कर्मचारीको पति, पत्नी वा नावालक छोराछोरी रहेछन् र त्यस्तो सशस्त्र प्रहरी कर्मचारीको आश्रित बाबुआमा दुबै वा तीमध्ये कुनै एक रहेछन् भने निजहरूलाई उपदफा (२) बमोजिमको अवधि पछि सो उपदफा बमोजिम कायम हुने रकमको दुई तिहाईमा नबढ्ने गरी निवृत्तिभरणको रकम दिईनेछ।

(५) पारिवारिक निवृत्तिभरण वा उपदान दिँदा मृतक सशस्त्र प्रहरी कर्मचारीले आफ्नो परिवारको सदस्य वा आश्रित नाबालक भाइ वा बहिनीमध्ये कसैलाई ईच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि इच्छाएको नभएमा क्रमशः त्यस्तो कर्मचारीको सगोल पति वा पत्नी, छोराछोरी, बाबुआमा, बाजेबज्यै, सासू ससुरालाई दिईनेछ।

(६) कुनै सशस्त्र प्रहरी कर्मचारी हराई बेपत्ता भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता

नलागेमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीले दफा ५४ र ५५ बमोजिम पाउने उपदान वा निवृत्तिभरण रकम उपदफा (५) बमोजिमको व्यक्तिलाई दिईनेछ।

(७) उपदफा (६) बमोजिम सुविधा दिंदा पन्ध्र वर्ष सेवा अवधि पूरा गरी बेपत्ता भएको सशस्त्र प्रहरी कर्मचारीको हकमा निजको सेवा अवधिमा बढीमा पाँच वर्षसम्म अवधि थप गरी निजको हकवालालाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिईनेछ।

(८) बेपत्ता भएको सशस्त्र प्रहरी कर्मचारी जीवितै रहेको फेला परेमा निजको हकवालाले दफा ५३ वा ५४ बमोजिम प्राप्त गरेको उपदान वा निवृत्तिभरण रकम फिर्ता गर्नु पर्नेछ।

(९) यस दफा बमोजिम पाउने पारिवारिक निवृत्तिभरण र उपदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५६. **असाधारण पारिवारिक निवृत्तिभरण र उपदानः** (१) कुनै सशस्त्र प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालना गर्दाका बखत कुनै दुर्घटनामा परी वा अस्वस्थ भई वा तालिम लिंदाका बखत कुनै चोटपटक लागी तत्काल मृत्यु भएमा वा अशक्त भएमा वा त्यसैको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगेको भए तापनि त्यस्तो सशस्त्र प्रहरी कर्मचारीले खाइपाई आएको तलबको आधा रकम पारिवारिक निवृत्तिभरण र देहाय बमोजिम असाधारण पारिवारिक उपदान समेत दिइनेछः-

(क) दस वर्ष सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाइपाई आएको छ महिनाको तलब बराबरको रकम,

(ख) दस वर्षदेखि बिस वर्षसम्म सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाई आएको नौ महिनाको तलब बराबरको रकम,

(ग) बिस वर्षभन्दा बढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाई आएको एक वर्षको तलब बराबरको रकम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सशस्त्र प्रहरी कर्मचारी कुनै आतङ्ककारी वा हतियारधारी समूहको कारबाही वा अन्य कुनै प्रकारको सशस्त्र मुठभेड वा आक्रमण वा विस्फोटमा परी वा त्यस्तो समूह विरुद्धको कारबाहीमा वा विपद् वा कुनै महामारीमा उद्दार वा कुनै जोखिमपूर्ण र चुनौतीपूर्ण काममा खटिएका बखत कुनै आकस्मिक दुर्घटनामा परी तत्कालै वा सोही कारणले निको नभई मृत्यु भएमा मृतक सशस्त्र प्रहरी कर्मचारीलाई मरणोपरान्त एक तहमाथिको पदमा पदोन्नति दिई सोही पद अनुसारको पूरा तलब बराबरको रकम असाधारण पारिवारिक निवृत्तिभरण बापत त्यस्तो सशस्त्र प्रहरी कर्मचारीको उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी बढीमा सात वर्षसम्म दिइनेछ।

(३) उपदफा (२) बमोजिम असाधारण पारिवारिक निवृत्तिभरण मृतक सशस्त्र प्रहरी कर्मचारीको पति, पत्नी, बाबु, आमा, सासू, ससुरा, छोरा वा छोरीले पाएको भएमा उपदफा (२) बमोजिमको अवधि व्यतित भएपछि मृतक सशस्त्र प्रहरी कर्मचारीको सेवा अवधि निवृत्तिभरण पाउन आवश्यक पर्ने न्यूनतम अवधि भन्दा कम भएमा निवृत्तिभरण पाउन आवश्यक पर्ने न्यूनतम अवधिको आधारमा र त्यस्तो अवधि भन्दा बढी सेवा अवधि भएमा जम्मा सेवा अवधिको आधारमा हिसाब गरी हुन आउने रकम असाधारण पारिवारिक निवृत्तिभरणको रुपमा दिइनेछ।

(४) उपदफा (३) को प्रयोजनको लागि सेवा अवधि गणना गर्दा उपदफा (२) बमोजिम निवृत्तिभरण पाएको अवधिलाई समेत गणना गरिनेछ।

(५) उपदफा (१) वा (३) बमोजिमको असाधारण पारिवारिक निवृत्तिभरण मृतक सशस्त्र प्रहरी कर्मचारीको पति, पत्नी, बाबु, आमा, सासू, ससुरा भए आजीवन र छोरा छोरी भए एक्काइस वर्षको उमेर पूरा नभएसम्म पाउनेछ।

(६) कर्तव्य पालनाको सिलसिलामा खटिएको वा खटिने क्रममा बाटोमा आउँदा जाँदा वा अन्य कार्य गर्दा बाटोबाट वा कार्यस्थलबाट अपहरणमा परी हत्या भएको भरपर्दो सूचना प्राप्त भएको तर शरीर फेला पर्न नसकेको अवस्थामा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी र सम्बन्धित जिल्लाको सशस्त्र प्रहरी कार्यालयको प्रमुखको संयुक्त प्रतिवेदनको आधारमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीको परिवारलाई उपदफा (१), (२) वा (३) बमोजिमको सुविधा दिइनेछ।

(७) यस दफा बमोजिम मृतक सशस्त्र प्रहरी कर्मचारीको पति वा पत्नीले पारिवारिक निवृत्तिभरण पाइरहेको अवस्थामा निजको मृत्यु भएमा निजले खाइपाई आएको पारिवारिक निवृत्तिभरण निजको एक्काइस वर्ष पूरा नभएका छोरा छोरीले दामासाहीले भाग गरी एक्काइस वर्ष उमेर पूरा नभएसम्म पाउनेछन्।

(८) यस दफा बमोजिम कुनै मृतक सशस्त्र प्रहरी कर्मचारीको छोरा छोरीले पारिवारिक निवृत्तिभरण पाइरहेकोमा कुनै छोराछोरीको उमेर एक्काइस वर्ष पूरा भएमा र एक्काइस वर्ष उमेर पूरा नभएका अन्य छोराछोरी भएमा निजले पाउँदै आएको निवृत्तिभरण रकम एक्काइस वर्ष नपुगेका अन्य छोरा छोरीले पाउने निवृत्तिभरणमा थप गरी दिइनेछ।

(९) यस दफा बमोजिम सशस्त्र प्रहरी कर्मचारीको परिवारले असाधारण पारिवारिक निवृत्तिभरण पाइरहेको अवस्थामा बहालवाला सशस्त्र प्रहरी कर्मचारीको तलबमानमा वृद्धि भएमा सोको दुई तिहाइ रकम असाधारण पारिवारिक निवृत्तिभरणको रकममा समेत वृद्धि हुनेछ।

तर उपदफा (२) बमोजिमको असाधारण पारिवारिक निवृत्तिभरणको हकमा बहालवाला सशस्त्र प्रहरी कर्मचारीको तलबमानमा जति वृद्धि भएको छ सोही बमोजिमको रकम त्यस्तो असाधारण पारिवारिक निवृत्तिभरणमा समेत वृद्धि हुनेछ।

५७. **अशक्त वृत्तिः** (१) दफा ५६ बमोजिमको अवस्थामा परी कुनै सशस्त्र प्रहरी कर्मचारी अङ्गभङ्ग भई वा चोटपटक लागी शारीरिक वा मानसिक रुपमा सशस्त्र प्रहरी सेवामा बहाल रहन अशक्त भएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीले निजको जीविकाको निमित्त बाँचुञ्जेलसम्म अशक्त वृत्तिको रुपमा उपदफा (२) बमोजिम निवृत्तिभरण सहित उपदफा (३) बमोजिमको अशक्त भत्ता पाउनेछ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनका लागि "अशक्त" भन्नाले नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट शारीरिक वा मानसिक रुपमा अशक्त भई सशस्त्र प्रहरी सेवामा कामकाज गर्न असक्षम भनी सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम अशक्त भएको सशस्त्र प्रहरी कर्मचारीको सेवा अवधि निवृत्तिभरण पाउने अवधि पुगेको भए निजले तत्काल खाइपाई आएको (कायम मुकायम, कार्यवाहक वा निमित्त भई काम गरेको भए सोको समेत) तलबले हिसाब गरी हुन आउने रकम बराबर अशक्त निवृत्तिभरण पाउनेछ। त्यस्तो अशक्त सशस्त्र प्रहरी कर्मचारीको सेवा अवधि निवृत्तिभरण पाउने अवधि भन्दा घटी

भएमा निवृत्तिभरण पाउन बाँकी अवधि थप गरी त्यस्तो निवृत्तिभरण दिइनेछ।

(३) सशस्त्र प्रहरी कर्मचारीले अशक्तता बापत उपदफा (२) बमोजिम पाउने अशक्त निवृत्तिभरणको अतिरिक्त थप पाउने मासिक अशक्त भत्ताको रकम निजले खाइपाई आएको तलबको बिस प्रतिशत बराबर हुनेछ। यसरी अशक्त भत्ता दिँदा असी प्रतिशत वा सो भन्दा बढी अशक्तता भएको सशस्त्र प्रहरी कर्मचारीको हकमा निजको जीवनभर निजले खाइपाई आएको अशक्त भत्ताको बिस प्रतिशत रकम कुरुवा खर्चको रुपमा थप सुविधा समेत दिइनेछ।

तर अशक्त वृत्ति पाएका वा पाउने ठहरिएका सशस्त्र प्रहरी कर्मचारी सरकारी सेवामा प्रवेश गरेमा निजले यस ऐन बमोजिमको अशक्त वृत्ति पाउने छैन र पाइसकेको अशक्त वृत्ति रकम भने फिर्ता गर्नु पर्ने छैन।

(४) यस दफा बमोजिम पाउने अशक्त वृत्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५८. **<u>सन्तति वृत्ति र शैक्षिक वृत्ति</u>** : (१) दफा ५६ बमोजिमको अवस्था परी कुनै सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएमा वा आजीवन काम गर्न नसक्ने गरी अशक्त भएमा त्यस्तो मृतक वा अशक्त सशस्त्र प्रहरी कर्मचारीको बढीमा दुई जना छोरा छोरीलाई सुरु तलबको देहाय बमोजिमको प्रतिशतका दरले मासिक सन्तति वृत्ति र सोही प्रतिशत बमोजिम वार्षिक रुपमा शैक्षिक वृत्ति समेत दिइनेछः-

(क) सशस्त्र प्रहरी महानिरीक्षक र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक - ६.५ प्रतिशत
(ख) सशस्त्र प्रहरी नायब महानिरीक्षक र सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक - ८ प्रतिशत
(ग) सशस्त्र प्रहरी उपरीक्षक र सशस्त्र प्रहरी नायब उपरीक्षक - ९ प्रतिशत
(घ) सशस्त्र प्रहरी निरीक्षक - १० प्रतिशत
(ङ) सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षक र सशस्त्र प्रहरी नायब निरीक्षक - १२ प्रतिशत
(च) सशस्त्र प्रहरी सहायक निरीक्षक - १३ प्रतिशत
(छ) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार, सशस्त्र प्रहरी सहायक हवल्दार, सशस्त्र प्रहरी जवान र सशस्त्र प्रहरी परिचर - १४ प्रतिशत

(२) उपदफा (१) बमोजिमको सन्तति वृत्ति छोरा छोरीको उमेर एक्काइस वर्ष पूरा नभएसम्म दिइनेछ।

५९. **<u>एक मात्र पारिवारिक निवृत्तिभरण प्राप्त हुनेः</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सशस्त्र प्रहरी कर्मचारीको परिवारलाई यस ऐनमा उल्लिखित पारिवारिक निवृत्तिभरण मध्ये कुनै एक पारिवारिक निवृत्तिभरण प्राप्त हुनेछ।

तर दफा ५६ बमोजिम प्राप्त हुने पारिवारिक निवृत्तिभरण दफा ५५ बमोजिम पाउने निवृत्तिभरण भन्दा कम हुने छैन।

६०. **<u>निवृत्तिभरण रोक्न सकिनेः</u>** सशस्त्र प्रहरी सेवामा सेवा गरे बापत जुनसुकै किसिमको निवृत्तिभरण प्राप्त गरेका पूर्व सशस्त्र प्रहरी कर्मचारीले आतङ्ककारी गतिविधि, सशस्त्र विद्रोह, सशस्त्र सङ्घर्ष वा सङ्गठनको गोपनीयता भङ्ग हुने गरी कुनै प्रकाशन गरेको वा सशस्त्र प्रहरी बल, नेपालको सङ्गठन विरुद्धको गतिविधिमा संलग्न भएको अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा नेपाल सरकारले त्यस्ता पूर्व सशस्त्र प्रहरी कर्मचारीले खाइपाई आएको निवृत्तिभरण रोक्का गर्न सक्नेछ।



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

६१. **असमर्थ सशस्त्र प्रहरी कर्मचारीसम्बन्धी विशेष व्यवस्थाः** कुनै सशस्त्र प्रहरी कर्मचारी शारीरिक वा मानसिक स्वास्थ्य अवस्थाको कारणबाट नियमित रूपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा नेपाल सरकारले निजलाई दफा ५० को उपदफा (१) को खण्ड (क) बमोजिमको उमेर ननाघ्ने गरी निवृत्तिभरण पाउने अवधि पुऱ्याउन बढीमा सात वर्ष सेवाअवधि थप गरी अवकाश दिन सक्नेछ।

६२. **योगदानमा आधारित निवृत्तिभरणः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी कानूनमा उल्लेख भएको अवधि पछि नियुक्ति हुने सशस्त्र प्रहरी कर्मचारीले योगदानमा आधारित निवृत्तिभरण पाउनेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तिभरण पाउने सशस्त्र प्रहरी कर्मचारीले दफा ५६ वा ५७ बमोजिम प्राप्त गर्ने असाधारण पारिवारिक निवृत्तिभरण र उपदान वा अशक्त वृत्ति सुविधा योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी कानून बमोजिमको कोषबाट पाउनेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम योगदानमा आधारित निवृत्तिभरण पाउने सशस्त्र प्रहरी कर्मचारीले दफा ५३, ५४ वा ५५ बमोजिमको सुविधा पाउने छैन।

६३. **नोकरी अवधिको गणनाः** (१) यस परिच्छेदको प्रयोजनको लागि नोकरी अवधिको गणना गर्दा सशस्त्र प्रहरी सेवाको कुनै पदमा स्थायी नियुक्ति भई बिचमा सेवा टुटेको भए सो टुटेको अवधि कटाई नोकरी गरेको जम्मा अवधिलाई गणना गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदान पाईसकेको व्यक्ति सशस्त्र प्रहरी सेवाको पदमा पुनः बहाली भएमा निजले पाइसकेको उपदान र विदाको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ।

(३) उपदफा (१) बमोजिम नोकरी अवधि गणना गर्दा निलम्बन रहेको अवधिलाई समेत गणना गरिनेछ।

## परिच्छेद-९
## आचरण

६४. **समय पालना र नियमितताः** सशस्त्र प्रहरी कर्मचारीले नेपाल सरकारले निर्धारण गरेको समयमा नियमित रूपले आफ्नो पालोमा वा आफू खटिएको ठाउँमा हाजिर हुनु पर्नेछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई आफू खटिएको स्थानमा अनुपस्थित हुनु हुँदैन।

६५. **अनुशासन र आज्ञापालनः** सशस्त्र प्रहरी कर्मचारीले देहाय बमोजिमको अनुशासन र आदेश पालना गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परतासाथ पालना गर्नुपर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिल्लो अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पालना गर्नुपर्ने,

(ग) आफूभन्दा माथिल्लो सबै अधिकृत प्रति उचित आदर देखाउनु पर्ने र आफू

मातहतका सशस्त्र प्रहरी कर्मचारी प्रति उचित व्यवहार गर्नुपर्ने,

(घ) उच्छृङ्खल गतिविधि गर्न नहुने,

(ङ) विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सेवाका मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरु गर्न गराउन नहुने।

६६. **दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिन नहुने:** (१) कुनै पनि सशस्त्र प्रहरी कर्मचारी र निजको परिवारको सदस्यले नेपाल सरकारको पूर्व स्वीकृति बिना कसैबाट कुनै प्रकारको दान, दातब्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिनु हुँदैन।

(२) सशस्त्र प्रहरी कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले नेपाल सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ।

६७. **सम्पत्तिको विवरण बुझाउनु पर्ने:** प्रत्येक सशस्त्र प्रहरी कर्मचारीले प्रचलित कानून बमोजिम आफ्नो सम्पत्ति विवरण भरी सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखानामा बुझाउनु पर्नेछ।

६८. **कम्पनीको स्थापना, सञ्चालन र व्यापार व्यवसाय गर्न नहुने:** सशस्त्र प्रहरी कर्मचारीले नेपाल सरकारको पूर्व स्वीकृति नलिइ देहायका काम गर्नु हुँदैनः-

(क) कुनै बैंक, कम्पनी वा सहकारी संस्थाको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न।

६९. **सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्न नहुने:** (१) सशस्त्र प्रहरी कर्मचारीले नेपाल सरकारद्वारा अख्तियार नपाई आफूले कर्तव्यको पालना गर्दा प्राप्त गरेको कुनै गोप्य जानकारी वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको प्रतिबन्ध जुनसुकै कारणले सशस्त्र प्रहरी सेवाबाट अलग भएको व्यक्तिको हकमा समेत लागू हुनेछ।

७०. **रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यमसँग सम्पर्क राख्न नहुने:** (१) सशस्त्र प्रहरी कर्मचारीले नेपाल सरकारको अनुमति नलिई कुनै रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यममा आफ्नै वास्तविक वा काल्पनिक नामबाट वा बेनामी रुपमा कुनै लेख रचना प्रकाशन गर्न वा प्रसारण गर्न हुँदैन।

तर सशस्त्र प्रहरी बल, नेपालको प्रवक्ताको रुपमा जिम्मेवारी तोकिएको सशस्त्र प्रहरी अधिकृतले सशस्त्र प्रहरी महानिरीक्षकको अनुमति लिई कार्यालयको गतिविधि सम्बन्धी जानकारी वा सूचना प्रवाह गर्न बाधा पर्ने छैन।



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक, व्यावसायिक र न्याय वा कानून विषयसँग सम्बन्धित लेख तथा पुस्तक प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

तर त्यस्तो लेख प्रकाशन वा प्रसारण गरेपछि आफ्नो कार्यालयमा जानकारी गराउनु पर्नेछ।

७१. **प्रेस वा अदालतको सहारा लिन नहुने:** कुनै सशस्त्र प्रहरी कर्मचारीले कर्तव्य पालनाको सम्बन्धमा गरेको कामको सम्बन्धमा निजलाई लगाइएको आरोपको विषयमा नेपाल सरकारको पूर्व स्वीकृति नलिई प्रेस वा अदालतको सहारा लिन हुँदैन।

तर यस दफाले सशस्त्र प्रहरी कर्मचारीको आफ्नो व्यक्तिगत हक हितको सुरक्षाको लागि न्यायिक उपचार लिन वा सम्पादन गरेको काम वा चरित्रको सम्बन्धमा सफाइ दिन पाउने अधिकारमा कुनै बाधा पर्ने छैन।

७२. **सरकारको आलोचना गर्न नहुने:** (१) सशस्त्र प्रहरी कर्मचारीले नेपाल सरकार वा सशस्त्र प्रहरी बल, नेपालको सङ्गठनको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली जनताबिचको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी रुपमा कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन समेतबाट मन्तव्य प्रसारण गर्न, कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकार वा सशस्त्र प्रहरी सङ्गठनको नीति विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

७३. **निर्वाचनमा भाग लिन नहुने:** सशस्त्र प्रहरी कर्मचारीले कुनै राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचारप्रसार गर्न, जुलुसमा भाग लिन वा कसैको लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

७४. **राजनीतिमा भाग लिन नहुने:** सशस्त्र प्रहरी कर्मचारीले कुनै राजनीतिक दल वा राजनीतिक दलसँग आबद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन, त्यस्ता दल वा सङ्गठनलाई चन्दा दिन वा अन्य कुनै राजनीतिक गतिविधिमा भाग लिन हुँदैन।

७५. **बाहिरी प्रभाव पार्न नहुने:** सशस्त्र प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफू भन्दा माथिका अधिकृत वा अधिकारी माथि कुनै अनुचित प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन।

७६. **बालबालिकामैत्री र लैङ्गिक विषयमा संवेदनशील हुनु पर्ने:** सशस्त्र प्रहरी कर्मचारी बालबालिकामैत्री तथा लैङ्गिक संवेदनशील हुनु पर्नेछ।

७७. **हातपात वा जोरजुलुम गर्न नहुने:** सशस्त्र प्रहरी कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहत सशस्त्र प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन।

७८. **यातना दिन नहुने:** सशस्त्र प्रहरी कर्मचारीले कुनै पनि कार्य गर्दा कसैलाई पनि यातना दिनु हुँदैन।

७९. **प्रदर्शन र हड्ताल गर्न नहुने:** (१) सशस्त्र प्रहरी कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन,


नेपाल सरकार
गृह मन्त्रालय
गृह मन्त्री

थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

(२) उपदफा (१) विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय सजाय गरी क्षतिपूर्ति समेत भराइनेछ।

८०. **प्रतिनिधित्व गर्न नहुने:** सशस्त्र प्रहरी कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन।

८१. **घरायसी कामकाजमा खटाउन वा लगाउन नहुने:** सशस्त्र प्रहरी कर्मचारीलाई प्रचलित कानून बमोजिम कुनै व्यक्तिको सुरक्षाको प्रयोजनको लागि खटाउन बाहेक कसैको घरायसी कामकाज गर्ने प्रयोजनको लागि खटाउन वा लगाउन हुँदैन र कुनै सशस्त्र प्रहरी कर्मचारी त्यस्तो कामको लागि खटिन हुँदैन।

८२. **पारिवारिक उत्तरदायित्वबाट विमुख हुन नहुने:** सशस्त्र प्रहरी कर्मचारी आफूले कानून बमोजिम पालनपोषण तथा रेखदेख गर्नुपर्ने बाबु, आमा, पति, पत्नी र नाबालक छोराछोरी प्रतिको उत्तरदायित्व वहनबाट विमुख हुनु हुदैन।

८३. **यौनजन्य दुर्व्यवहार गर्न नहुने:** सशस्त्र प्रहरी कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु गराउनु हुँदैन।

८४. **स्थायी आवासीय अनुमति लिन नहुने:** (१) सशस्त्र प्रहरी कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिन हुँदैन।

(२) कुनै सशस्त्र प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले तिस दिन भित्र सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिमको विवरण पेस गर्नु पर्नेछः-

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रधान कार्यालयमा पठाउनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनु अघि कुनै सशस्त्र प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेको भएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीले यो ऐन प्रारम्भ भएको मितिले साठी दिन भित्र आफू कार्यरत कार्यालयमा सोको विवरण पेस गर्नु पर्नेछ।

८५. **अन्य आचरण:** सशस्त्र प्रहरी कर्मचारीले तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ।

८६. **सशस्त्र प्रहरी मर्यादापालक एकाइ:** (१) यस परिच्छेद बमोजिमका आचरण विपरीतको कार्यलाई नियन्त्रण गरी सशस्त्र प्रहरी कर्मचारीले अनुशासन कायम गर्न प्रधान कार्यालयमा एक सशस्त्र प्रहरी मर्यादापालक एकाइ रहनेछ।

(२) उपदफा (१) बमोजिमको मर्यादापालक एकाइ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

नेपाल सरकार गृह मन्त्रालय



गृह मन्त्री

## परिच्छेद -१०
## विभागीय सजाय र पुनरावेदन

८७. **विभागीय सजायः** उचित र पर्याप्त कारण भएमा सशस्त्र प्रहरी कर्मचारीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछः-

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(३) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा स्तर वृद्धि रोक्का गर्ने,

(४) बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने,

(५) खाइपाई आएको बढीमा पाँच तलब वृद्धि घटुवा गर्ने,

(६) हालको पदको ज्येष्ठता सहित खाइपाई आएको शुरु तलव स्केलमा घटुवा गर्ने,

(७) तल्लो पद वा स्तरमा घटुवा गर्ने।

(ख) विशेष सजायः

(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

८८. **नसिहत दिने वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्नेः** देहायको कुनै अवस्थामा सशस्त्र प्रहरी कर्मचारीलाई नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्न सकिनेछः-

(क) कार्यसम्पादन सन्तोषजनक नभएमा,

(ख) तालिममा खटाउँदा नगएमा वा तालिम अवधिमा लापरबाही गरी गैरजिम्मेवारपूर्ण व्यवहार देखाएमा,

(ग) ड्युटीको समयमा मादक पदार्थ सेवन गरेमा वा मादक पदार्थ सेवन गरी ड्युटीमा आएमा,

(घ) रासन व्यवस्थापनको जिम्मेवारीमा रहेको व्यक्तिले जिम्मेवारी पूरा नगरेमा,

(ङ) सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका वखत मनासिब आधार र कारण बेगर बाटाका म्यादभित्र सम्बन्धित कार्यालयमा हाजिर हुन नगएमा,

(च) दफा ९१ को उपदफा (२) को खण्ड (क) र दफा १०४ मा उल्लिखित कसूर बाहेक अन्य कुनै कसूरमा दोषी ठहर भई जरिबाना तोकिएमा,



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

(छ) दफा ६४, ६५, ६७, ७०, ७१, ७६ वा ८२ मा उल्लिखित आचरण उल्लङ्घन गरेमा।

८९. **<u>बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म स्तर वृद्धि रोक्का गर्ने वा बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने:</u>** देहायको कुनै अवस्थामा सशस्त्र प्रहरी कर्मचारीलाई बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच वर्षसम्म स्तरवृद्धि रोक्का गर्न वा बढीमा पाँच तलब वृद्धि रोक्का गर्न सकिनेछः-

(क) आफूले सम्पादन गर्नु पर्ने काम कारबाहीमा लापरबाही गरेमा,

(ख) यस ऐन वा अन्य प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ग) माथिल्लो पदको अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(घ) जिम्मेवारीबाट अलग हुँदा बरबुझारथ नगरेमा,

(ङ) सरकारी सवारी साधनको दुरुपयोग गरी हानी नोक्सानी गरेमा,

(च) दफा ८८ बमोजिम सजाय पाएकोमा सोही पदमा रहँदा सोही दफा बमोजिमको काम गरेमा,

(छ) दफा ९१ को उपदफा (२) को खण्ड (क) र दफा १०४ मा उल्लिखित कसूर बाहेक प्रचलित कानून बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई छ महिनासम्म कैद सजाय तोकिएमा,

(ज) दफा ८८, ९० र ९१ बमोजिम सजाय हुने बाहेक अन्य आचरण उल्लङ्घन गरेमा।

९०. **<u>खाइपाई आएको बढीमा पाँच तलब वृद्धि घटुवा गर्ने वा हालको पदको ज्येष्ठता सहित सुरु तलव स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने वा तल्लो स्तरमा घटुवा गर्ने:</u>** देहायको अवस्थामा कुनै सशस्त्र प्रहरी कर्मचारीलाई निजले खाइपाई आएको बढीमा पाँच तलब वृद्धि घटुवा गर्न वा हालको पदको ज्येष्ठता सहित शुरु तलब स्केलमा घटुवा गर्न वा हालको पद भन्दा तल्लो पदमा घटुवा गर्न वा तल्लो स्तरमा घटुवा गर्न सकिनेछः-

(क) अनुशासनहीन काम गरेमा,

(ख) नियुक्ति भएको पाँच वर्ष भित्र नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा,

(ग) मनासिब कारण नभई वा बिदा नलिई अनुपस्थित भएमा वा गैर हाजिर भएमा,

(घ) लापरबाही गरी आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा,

(ङ) कार्यालयको जिम्मामा रहेको जिन्सी सामान बिगारेमा वा टुटफुट गरेमा,

(च) मानवअधिकारको उल्लङ्घन वा लैङ्गिक हिंसा हुने कार्य गरेको भनी अदालतबाट जरिवाना भएमा,

(छ) दफा ८९ बमोजिम सजाय पाएकोमा सोही पदमा रहँदा सोही दफा बमोजिमको काम गरेमा,

(ज) दफा ९१ को उपदफा (२) को खण्ड (क) र दफा १०४ मा उल्लिखित कसूर बाहेक प्रचलित कानून बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई छ महिना भन्दा बढी एक वर्षसम्म कैद सजाय तोकिएमा,

(झ) दफा ६९ वा ७२ मा उल्लिखित आचरण उल्लङ्घन गरेमा।

९१. **<u>सेवाबाट हटाउने वा बर्खास्त गर्नेः</u>** (१) देहायको कुनै अवस्थामा सशस्त्र प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) विशेष परिचालनमा खटिएको अवस्थामा मादक पदार्थ सेवन गरेमा,

(ख) राजनीतिमा भाग लिएमा,

(ग) बिदा स्वीकृत नगराई लगातार तिस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(घ) मानवअधिकारको उल्लङ्घन वा लैङ्गिक हिंसा हुने कार्य गरेको भनी अदालतबाट कैद सजाय भएमा,

(ङ) नेपाल सरकारबाट मनोनयन भई वा निजी प्रयासमा तालिम, अध्ययन वा अन्य प्रयोजनका लागि विदेशमा गएकोमा कार्य सम्पन्न गरी तिस दिनभित्र हाजिर हुन नआएमा वा अध्ययन पूरा गरी तोकिएको अवधिसम्म सेवा नगरेमा,

(च) दफा ९० बमोजिम सजाय पाएकोमा सोही पदमा रहँदा सोही दफा बमोजिमको काम गरेमा,

(छ) उपदफा (२) को खण्ड (क) र दफा १०४ मा उल्लिखित कसूर बाहेकका अन्य कुनै फौजदारी कसूरमा दोषी ठहर भई एक वर्षभन्दा बढी कैद सजाय तोकिएमा,

(ज) दफा ७३, ७४ वा ७९ मा उल्लिखित आचरण उल्लङ्घन गरेमा।

(२) देहायको कुनै अवस्थामा सशस्त्र प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) भ्रष्टाचार, सरकारी वा सार्वजनिक लिखत किर्ते, चोरी, ठगी, राष्ट्रहित विपरीतको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) स्थायी आवासीय अनुमति लिएमा वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएमा,

(ग) सरकारी सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा,

(घ) दफा १०४ बमोजिमको कसूरमा अदालतबाट दोषी ठहर भएमा।

९२. **<u>सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारीः</u>** बिभागीय सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुनेछ।

९३. **<u>हानी नोक्सानी रकम असूल गर्नेः</u>** (१) कुनै सशस्त्र प्रहरी कर्मचारीले यस परिच्छेद बमोजिम विभागीय सजाय हुने कुनै काम गरेको कारण नेपाल सरकार वा सशस्त्र प्रहरी बल, नेपाल सङ्गठन वा अन्य सशस्त्र प्रहरी कर्मचारीलाई कुनै किसिमको हानी नोक्सानी पुग्न गएको रहेछ भने सजायको आदेश दिने अधिकारीले विभागीय सजायको आदेश दिँदा त्यसरी हुन गएको हानी नोक्सानी समेत सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीबाट असुल गर्ने गरी आदेश दिनेछ।

(२) उपदफा (१) बमोजिम असुल उपर भएको रकम नेपाल सरकार तथा सशस्त्र प्रहरी बल, नेपाल सङ्गठनलाई हानी नोक्सानी भएको रहेछ भने प्रचलित कानून बमोजिम हुनेछ र अन्य सशस्त्र प्रहरी कर्मचारीलाई हानी नोक्सानी भएको रहेछ भने पीडित सशस्त्र प्रहरी कर्मचारीलाई शोधभर्ना गरिनेछ।

९४. **<u>निलम्बनः</u>** (१) कुनै सशस्त्र प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको सम्बन्धमा जाँचबुझ गर्नु परेमा अख्तियारवालाले जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ। यसरी निलम्बन गर्दा निलम्बन गर्नुपर्ने आधार र कारण स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधि तीन महिना भन्दा बढी हुने छैन। निलम्बन अवधिमा निज उपरको कारबाहीको किनारा लगाउनु पर्नेछ। सो अवधिमा कारबाही किनारा नलगाएमा वा निलम्बन रहेकै अवस्थामा कुनै सशस्त्र प्रहरी कर्मचारी नोकरीबाट अनिवार्य अवकाश पाएमा वा मृत्यु भएमा निज उपरको निलम्बन स्वतः फुकुवा हुनेछ।

(३) कुनै सशस्त्र प्रहरी कर्मचारी कुनै फौजदारी अभियोगमा वा यस ऐन अन्तर्गतको कसूरमा गिरफ्तार भई थुनामा रहेमा त्यसरी थुनिएको अवधिभर र दफा ९१ को उपदफा (२) को खण्ड (क) वा दफा १०४ बमोजिमको कसूर सम्बन्धी अभियोगमा मुद्दा दायर भएमा त्यस्तो मुद्दा फैसला नभएसम्म स्वतः निलम्बनमा रहनेछ।

(४) उपदफा (३) बमोजिम स्वतः निलम्बन भएकोमा अधिकृतको हकमा प्रधान कार्यालयले र अन्य सशस्त्र प्रहरी कर्मचारीको हकमा निज कार्यरत रहेको कार्यालयले सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीलाई सोको जानकारी गराउनु पर्नेछ।

(५) यस दफा बमोजिम हुने निलम्बन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९५. **<u>निलम्बनको समाप्तिः</u>** कुनै सशस्त्र प्रहरी कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा वा सशस्त्र प्रहरी सेवाबाट हटाइएमा वा दफा ९४ को उपदफा (२) बमोजिमको निलम्बनको अवधि पूरा भएमा वा सोही दफाको उपदफा (३) बमोजिमको अवधि समाप्त भई थुनाबाट मुक्त भएमा निजको निलम्बन समाप्त हुनेछ।

९६. **<u>सफाइको मौका दिनु पर्नेः</u>** (१) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले कुनै सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय सजायको आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारण उल्लेख गरी उचित म्याद दिई सफाइको मौका दिनु पर्नेछ। यसरी मौका दिँदा निज उपर लगाईएको आरोप स्पष्ट



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

किटान गरिएको र प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सफाइको मौका प्राप्त भएमा आरोप लागेको सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीले पनि म्यादभित्र आफ्नो सफाइ पेस गर्नु पर्नेछ। यसरी पेस हुन आएको सफाइलाई सम्बन्धित अधिकारीले गम्भिरतापूर्वक मनन गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय सजायको आदेश दिँदा सफाइको मौका दिनुपर्ने छैनः-

(क) परीक्षणकाल पूरा नहुँदै नियुक्ति बदर गर्नु परेमा,

(ख) दफा ९१ को उपदफा (२) को खण्ड (क) बमोजिमको कसूरमा अदालतबाट कसूरदार ठहरिएमा,

(ग) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएमा, वा

(घ) दफा १०४ बमोजिमको कसूरमा कसूरदार ठहरिएमा।

(४) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले आवश्यक ठानेमा विभागीय जाँचबुझ समिति गठन गरी जाँचबुझ गराई राय सहितको प्रतिवेदन लिन सक्नेछ।

९७. **विभागीय जाँचबुझ समिति गठन गर्न सक्ने:** (१) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले आवश्यक ठानेमा विभागीय जाँचबुझ समिति गठन गरी जाँचबुझ गराई राय सहितको प्रतिवेदन लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विभागीय जाँचबुझ समितिलाई यस ऐन बमोजिम विभागीय जाँचबुझ गरिने कर्मचारी उपर लिखित बयान गराउने, प्रमाण दाखिल गराउने, साक्षी बुझ्ने र अभियोग लागेको सशस्त्र प्रहरी कर्मचारीको रोहवरमा सबुद प्रमाण बुझ्ने अधिकार हुनेछ।

(३) उपदफा (२) बमोजिमको जाँचबुझको काम सकिएपछि विभागीय सजायको आदेश दिन पाउने अधिकारी समक्ष जाँचबुझ समितिले प्रतिवेदन पेस गर्नु पर्नेछ। निजले त्यस्तो प्रतिवेदनमा विभागीय सजाय सम्बन्धी कारण सहितको भएको सवुद प्रमाण समेत पेस गर्नु पर्नेछ।

९८. **विभागीय जाँचबुझ गराउनु नपर्ने:** दफा ९७ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले विभागीय सजाय गर्ने सम्बन्धमा जाँचबुझ गराइ रहनु पर्ने छैनः-

(क) दफा ८७ को खण्ड (क) बमोजिमको सामान्य सजाय गर्नु परेमा,

(ख) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय सजाय गर्नु परेमा,

(ग) दफा १०४ बमोजिमको कसूर वा अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएको आधारमा कुनै सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय सजाय गर्नु परेमा।


नेपाल सरकार गृह मन्त्रालय
गृह मन्त्री

९९. **विशेष सजायको आदेश दिनु अघि स्पष्टीकरण माग गर्नु पर्ने:** (१) विशेष सजायको आदेश दिनु अघि विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दफा ९६ बमोजिम सफाइ पेस गर्न दिएको म्यादभित्र सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीले सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई प्रस्तावित सजाय किन नगर्ने भनी त्यस सम्बन्धमा उचित म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विभागीय सजायको आदेश दिन पाउने अधिकारीले स्पष्टीकरण माग गर्दा दफा ९६ को उपदफा (२) बमोजिम पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यसको कारण पनि खुलाउनु पर्नेछ र दफा ९७ बमोजिम जाँचबुझ गराइएको भए सोको नतिजा समेत उल्लेख गरी प्रस्तावित सजायको औचित्य समेत खुलाई स्पष्टीकरण माग गर्नु पर्नेछ।

१००. **सजाय सम्बन्धी निर्णय गर्ने:** (१) विभागीय सजाय गर्ने सन्दर्भमा सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीले दफा ९६ बमोजिम पेस गरेको सफाइ वा दफा ९९ बमोजिम पेस गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्यादभित्र सफाइ वा स्पष्टीकरण प्राप्त नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले उपलब्ध सबुद प्रमाणको मूल्याङ्कन गरी पन्ध्र दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णयसम्बन्धी जानकारी यथाशीघ्र सम्बन्धित सशस्त्र प्रहरी कर्मचारी र तोकिएको निकायलाई दिनु पर्नेछ।

१०१. **पुनरावेदनः** (१) यस परिच्छेद बमोजिम दिईएको विभागीय सजायको आदेश उपर चित्त नबुझ्ने सशस्त्र प्रहरी कर्मचारीले तोकिएको अधिकारी समक्ष पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको पुनरावेदनमा पुनरावेदन सुन्ने अधिकारीले देहायका कुराको विचार गर्नु पर्नेछः-

(क) विभागीय सजायको आदेशमा आधार लिइएका कुरा प्रमाणित भईसकेको छ वा छैन,

(ख) प्रमाणित भईसकेका कुरा विभागीय सजाय गर्नको लागि पर्याप्त छन् वा छैनन्,

(ग) गरिएको विभागीय सजाय उपयुक्त छ वा छैन।

(३) पुनरावेदन सुन्ने अधिकारीले पुनरावेदकलाई दिइएको सजाय सदर वा बदर गर्ने वा त्यस्तो सजायलाई घटाउने वा बढाउने गरी अन्तिम आदेश दिन सक्नेछ।

(४) विभागीय सजायको निर्णय उपर परेको पुनरावेदनको किनारा बढीमा छ महिना भित्र लगाइ सक्नु पर्नेछ।

(५) यस दफा बमोजिम पुनरावेदन दिने र त्यस्तो पुनरावेदन दर्ता गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

१०२. **सेवाको अन्त्यः** देहायको कुनै अवस्थामा सशस्त्र प्रहरी कर्मचारीको सेवा अन्त्य गर्नुपरेमा अख्तियारवालाले कारण सहितको पर्चा खडा गरी सेवाको अन्त्य गर्न सक्नेछ।

(क) परीक्षणकाल पूरा नहुँदै नियुक्ति बदर गर्नु परेमा,



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

(ख) भागी पत्ता नलागेको वा अरु कुनै कारणले तोकिए बमोजिमको अवधिसम्म सम्पर्क स्थापित गर्न असम्भव भएमा।

१०३. **रकम असुल गर्नेः** सशस्त्र प्रहरी सेवामा जुनसुकै कारणले गैरहाजिर रहेको सशस्त्र प्रहरी कर्मचारीको हकमा निजलाई सेवामा हाजिर गराउँदा वा सेवाबाट हटाउँदा प्रचलित कानून बमोजिम म्याद सूचना जारी गर्दा लाग्ने सरकारी दस्तुर निजबाटै असुल गरिनेछ।

## परिच्छेद-११

## कसूर र सजाय

१०४. **कसूरः** कुनै सशस्त्र प्रहरी कर्मचारीले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा अक्षुण्णतामा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर, बोलेर वा सङ्केतद्वारा वा अरु कुनै किसिमबाट कुनै काम कुरा गरे वा गराएमा,

(ख) सशस्त्र विद्रोहमा सरिक भएमा,

(ग) सरकारी हातहतियार बेचबिखन गरेमा वा गलत मनसायबाट अरु कसैलाई सुम्पिएमा,

(घ) आफू वा अरु कसैको प्रयोगमा वा जिम्मामा रहेको सरकारी हातहतियार खरखजाना लिई भागेमा,

(ङ) आतङ्ककारी गतिविधिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सघाएमा,

(च) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीचको सु-सम्बन्धमा आँच आउने वा सरकारको काम कारबाहीमा घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर, बोलेर वा सङ्केतद्वारा वा अरु कुनै किसिमले कुनै काम कुरा गरे वा गराएमा,

(छ) सार्वजनिक महत्त्वको भवन, संरचना, कार्यालय वा अन्य स्थानमा हुलदङ्गा गरेमा,

(ज) सरकारी धनमाल लुटेमा वा हानी नोक्सानी वा क्षति गरेमा,

(झ) हातहतियारको दुरुपयोग गरेमा वा गम्भिर लापर्बाहीपूर्वक हराएमा वा जानाजानी बिगारेमा,

(ञ) सुरक्षासँग सम्बन्धित संवेदनशील सूचना अनधिकृत व्यक्ति, संस्था वा समूहलाई उपलब्ध गराएमा वा उपलब्ध गराउन प्रयास गरेमा वा अन्य कसैलाइ त्यस्तो गर्न दुरुत्साहन गरेमा,

(ट) आक्रमणकारीले आक्रमण गरेका बखत वा सशस्त्र प्रहरी बल, नेपालको कारबाही चलिरहेको समयमा कायरता देखाई भागेमा वा झुट्टा खबर फैलाएमा,

(ठ) थुनुवा वा कैदीलाई जानी जानी भाग्न दिएमा वा भगाएमा,

(ड) ड्युटीमा रहेको वा नरहेको भए तापनि माथिको दर्जाको सशस्त्र प्रहरी कर्मचारी वा सुरक्षासँग सम्बन्धित अधिकार प्राप्त अन्य अधिकारी भन्ने थाहा पाएपछि वा

थाहा हुने मनासिब आधार हुँदा हुँदै आपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा,

तर ड्युटीमा नरहेको सशस्त्र प्रहरी कर्मचारी वा अधिकारीले ड्युटीमा रहेको सशस्त्र प्रहरी कर्मचारीलाई पदीय कर्तव्य पालना गर्न नदिई बल प्रयोग गरेमा सोको प्रतिरक्षाको लागि ड्युटीमा रहेको सशस्त्र प्रहरी कर्मचारीले बल प्रयोग गरेको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

(ढ) विद्रोहको षड्यन्त्र गरेको थाहा पाएर पनि आफू भन्दा माथिल्लो पदाधिकारीलाई खबर वा सूचना नदिएमा,

(ण) नेपाल सरकारको काम कारबाही प्रति खलल पर्न सक्ने कुनै कार्य गरेमा,

(त) लुट्ने अभिप्रायले कुनै घर वा कुनै ठाउँ भत्काएमा, फोरेमा वा कुनै किसिमले धनमाल लुटेमा वा हानी, नोक्सानी वा क्षति गरेमा,

(थ) आफ्नो जिम्मा वा कमाण्डमा रहेका व्यक्तिको सङ्ख्या वा अवस्था वा आफ्नो जिम्मामा रहेको नगदी वा जिन्सीको सम्बन्धमा आफ्नो कमाण्डरलाई जानाजानी झुट्टो विवरण पेश गरेमा,

(द) फौजी कारबाहीको समयमा कमाण्डरले दिएको आदेश पालना नगरेमा,

(ध) आफ्नो जिम्मामा रहेको सरकारी सवारी साधन वा नगदी वा जिन्सी सामान लापरबाहीपूर्वक हराएमा वा जानी जानी बिगारेमा वा भत्काएमा,

(न) सरकारी सम्पत्ति वा सरसामान लिई भागेमा वा दुरुपयोग गरी राज्यलाई हानी नोक्सानी पुऱ्याएमा,

(प) मादक पदार्थ सेवन गरी हातहतियार सहित कोत, सेन्ट्री वा अन्य ड्युटीमा रहेमा,

(फ) अन्य सशस्त्र प्रहरी कर्मचारीलाई कुटपिट गरेमा,

(ब) सीमा अपराधमा संलग्न रहेमा,

(भ) अर्काको सम्पत्ति वा सामान जबर्जस्ती गरी गैरकानूनी रुपमा लिएमा,

(म) पाँच वर्ष सेवा अवधि नपुग्दै सशस्त्र प्रहरी सेवाबाट भागेमा,

(य) सशस्त्र प्रहरी कर्मचारीले प्राप्त गर्ने राशन बापतको रकममा अनियमितता गरेमा,

(र) धार्मिक, सामाजिक र साँस्कृतिक सद्भाव खलबल्याउने कार्यमा गरेमा।

१०५. **<u>सजायः</u>** (१) कुनै सशस्त्र प्रहरी कर्मचारीले दफा १०४ बमोजिमको कसूर गरेमा कसूरको मात्रा अनुसार देहाय बमोजिमको सजाय हुनेछः-

(क) दफा १०४ को खण्ड (क) देखि खण्ड (ङ) सम्म उल्लिखित कसूर मध्ये कुनै कसूर गरेमा जन्म कैद,

(ख) दफा १०४ को खण्ड (च) देखि खण्ड (ठ) सम्म उल्लिखित कसूर मध्ये कुनै कसूर गरेमा सात वर्षदेखि बाह्र वर्षसम्म कैद र बिगो भएमा बिगो भराई बिगो बमोजिम जरिबाना,

(ग) दफा १०४ को खण्ड (ड) देखि खण्ड (त) सम्म उल्लिखित कसूर मध्ये कुनै कसूर गरेमा पाँच वर्षदेखि सात वर्षसम्म कैद र बिगो भएमा बिगो भराई बिगो बमोजिम जरिबाना,

(घ) दफा १०४ को खण्ड (थ) देखि खण्ड (न) सम्म उल्लिखित कसूर मध्ये कुनै कसूर गरेमा एक वर्षदेखि पाँच वर्षसम्म कैद र बिगो भएमा बिगो भराई बिगो बमोजिम जरिबाना,

(ङ) दफा १०४ को खण्ड (प) देखि खण्ड (र) सम्म उल्लिखित कसूर मध्ये कुनै कसूर गरेमा तीन महिनादेखि एक वर्षसम्म कैद र बिगो भएमा बिगो भराई बिगो बमोजिम जरिबाना।

(२) दफा १०४ मा उल्लिखित कसूरको उद्योग गर्ने सशस्त्र प्रहरी कर्मचारीलाई त्यस्तो कसूर गर्दा हुने सजायको आधा सजाय हुनेछ।

## परिच्छेद-१२
## मुद्दाको अनुसन्धान र दायरी

१०६. **मुद्दाको प्रारम्भिक अनुसन्धानः** (१) दफा १०४ बमोजिमको कसूर भए गरेको वा हुन लागेको कुरा जानकारी हुन आएमा सम्बन्धित सशस्त्र प्रहरी कार्यालयले सो सम्बन्धी प्रतिवेदन सशस्त्र प्रहरी महानिरीक्षक समक्ष दिनु पर्नेछ।

(२) दफा १०४ बमोजिमको कसूरमा कुनै सशस्त्र प्रहरी कार्यालयको प्रमुख संलग्न भएको वा हुन लागेको अवस्थामा सो भन्दा माथिल्लो कार्यालयको प्रमुखले त्यस्तो प्रतिवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको प्रतिवेदन प्राप्त भए पछि सशस्त्र प्रहरी महानिरीक्षकले सो सम्बन्धमा प्रारम्भिक अनुसन्धान गरी प्रतिवेदन पेश गर्न सम्बन्धित सशस्त्र प्रहरी कार्यालयको प्रमुखलाई आदेश दिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरी महानिरीक्षकले त्यस्तो कसूर गरेको वा गर्न लागेको अवस्थामा सो विषयको जानकारी पाउने जुनसुकै व्यक्ति वा अधिकारीले मन्त्रालयको सचिव समक्ष प्रतिवेदन वा जानकारी दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदन वा जानकारी पाए पछि मन्त्रालयको सचिवले सो विषयमा प्रारम्भिक अनुसन्धान गरी प्रतिवेदन पेश गर्न कुनै अधिकारीलाई खटाउन सक्नेछ।

१०७. **अनुसन्धान अधिकृत वा अनुसन्धान समितिः** (१) दफा १०६ बमोजिम भएको प्रारम्भिक अनुसन्धानबाट कुनै सशस्त्र प्रहरी कर्मचारीले दफा १०४ अन्तर्गतको कुनै कसूर गरेको देखिएमा सशस्त्र प्रहरी महानिरीक्षकले सो विषयमा अनुसन्धानको लागि कम्तीमा सशस्त्र प्रहरी निरीक्षक दर्जाको सशस्त्र प्रहरी अधिकृतलाई अनुसन्धान अधिकृतको रुपमा तोक्न वा कम्तीमा सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा अनुसन्धान समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १०६ बमोजिमको प्रारम्भिक अनुसन्धानबाट सशस्त्र प्रहरी महानिरीक्षकले कसूर गरेको सम्बन्धमा अनुसन्धान गर्नु पर्ने भएमा मन्त्रालयको सचिवले मन्त्रालयको प्रतिनिधि समेत रहेको अनुसन्धान समिति गठन गर्नेछ।



गृह मन्त्री

१०८. **अनुसन्धान र मुद्दाको दायरीः** (१) दफा १०७ बमोजिमको अनुसन्धान अधिकृत वा अनुसन्धान समितिले त्यस्तो कसूरको अनुसन्धान गर्दा प्रमाण सङ्कलन गर्ने, पक्राउ गर्ने, खानतलासी गर्ने, कसूरसँग सम्बन्धित कागजात वा अन्य चिजवस्तु बरामद गर्ने, मुचुल्का तयार गर्ने लगायतका काम गर्दा प्रचलित कानून बमोजिम नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा नेपाल प्रहरीलाई भए सरहको अधिकार हुनेछ।

(२) यस दफा बमोजिम अनुसन्धान गर्दा कुनै कसूर सम्बन्धी अभियोग लागेको कुनै सशस्त्र प्रहरी कर्मचारीलाई पक्राउ गर्नु पर्ने भएमा दफा १०७ बमोजिमको अनुसन्धान अधिकृत वा अनुसन्धान समितिले सशस्त्र प्रहरी विशेष अदालतको आदेश लिई पक्राउ पुर्जी दिई पक्राउ गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सशस्त्र प्रहरी कर्मचारीलाई तत्काल पक्राउ गर्नुपर्ने भएमा दफा १०७ बमोजिमको अनुसन्धान अधिकृत वा अनुसन्धान समितिले जरुरी पक्राउ पुर्जी जारी गरी पक्राउ गर्न सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम पक्राउ परेको व्यक्तिलाई दफा १०७ बमोजिमको अनुसन्धान अधिकृत वा अनुसन्धान समितिले चौबिस घण्टाभित्र सशस्त्र प्रहरी विशेष अदालत समक्ष उपस्थित गराउनु पर्नेछ र निजलाई सशस्त्र प्रहरी विशेष अदालतको आदेशले अनुसन्धानको लागि बढीमा साठी दिनसम्म थुनामा राख्न सकिनेछ।

(५) यस दफा बमोजिम अनुसन्धान गर्दा पक्राउ परेको व्यक्तिको बयान गराई मनासिब आधार भएमा तारेखमा राख्न, धरौटी वा जमानत लिई छाड्न वा अनुसन्धान अवधिभर निलम्बन गर्न सकिनेछ।

(६) दफा १०७ बमोजिमको अनुसन्धान अधिकृत वा अनुसन्धान समितिले अनुसन्धान गरी सम्बन्धित जिल्लाको सरकारी वकिलको निर्णय बमोजिम सशस्त्र प्रहरी विशेष अदालतमा मुद्दा दायर गर्नु पर्नेछ।

१०९. **थुनामा राख्न सकिनेः** सशस्त्र प्रहरी विशेष अदालतको आदेश बमोजिम अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्न सकिनेछ।

११०. **नेपाल सरकार वादी हुनेः** सशस्त्र प्रहरी विशेष अदालतमा दायर हुने मुद्दा नेपाल सरकार वादी हुनेछ।

१११. **थुना र कारागार सम्बन्धी व्यवस्थाः** दफा १०९ बमोजिम अभियुक्तलाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राख्नु परेमा वा फैसला बमोजिम कारागारमा राख्नु परेमा नेपालको जुनसुकै कारागारमा पठाउन सक्नेछ।

नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

## परिच्छेद-१३
## सशस्त्र प्रहरी विशेष अदालत

११२. **सशस्त्र प्रहरी विशेष अदालत गठन हुनेः** (१) दफा १०५ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्न देहाय बमोजिमको सशस्त्र प्रहरी विशेष अदालत गठन हुनेछः-

(क) नेपाल सरकारले तोकेको न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत -अध्यक्ष

(ख) सहसचिव, मन्त्रालय -सदस्य

(ग) सशस्त्र प्रहरी महानिरीक्षकले तोकेको कम्तीमा सशस्त्र प्रहरी नायब महानिरीक्षक दर्जाको सशस्त्र प्रहरी अधिकृत -सदस्य

(२) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरी महानिरीक्षक उपर कारबाही गर्नु पर्ने भएमा नेपाल सरकारले तोकेको अन्य कुनै पदाधिकारी वा कर्मचारी सो खण्ड बमोजिमको सदस्यको रुपमा रहनेछ।

(३) उपदफा (१) बमोजिमको सशस्त्र प्रहरी विशेष अदालतको मुकाम काठमाडौं उपत्यकामा रहनेछ।

(४) नेपाल सरकारले सशस्त्र प्रहरी विशेष अदालतमा रहेको मुद्दाको चापको आधारमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी काठमाडौं उपत्यका बाहिर समेत सोही सूचनामा तोकिए बमोजिमको सशस्त्र प्रहरी विशेष अदालत गठन हुने व्यवस्था गर्न सक्नेछ।

११३. **मुद्दा सर्नेः** सशस्त्र प्रहरी ऐन, २०५८ बमोजिमको सशस्त्र प्रहरी विशेष अदालतमा दायर भई निर्णय हुन बाँकी रहेका मुद्दाहरु सशस्त्र प्रहरी विशेष अदालतमा सर्नेछन्।

११४. **मुद्दा किनारा गर्ने अवधिः** सशस्त्र प्रहरी विशेष अदालतले मुद्दामा साक्षी प्रमाण बुझ्ने कार्य समाप्त भएको मितिले सामान्यतया छ महिना भित्र मुद्दाको किनारा गरिसक्नु पर्नेछ।

११५. **सशस्त्र प्रहरी विशेष अदालतको कार्यविधिः** सशस्त्र प्रहरी विशेष अदालतले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गर्नेछ।

११६. **सशस्त्र प्रहरी विशेष अदालतका अध्यक्ष तथा सदस्यको सुविधाः** सशस्त्र प्रहरी विशेष अदालतका अध्यक्ष तथा सदस्यको सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

११७. **पुनरावेदनः** सशस्त्र प्रहरी विशेष अदालतको फैसला उपर चित्त नबुझ्ने पक्षले त्यस्तो फैसलाको जानकारी पाएको मितिले सत्तरी दिनभित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-१४
## विविध

११८. **बिदाः** (१) सशस्त्र प्रहरी कर्मचारीले देहाय बमोजिमका बिदा पाउनेछः-

(क) भैपरी आउने र पर्व बिदा,


नेपाल सरकार गृह मन्त्रालय
गृह मन्त्री

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) मृत्यु संस्कार बिदा,

(ङ) प्रसूति बिदा,

(च) प्रसूति स्याहार बिदा,

(छ) विवाह बिदा,

(ज) सट्टा बिदा,

(झ) अध्ययन बिदा।

(२) बिदा सशस्त्र प्रहरी कर्मचारीको अधिकारको रुपमा नभई सहुलियतको रुपमा रहनेछ।

(३) उपदफा (१) बमोजिमको बिदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११९. **सेवाको सुरक्षाः** कुनै पनि सशस्त्र प्रहरी कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका सर्तमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन र पछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको कुनै सशस्त्र प्रहरी कर्मचारीको उपर्युक्त सेवाका सर्तमा कुनै प्रकारले प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मञ्जूर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन।

तर भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका सशस्त्र प्रहरी कर्मचारीलाई यस दफा बमोजिमको सुविधा दिइने छैन।

१२०. **असल नियतको बचाउः** (१) सशस्त्र प्रहरी कर्मचारीले यो ऐन वा प्रचलित कानून बमोजिम आफूलाई तोकिएको कर्तव्य पालन गर्दा वा आफूलाई प्राप्त अख्तियार प्रयोग गर्दा सशस्त्र प्रहरी विशेष अदालतले दिएको वा जारी गरेको म्याद, सूचना, आदेश वा वारेन्ट तामेल गर्दा असल नियतले गरेको कामको सम्बन्धमा सजायको भागी हुनु वा क्षतिपूर्ति तिर्नु पर्ने छैन र सशस्त्र प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनाको क्रममा इमान्दारीपूर्वक गरेको कुनै सरकारी कामको सम्बन्धमा नेपाल सरकारको स्वीकृति बेगर मुद्दा चल्न सक्ने छैन।

(२) उपदफा (१) बमोजिम कुनै पनि सशस्त्र प्रहरी कर्मचारी उपर मुद्दा चलाउनको लागि फौजदारी मुद्दाको हकमा अख्तियारवालाको अनुमति लिनु पर्नेछ।

(३) कुनै सशस्त्र प्रहरी कर्मचारी सेवामा बहाल रहँदा आफ्नो ओहदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि समेत नेपाल सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउन नेपाल सरकारले स्वीकृति दिएमा निजको प्रतिरक्षा नेपाल सरकारले गर्नेछ।

१२१. **पोशाक, दर्ज्यानी चिन्ह, झण्डा र साङ्गठनिक चिन्हः** (१) सशस्त्र प्रहरी कर्मचारीले तोकिए बमोजिमका पोशाक र दर्ज्यानी चिन्ह लगाई कार्यसम्पादन गर्नु पर्नेछ।

(२) प्रधान कार्यालय र अन्य सशस्त्र प्रहरी कार्यालयले प्रयोग गर्ने झण्डा तथा अन्य साङ्गठनिक चिन्ह तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिमका पोशाक, दर्ज्यानी चिन्ह र अन्य साङ्गठनिक चिन्ह सशस्त्र प्रहरी कर्मचारी बाहेक अरु कसैले प्रयोग गर्न पाउने छैन।

१२२. **तालिम** : (१) सशस्त्र प्रहरी कर्मचारीलाई कार्यकुशल तथा दक्ष तुल्याउन आधारभूत, सेवाकालिन तथा नेतृत्व विकास सम्बन्धी तालिम लगायत प्रधान कार्यालयले तोके बमोजिमका अन्य तालिम प्रदान गरिनेछ।

(२) सशस्त्र प्रहरी सेवाका विभिन्न पदको कार्य प्रकृति र जिम्मेवारी अनुसारको दक्षता र कार्यक्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको कार्यक्रम तर्जुमा, विकास र स्तर निर्धारणका लागि तोकिए बमोजिमको एक सशस्त्र प्रहरी प्रशिक्षण विकास तथा स्तर निर्धारण समिति रहनेछ।

(३) सशस्त्र प्रहरी कर्मचारीलाई दिइने तालिम सम्बन्धी मापदण्ड प्रधान कार्यालयले तोके बमोजिम हुनेछ।

१२३. **एपिएफ कमाण्ड तथा स्टाफ कलेजः** (१) सशस्त्र प्रहरी सेवाका सशस्त्र प्रहरी निरीक्षक र सो भन्दा माथिका पदमा कार्यरत अधिकृतको नेतृत्व विकास गर्न एपिएफ कमाण्ड तथा स्टाफ कलेज रहनेछ।

(२) उपदफा (१) बमोजिमको एपिएफ कमाण्ड तथा स्टाफ कलेजमा एपिएफ कमाण्ड तथा स्टाफ कोर्ष र सिनियर कमाण्ड तथा लिडरसीप तालिम सञ्चालन हुनेछ।

(३) उपदफा (१) बमोजिमको एपिएफ कमाण्ड तथा स्टाफ कलेजको सञ्चालन र तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२४. **सेवा समूह परिवर्तन नगरिनेः** (१) सशस्त्र प्रहरी कर्मचारीलाई अन्य सुरक्षा निकायको सेवामा सेवा परिवर्तन गरिने छैन र अन्य सुरक्षा निकायको सेवाका कर्मचारीलाई सशस्त्र प्रहरी सेवामा प्रवेश गराइने छैन।

(२) सशस्त्र प्रहरी सेवाको कुनै एक समूहमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीलाई निज कार्यरत रहेको समूहबाट अर्को समूहमा समूह परिवर्तन गराइने छैन।

१२५. **सशस्त्र प्रहरी बल कल्याणकारी कोषः** (१) सशस्त्र प्रहरी कर्मचारी र निजका परिवार, सेवा निवृत्त सशस्त्र प्रहरी कर्मचारी र निजका परिवार तथा अमर सशस्त्र प्रहरीका परिवारको कल्याणका लागि एउटा छुट्टै सशस्त्र प्रहरी बल कल्याणकारी कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२६. **स्वास्थ्य बीमा योजना लागू गर्नेः** नेपाल सरकारले सशस्त्र प्रहरी कर्मचारी तथा सशस्त्र प्रहरी कर्मचारीको परिवारका सदस्यको औषधी उपचारका लागि प्रचलित कानून बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषसँग आबद्ध गरी योगदानमा आधारित स्वास्थ्य बीमा योजना लागू गर्नेछ।

१२७. **आवास सुविधाः** (१) नेपाल सरकारले सशस्त्र प्रहरी कर्मचारीलाई जग्गा खरिद तथा आवास निर्माणका लागि सस्तो व्याजदरमा ऋण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) नेपाल सरकारले सशस्त्र प्रहरी कर्मचारीको आवास सुविधाका लागि कर्मचारी सञ्चय कोष वा सामाजिक सुरक्षा कोषसँग आबद्ध गरी आवास कार्यक्रम लागू गर्न सक्नेछ।

१२८. **सवारी सुविधाः** (१) राजपत्राङ्कित प्रथम श्रेणी र सो भन्दा माथिको सशस्त्र प्रहरी अधिकृतलाई तोकिए बमोजिम सवारी साधन सुविधा उपलब्ध गराइनेछ।

(२) नेपाल सरकारले कर्मचारी सञ्चय कोष वा सामाजिक सुरक्षा कोषमा आबद्ध गरी सशस्त्र प्रहरी कर्मचारीका लागि सवारी सुविधा कार्यक्रम लागू गर्न सक्नेछ।

१२९. **पीरमर्का र गुनासो सुनुवाईः** (१) सशस्त्र प्रहरी कर्मचारीले यो ऐन वा प्रचलित कानून वमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदान गरिएका सेवा, सर्त, सुविधा र कर्मचारीसँग सरोकार राख्ने कुनै पनि विषयमा आफूलाई मर्का परेको छ भन्ने लागेमा वा सो विषयमा सम्बन्धित अधिकारी वा निकायलाई जानकारी गराउँदा पनि कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का र गुनासो तोकिएको अधिकारी वा निकाय समक्ष तोकिए बमोजिम राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै सशस्त्र प्रहरी कर्मचारीले गरेको गुनासोको विषयलाई लिएर निजलाई दण्डित वा कारबाही गरिने छैन।

(३) सशस्त्र प्रहरी कर्मचारीको पीरमर्का र गुनासो सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३०. **सशस्त्र प्रहरी कर्मचारी खेलाडीको बढुवाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खेलको माध्यमबाट अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रको मान, प्रतिष्ठा र गौरव बढाउन विशेष योगदान पुर्‍याएका सशस्त्र प्रहरी कर्मचारी खेलाडीको लागि तोकिए बमोजिमको विशेष दरबन्दी सिर्जना गरी एक तह माथिको पदमा बढुवा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको विशेष पद वा विशेष दरबन्दी सिर्जना गर्ने आधार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३१. **सशस्त्र प्रहरी कर्मचारीको अभिलेख व्यवस्थापनः** (१) सशस्त्र प्रहरी कर्मचारीको अभिलेख व्यवस्थापन राष्ट्रिय किताबखानाले गर्नेछ।

(२) सशस्त्र प्रहरी कर्मचारीको अभिलेख व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३२. **विषय विज्ञको सेवा लिन सकिनेः** (१) प्रधान कार्यालयले सुरक्षा, कानून, अध्ययन अन्वेषण र प्राविधिक विषयमा विषय विज्ञको सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विषय विज्ञको सेवा लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३३. **अवकाश प्राप्त कर्मचारीलाई काममा लगाउन सकिनेः** (१) नेपालमा कुनै कारणले विशेष परिस्थिति



नेपाल सरकार गृह मन्त्रालय
गृह मन्त्री

सिर्जना भई शान्ति सुव्यवस्थामा खलल पुगेमा, संकटकाल घोषणा भएमा, विपद्, महामारी वा अन्य कुनैपनि कारणले शान्ति सुरक्षा वा निर्वाचन वा उद्धार कार्यको लागि सुरक्षाकर्मी परिचालन गर्न सशस्त्र प्रहरी सेवाको मौजुदा जनशक्ति पर्याप्त नभएमा निवृत्तिभरण प्राप्त गरी अवकाश भएका सशस्त्र प्रहरी कर्मचारीलाई प्रधान कार्यालयको सिफारिसमा मन्त्रालयले काममा लगाउन सक्नेछ।

(२) अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीले प्रचलित कानून विपरीत कार्य गरेमा वा पदमा रहँदा जानकारी भएको सुरक्षासँग सम्बन्धित गोप्य सूचना वा सरकारी सूचना सामाजिक सञ्जालको दुरुपयोग गरी वा अन्य कुनै माध्यमद्धारा चुहावट गर्ने कार्य गरी नेपाल सरकार वा सशस्त्र प्रहरी बल, नेपालको विरुद्धमा अनुचित भ्रम सिर्जना गरेमा निजले लिएको सुविधा घटाउन वा सुविधाबाट वञ्चित गर्न सक्नेछ।

(३) अवकाश प्राप्त कर्मचारीलाई काममा लगाउन सकिने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३४. **प्रयोग नहुने सामानको व्यवस्थापनः** (१) सशस्त्र प्रहरीमा विभिन्न स्रोतबाट प्राप्त भई विभिन्न तालिम, चाँदमारी, सशस्त्र प्रहरी कारबाही लगायतका प्रयोजनमा प्रयोग भएका वा मर्मत गर्दा समेत काममा प्रयोग हुन नसक्ने तथा मर्मत गर्दा खरिद लागत भन्दा बढी मुल्य पर्न जाने गोलिगठ्ठा वा अन्य नियन्त्रित सामान सडाउन, गलाउन, मिन्हा दिन, लिलाम गर्न वा धुल्याउन तोकिए बमोजिमको समितिको सिफारिसमा सशस्त्र प्रहरी महानिरीक्षकले आदेश दिन सक्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "नियन्त्रित सामान" भन्नाले सशस्त्र प्रहरी बल, नेपालको हातहतियार, गोलीगठ्ठा, असबाबका सामान तथा खरखजाना सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले समय समयमा नियन्त्रित सामान भनी तोकिदिएको अन्य सामानलाई समेत जनाउँछ।

(२) कार्यालयमा रहेका नियन्त्रित सामान बाहेकका गलाउनु, धुल्याउनु वा सडाउनु पर्ने कागजात लगायत अन्य सामानहरू उपदफा (१) बमोजिमको समितिको सिफारिसमा सशस्त्र प्रहरी महानिरीक्षकले दिएको आदेश बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम सामान व्यवस्थापन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३५. **अन्तर्राष्ट्रिय शान्ति स्थापना र क्षेत्रीय प्रहरी सङ्गठनमा सहभागिताः** (१) अन्तर्राष्ट्रिय शान्ति स्थापनामा सशस्त्र प्रहरी बल, नेपालको सहभागिता हुनेछ।

(२) सशस्त्र प्रहरी बल, नेपालले अन्तर्राष्ट्रिय आतंकवाद, बहुराष्ट्रिय प्रकृतिका अपराध तथा सीमा अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानका लागि स्थापना भएका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय लगायतका प्रहरी सङ्गठनमा नेपाल सरकारको निर्णय बमोजिम सदस्यको हैसियतले काम गर्न वा बैठकमा सहभागी हुन सक्नेछ।

(३) अन्तर्राष्ट्रिय शान्ति स्थापना र क्षेत्रीय प्रहरी सङ्गठनमा सशस्त्र प्रहरी बल, नेपालको सहभागिता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३६. **ड्युटीमा रहेको मानिनेः** सशस्त्र प्रहरी कर्मचारी जुनसुकै समयमा ड्युटीमा रहेको मानिनेछ र सशस्त्र प्रहरी कर्मचारीलाई सरकारी कामको सिलसिलामा नेपालको कुनै पनि भागमा खटाउन सकिनेछ।

१३७. **<u>सुत्र परिचालन गर्न सक्ने</u>:** सशस्त्र प्रहरी बल, नेपाल परिचालित भएको अवस्थामा शान्ति सुव्यवस्था कायम गर्न, सीमा अपराध तथा अन्य अपराध नियन्त्रण गर्न अन्तर्राष्ट्रिय सीमा क्षेत्र र अन्य संवेदनशिल क्षेत्रमा आवश्यक पर्ने सूचना सङ्कलनको लागि गोप्य रुपमा तोकिए बमोजिम सादा पोसाकमा सूत्र परिचालन गर्न सक्नेछ।

१३८. **<u>केन्द्रिय सुरक्षा समितिः</u>** (१) दफा ७ को उपदफा (१) र (३) तथा  दफा ८ को प्रयोजनको लागि नेपाल सरकारलाई आवश्यक सुझाव दिन देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरु रहेको केन्द्रिय सुरक्षा समिति रहनेछः-

| | |
|---|---|
| (क) गृह मन्त्री वा राज्यमन्त्री | -अध्यक्ष |
| (ख) सचिव, गृह मन्त्रालय | -सदस्य |
| (ग) सचिव, रक्षा मन्त्रालय | -सदस्य |
| (घ) वलाधिकृत, नेपाली सेना | -सदस्य |
| (ङ) प्रहरी महानिरीक्षक | -सदस्य |
| (च) सशस्त्र प्रहरी महानिरीक्षक | -सदस्य |
| (छ) प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग | -सदस्य |
| (ज) सहसचिव, गृह मन्त्रालय | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको केन्द्रिय सुरक्षा समितिको बैठकमा आवश्यकता अनुसार अन्य सम्बन्धित अधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

१३९. **<u>समन्वय समितिः</u>** (१) नेपालभर शान्ति र सुव्यवस्था कायम गर्ने कार्यमा सशस्त्र प्रहरी बल, नेपाल र अन्य प्रहरी सङ्गठनको बिच सामञ्जस्यता ल्याउन र समन्वय गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा सशस्त्र प्रहरी महानिरीक्षक, प्रहरी महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान महानिर्देशक सदस्य रहेको एक समन्वय समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिले सुरक्षासँग सम्बन्धित सुझावहरु राष्ट्रिय सुरक्षा समिति तथा नेपाल सरकारलाई उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समन्वय समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ।

१४०. **<u>मुद्दा चलाउन बाधा नपर्ने</u>:** कुनै सशस्त्र प्रहरी कर्मचारीले यो ऐन वा अन्य प्रचलित कानून बमोजिम कसूर ठहरिने अपराध गरेमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारी उपर विभागीय कारबाही र सजाय भएकै कारणले मात्र यो ऐन वा अन्य प्रचलित कानून बमोजिम निजलाई मुद्दा चलाउन र सजाय गर्नमा बाधा पुऱ्याएको मानिने छैन।

तर यसरी मुद्दा चलाउनु पर्ने भएमा मुद्दा चलाउनु पर्ने कारण सहित प्रधान कार्यालयलाई लिखित जानकारी गराउनु पर्नेछ।

१४१. **<u>अधिकार प्रत्यायोजनः</u>** यो ऐनले कुनै अधिकारीलाई दिएको अधिकार आफ्नो सामान्य रेखदेखमा काम गर्ने गरी निजले आफू मुनिको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर विभागीय सजाय सम्बन्धी कारबाही गर्ने अधिकार प्रत्यायोजन हुने छैन।

१४२. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१४३. **<u>कार्यबिधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेः</u>** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यबिधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

१४४. **<u>खारेजी र बचाउः</u>** (१) सशस्त्र प्रहरी ऐन, २०५८ खारेज गरिएको छ।

(२) सशस्त्र प्रहरी ऐन, २०५८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

<u>सशस्त्र प्रहरी सम्बन्धी विधेयकको अवधारणापत्र</u>

१. <u>नयाँ ऐन बनाउनु पर्ने आवश्यकता :</u>

(क) **संवैधानिक कारणः** (१) नेपालको संविधान, २०७२ को धारा ५१ को (क) (५) बमोजिम राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, बल नेपाल लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यवसायिक, समावेशी र जनउत्तरदायी बनाउने।

(२) नेपालको संविधान, २०७२ को धारा ८८ को उपधारा (१) मा संघमा सशस्त्र प्रहरी बल, नेपालको व्यवस्था भएको । त्यस्तै उपधारा (४) मा सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको।

(ख) **अन्तराष्ट्रिय दायित्वः**

(ग) **सर्वोच्च अदालतको फैसलाः**

(घ) **सरकारको नीति तथा कार्यक्रमः**

(ङ) **अन्य कुनै कारणः** विद्यमान सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ६ मा उल्लेख भएका सशस्त्र प्रहरी बल, नेपाललाई प्राप्त जिम्मेवारी बहन गर्ने क्रममा हालको कानूनी व्यवस्था अस्पष्ट र अपुर्ण रहेको हुँदा उल्लेखित जिम्मेवारी एवं नेपाल सरकारबाट पटक-पटक थप भएका जिम्मेवारीहरु समेत समावेश गरी देहायका जिम्मेवारीहरुमा स्पष्ट कानूनी व्यवस्था हुन आवश्यक देखिएको र सोको लागि विद्यमान ऐन परिमार्जन गर्नुपर्ने ।

(१) सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुको सेवा, सर्त र सुविधा सम्बन्धी विद्यमान सशस्त्र प्रहरी ऐन, २०५८ मा भएका व्यवस्थाहरुलाई समसामयिक रुपमा व्यवस्थित र परिमार्जन गर्नु पर्ने ।

(२) सीमा सुरक्षा सम्बन्धी कायदिशलाई कार्यान्वयन गर्न, सीमा स्तम्भहरुको सुरक्षा र सीमा क्षेत्रमा हुने सीमा अपराधको नियन्त्रण गरी नेपालमा शान्ति सु-व्यवस्था कायम राख्न सशस्त्र प्रहरी बल, नेपाललाई सीमा क्षेत्रमा प्रभावकारी परिचालन गर्न ।

(३) सशस्त्र विद्रोह, सशस्त्र संघर्ष, पृथकतावादी गतिविधि तथा आतंककारी गतिविधि नियन्त्रण, हुल तथा दंगा नियन्त्रण र व्यवस्थापनमा सशस्त्र प्रहरी बल, नेपालका कर्मचारीलाई प्रभावकारी परिचालन गर्न।

(४) प्राकृतिक तथा मानव सृजित प्रकोप र महामारीको बखत पिडितको उद्धार, सहयोग र व्यवस्थापनमा परिचालन गर्न, कुनैपनि नागरिक वा अरु कसैलाई अपहरण गरिएमा तथा बन्धक बनाएमा सोको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भिर अपराध घटेमा वा गम्भिर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण र व्यवस्थापन गर्न।

(५) नेपाल सरकारले तोकेको महत्वपूर्ण प्रतिष्ठान, सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा, अन्तराष्ट्रिय विमानस्थलको सुरक्षा, औद्योगिक क्षेत्र (करिडोर) हरुको सुरक्षा, रेल्वे सुरक्षा, भन्सार सुरक्षा एवं राजश्व सुरक्षा, नेपाल सरकारको राष्ट्रिय गौरवका आयोजना लगायत महत्वपूर्ण प्रतिष्ठान, राजमार्ग, भवन, स्थल, व्यक्ति आदिको सुरक्षा गर्न।

२. <u>नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि</u>: सशस्त्र प्रहरी कर्मचारीहरुको सेवा, सर्त र सुविधाहरु अन्य सरकारी निकाय सरह परिमार्जित र व्यवस्थित हुने साथै सशस्त्र प्रहरी बल, नेपाललाई प्राप्त जिम्मेवारी निर्वाह गर्न स्पष्ट कानूनी व्यवस्थाको अभावमा अन्य सुरक्षा निकायहरुको जिम्मेवारीको कार्यक्षेत्रमा भएको दोहोरोपन र द्बिविधाहरु हटी कानूनी रुपमा नै सशस्त्र प्रहरी बल, नेपालका कर्मचारीहरुको काम, कर्तव्य र अधिकार स्पष्ट हुन गई नेपाल सरकारको उद्देश्य प्राप्तीमा प्रभावकारीता आउने ।

३. <u>प्रस्तावित विषयमा मौजुदा कानून भए</u> :

(क) ऐनको नामः सशस्त्र प्रहरी ऐन, २०५८

(ख) नियमावलीको नामः सशस्त्र प्रहरी नियमावली, २०७२

(ग) गठन आदेशको नामः सशस्त्र प्रहरी अध्यादेश, २०५७

४. <u>मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारण</u>:

५. <u>प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि **(Method)** बाट तर्जुमा भएको हो</u> :

६. <u>नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारी</u> : सशस्त्र प्रहरी बल, नेपालको संचालन सम्बन्धी व्यवस्था गर्न बनेको ऐनको प्रास्तावित मस्यौदा उपर छलफल गर्ने प्रयोजनको लागि ।

नेपाल सरकार गृह मन्त्रालय

७. <u>प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तराष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नाम</u>ः

८. <u>प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भइ कानून निर्माण सम्बन्धमा कुनै सुझाब दिएको भए त्यसको संक्षिप्त व्यहोरा</u>ः विद्यमान कानूनी व्यवस्था अनुसार कार्यक्षेत्रमा परिचालन भई जिम्मेवारीहरु निर्वाह गर्दा कतिपय अवस्थामा कानूनी रुपमा स्पष्ट नभएको तर शान्ति सुरक्षा कायम गर्न दैनिक रुपमा परिचालन हुनुपर्ने कारण सशस्त्र प्रहरी बल, नेपालका कर्मचारीहरुबाट कर्तव्य निर्वाहको क्रममा गरिएका कार्यहरु उपर कानूनी प्रश्न उब्जिने र असल नियतले गरेको कार्यमा समेत कतिपय अवस्थामा न्यायिक, अर्धन्यायिक तथा संवैधानिक निकायहरुबाट विभागीय सजाय वा प्रचलित नेपाल कानून बमोजिमका सामान्य सजायहरु गर्ने गरी सिफारिस भई आउने कारण कर्तव्य निर्वाहको क्रममा खटिने सुरक्षाकर्मीहरुको मनोबलमा कमजोर हुने र सोही कारण फिल्ड तहका अधिकृत तथा कर्मचारीहरुबाट स्पष्ट कानूनी व्यवस्थाको बारेमा हुने गरेको गुनासो, सुरक्षा निकायहरु विचको असमझदारी एवं सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयमा हुने परामर्श समिति, बरिष्ठ अधिकृत सम्मेलनहरुबाट प्राप्त सुझावहरुको आधारमा विद्यमान ऐनलाई समसामयिक रुपमा परिस्कृत र परिमार्जन गरी स्पष्ट कानूनी व्यवस्था सहितको ऐन बनाई लागु गर्न आवश्यक रहेको ।

९. <u>प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार</u>ः सशस्त्र प्रहरी बल, नेपालका कर्मचारीहरुको अधिकांश सेवा, सर्त र सुविधाहरु हाल विद्यमान सशस्त्र प्रहरी नियमावली, २०७२ मा व्यवस्था भएको कारण कर्मचारीहरुको सेवा, सर्त र सुविधाहरुका विषयहरुलाई समसामयिक रुपमा अन्य नेपाल सरकारका निकायहरुमा कार्यरत सरकारी कर्मचारीहरुले प्राप्त गर्ने सुविधाहरु समान रुपमा उपलब्ध हुने गरी ऐनको मस्यौदामा समावेश गर्दा आर्थिक व्यावभार पर्न सक्ने तर मस्यौदाको क्रममा एकमुष्ट रुपमा व्ययभार एकिन गर्न नसकिने ।

१०. <u>प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने</u>ः प्रस्तावित कानून कार्यान्वयन गर्दा सशस्त्र प्रहरी बल, नेपाललाई प्राप्त जिम्मेवारीहरु कार्यान्वयन गर्दा थप संरचना आवश्यक पर्ने।

११. <u>प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको</u>: सशस्त्र प्रहरी बल, नेपालको संचालन सम्बन्धी व्यवस्था गर्न बनेको ऐनको प्रास्तावित मस्यौदा निर्माण गर्न हालसम्म कुनै परामर्श वा सहमति प्राप्त नभएको र उक्त मस्यौदा तयार गर्न तत्काल नेपाल सरकार (मन्त्रिपरिषद्) को सहमती आवश्यक रहेको साथै ऐन निर्माणको चरणमा लोक



नेपाल सरकार
गृह मन्त्रालय

सेवा आयोग, अर्थ मन्त्रालय, कानून मन्त्रालय र सरोकारवाला अन्य निकायहरु समेतको परामर्श र सहमति आवश्यक रहने ।

१२. <u>प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरु</u>:

(क) सशस्त्र प्रहरी बल, नेपालका कर्मचारीहरुको सेवा, सर्त र सुविधा,

(ख) सशस्त्र प्रहरी बल, नेपाल सेवामा रहने श्रेणी र पद,

(ग) सङ्गठन संरचना,

(घ) सशस्त्र प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार,

(ङ) सशस्त्र प्रहरी कर्मचारीको आचरण सम्बन्धी व्यवस्था,

(च) विभागीय सजाय र पुनरावेदन सम्बन्धी,

(छ) सशस्त्र प्रहरी विशेष अदालत सम्बन्धी व्यवस्था,

(ज) अन्तर्राष्ट्रिय सीमा सुरक्षा सम्बन्धी व्यवस्था,

(झ) सशस्त्र प्रहरी बल, नेपालको मुख्य जिम्मेवारी र अधिकार।

नेपाल सरकार
गृह मन्त्रालय